# १. पृष्ठभूमि (Background)

एक्काइसौं शताब्दीमा सूचना प्रविधिले निकै अग्रगामी फड्को मारिसकेको छ । विश्वको एक कुनाबाट अर्को कुनासम्ममा सञ्चार माध्यम मार्फत समाचार सम्प्रेषण खासै गर्न केही समय पनि लाग्दैन । सञ्चारमाध्यमको द्रुत्तर विकासका कारण नै पश्चिमी भूगोलमा घटेका घटना पूर्वीय भूगोलका मानिसले कोठामा नै बसेर विभिन्न माध्यमहरू जस्तै रेडियो, अखवार, टेलिभिजन, इमेल, इन्टरनेट आदि मार्फत यथार्थ सूचना, जानकारी, सन्देशको जानकारी पाउन सक्छन् । सञ्चारको यस्तो अभूतपूर्व विकास एकैचोटी भएको चाहि कदापि  होइन । आदिमयुगमा ढोल पिट्दै सञ्चार संवाहनका शुरुवात गरिएको थियो । चेतना अभिवृद्धि र समयको परिवर्तन संगसंगै सञ्चारको पनि कमश संस्थागत रुपमा विकास भएको पाइन्छ । यसलाई सहज र सुलभ तरिकाले प्रयोगमा ल्याउन बिभिन्न माध्यमहरूको क्रमिक रूपले विकास भएको छ । अहिले प्रचलनमा आएको रेडियो, टेलिभिजन, इमेल, इन्टरनेट पनि यसैका स्वरूप हुन् । सञ्चार माध्यमको विकास संगसंगै माध्यमका प्रयोगवाट उपभोगकर्ताको अभिरुचिप्रति पनि ध्यान दिन थालियो । यस अनुरूप उनीहरूको इच्छा र रुचि अनुसारको सामग्रीहरूले पनि सञ्चार माध्यममा प्राथमिकता पाउन थाल्यो ।

मूलतया सञ्चार भन्नाले विभिन्न ठाउँमा घटित घटनाहरूको बारेमा अर्को ठाउँका मानिसहरूलाई जानकारी गराउने पद्धति भन्ने बुझिन्छ । यस अनुसार कुनै पनि सूचना, सन्देश वा जानकारी निर्वाद रुपमा आदान प्रदान गर्नु नै सञ्चार हो । “साधारण अर्थमा एक व्यक्तिबाट अर्को व्यक्तिसम्म संकेत, वोली, लिपी वा अन्य कुनै प्रकारले विचार, धारणा एवं जानकारी पुऱ्याउने कामलाई सञ्चार भनिन्छ । एक व्यक्तिभन्दा बढी असीमीत जनसमुदायका लागि कुनै माध्यमको सहायताद्वारा कुनै पनि विषयवस्तुलाई सन्देशको रूपमा प्रसारण, प्रक्षेपण गरिन्छ । तब यस्तो प्रक्रियालाई आमसञ्चार वा जनसञ्चार भनिन्छ ।[१]  सञ्चार सम्वन्धमा विभिन्न

[१] *पत्रकारिता हाते किताव*- नेपाल प्रेस इन्स्टिच्यूट, संस्करण पहिलो भाद, २०५१, पेज १०

विद्धानहरूका आ-आफ्नै धारणा तथा विचार छुट्टै रहेको छ । बर्नाड (Barnard) का अनुसार सूचनाको माध्यमद्वारा मानिस वीच एक आपसमा आवद्ध गर्ने माध्यमलाई सञ्चार भनिन्छ । ("Communication is the means by which people are linked together in an organization to achieve a common purpose.") म्याकक्विल अनुसार सञ्चार अध्ययनको अत्यावश्यक उपकरण हो र आम शिक्षाको पूर्वाधार हो ।[२] विभिन्न विद्धानहरूले छुट्टाछुट्टै राय व्यक्ति गरेता पनि वास्तवमा समाजमा घटेका विभिन्न घटनाहरूको सहि , तथ्य र तत्काल सूचना तथा जानकारी सं्रप्रेषण र ग्रहण गर्नु नै सञ्चार हो । ("The term communication has many different meanings and definitions but the central idea is of a process of intensed commonality or sharing between participants.") वेन्जामिन (Benjamen) का अनुसार संचार अध्ययनको अत्यावश्यक उपकरण र आम शिक्षाको पूर्वाधार हो ।[२] ("Communication is a necessary tool of learming, and prerequisite to mass education") विभिन्न विद्धानहरुले संचार सम्वन्धी छुटा-छुट्टै राय व्यक्त गरेता पनि वास्तवमा समाजमा घटेका विभिन्न घटनाहरुको सहि तथ्य र तत्काल सूचना तथा जानकारी सम्प्रेषण र ग्रहण गर्नु नै संचार हो ।

सञ्चार माध्यमद्वारा नै सबै प्रकारको मानवीय अन्तरक्रियाहरू कायम गरिन्छ । साधारणरूपले बोल्नु र सुन्नु नै सञ्चार हो, जुन एकबाट अर्कोमा जान्छ र एकले गरेको कुरा वा भाव स्पष्ट रूपले वुभ्मदछ । नवुभ्मिएको कुरालाई सञ्चारका रूपमा लिइदैन । त्यसो हुनाले प्रत्येक काम गर्नूको निमित्त मानिसले सञ्चारको सहायता नलिई उसको काम वन्दैन । सञ्चार विना मानव अस्तित्व कायम रहन सक्दैन । त्यसैले मानव जीवनमा सञ्चारले महत्वपूर्ण स्थान ओगटेको हुन्छ । आजको युगलाई सञ्चारको युग मानिन्छ । किन की यसका कारण यो युगमा मानव जातिलाई चारैतिरबाट सञ्चारका माध्यमहरूले घेरिरहेको छ । मानिसले विभिन्न माध्यमबाट

[२] *आम सञ्चार र पत्रकारिता,* निर्मलमणि अधिकारी, प्रकाशक प्रशान्ति पुस्तक भण्डार, संस्करण चौथो २०६३

सञ्चारको प्रयोग गरि सूचना, सन्देश प्राप्त गर्न सक्छन् । यसको प्रयोगबाट नै मानवमा संवेदनशीलता र बौद्धिक स्तर वढ्न महत्वपूर्ण भूमिका खेलेको हुन्छ । सबै सञ्चार माध्यममा प्रभावकारी रुपबाट सूचनाको वितरण गराई धेरै समूहमा एकैपल्ट सञ्चार गराउने अभिप्राय हुन्छ । सञ्चारले सरकार तथा निजी श्रोतवाट जनसमक्ष जानकारी प्रदान गर्नका लागि महत्वपूर्ण भूमिका खेल्दछ । यसरी सरकारका नीति तथा कार्यक्रम उपर जनताद्वारा गरिएको प्रतिक्रियाको फलस्वरुप फेरवदल र परिमार्जन गर्न सहयोग पुग्छ । यसरी सञ्चार समाज वा व्यक्तिका बीचमा अन्तरनिहित विचार वा भावनाहरू एक अर्कामा संप्रेषित गर्ने सूचनाको माध्यमद्वारा गरिने प्रसारण र संचारण विधा हो ।

कुनैपनि राष्ट्रको सञ्चालनविधि सम्वन्धित मुलुकको राज्य व्यवस्था अनुरूप हुन्छ । चाहे सो चिज प्रजातान्त्रिकसमाजवादी, राजतन्त्रात्मक वा निरंकुश व्यवस्था किन नहोस् । 'जुनसुकै राष्ट्रको सञ्चालनको लागि मूल कानुनका रुपमा संविधान नै अभिन्न स्वरुप हुन्छ । संविधानको अभिप्राय सरकारको बनाटको ढाँचा राज्य संयन्त्र संगठनात्मक कुरासंग सम्वन्धित रहन्छ ।[३] 'कुनै पनि राष्ट्रमा संवैधानिक शासन व्यवस्था कायम नभएको खण्डमा अशान्ति, असुविधा एवं अराजकताको स्थिती प्रार्दुभाव हुन्छ । राज्यमा शान्ति, सुरक्षा र सुव्यवस्था कायम गर्नको निमित्त संविधानको आवश्यकता पर्दछ ।[४] राष्ट्र सञ्चालनको लागि अनुकूल गरी बनाइएको मूल कानूनलाई संविधान नै भनिन्छ ।

मुलुकको शासन प्रणालीलाई संविधानले निर्देशन गर्दछ । अतः संविधान त्यो मौलिक स्थिति हो जसमा सरकार तथा नागरिकहरूको शक्ति एवं अधिकारको विश्लेषण गरेको हुन्छ । त्यसैले संविधानले प्रत्यक्ष शासन प्रणालीको व्यवहारिक कदम निर्धारण गर्दछ । बेलायत, अमेरिका, भारत, नेपाल यी राष्ट्रहरू प्रजातान्त्रिक शासन प्रणाली अन्तर्गत अन्तरनिहित राष्ट्र हो । संविधानलाई देशको मुल कानूनको रूपमा मुर्तरूप प्रदान तथा अभ्यस्त गर्ने राष्ट्र भने अमेरिका नै हो । यी राष्ट्रहरूमा

[३] *विश्वका प्रमुख संविधान*- डा. रत्नमल, प्रकाशक रत्नपुस्तक भण्डार, सस्करण पाचौ २०४९ पेज ७
[४] ऐ.ऐ. पेज ६

अमेरिका एक पूर्ण प्रजातान्त्रिक राज्य हुनुका साथै आर्थिक र औद्योगिक दृष्टिले विकसित विश्वको प्रथम शक्ति राष्ट्रको रूपमा मानिन्छ । प्रजातान्त्रिक शासन प्रणालीमा संविधानको महत्वपूर्ण भूमिका कायम हुन्छ । 'प्रत्येक राष्ट्रको संविधानको प्रावधान अनुरूप प्रेस कानून बन्दछ । तदनुसार मुलुकको राजनीतिक व्यवस्था अनुसार प्रेस कानूनमा समेत परिवर्तन हुने गर्दछ । कानूनले ब्यक्तिका अनियन्त्रित क्रियाकलापलाई नियन्त्रण गरी समाजमा अनुशासन कायम गर्न मद्दत पुऱ्याएको हुन्छ ।अन्ततः सामाजिक आचरणलाई उन्मूख गराउन कानून बन्दछ । एउटै परिधि तथा नियममा बाँधिन र त्यस्ता नियमको उल्लङ्घन नगर्न ऐन नियम निर्माण गरेको हुन्छ । यस कदमलाई सम्पूर्ण सम्वन्धित सबैले दायित्व पालना गर्नु पर्ने हुन्छ । यदि सो कार्य नियम ऐन विपरित भएमा कानूनमा उल्लेखित सजाय भोग्नु पर्ने हुन्छ ।

पत्रकारिताका स्वरुप राज्यको चौथो अङ्ग (fourth estate) को रूपमा पहिचानमा लिइन्छ । प्रेसले राज्य सञ्चालन गर्ने गहन जिम्मेवारी बोकेको हुन्छ । यसको फलस्वरूप प्रेसको भूमिका जहिले पनि राज्यप्रति सकारात्मक रूपमा रहेको तथा यसले एउटा पहरेदार (watchdog) को रूपमा राज्यलाई निगरानी गरी डोऱ्याउने कार्य गर्दछ । तसर्थ प्रजातान्त्रिक परिपाटी कायम भएको राष्ट्रमा प्रेस स्वतन्त्र रूपबाट अग्रसर भएको हुन्छ । तर अत्यावधिक स्वतन्त्रताबाट पनि कहिलेकाही अप्ठ्यारो परिस्थिति सृजना पर्ने भएकोले राज्यले यसलाई केहि हदसम्म नियन्त्रित गरेको हुन्छ । सञ्चार माध्यमहरूले कति हदसम्म कुनै पनि समाचार प्रकाशन वा प्रसारण गर्ने अर्थात राज्यलाई पर्ने वा पर्न सक्ने खतराबाट जोगिन तथा त्यसको सुरक्षा गर्नको निमित्त समेत सञ्चार माध्यममाथि रोक लगाइएको हुन्छ ।

स्वतन्त्रता मानिसको नैसर्गिक प्राकृतिक अधिकार हो । स्वतन्त्र शब्दले कसैको पनि नियन्त्रण वा प्रभाव नहुनुलाई जनाउँछ ।[५] 'प्रकृतिले नै मानिसलाई दिएको यो अधिकारलाई खोस्ने अधिकार कसैमा संरक्षित छैन । तर यो अधिकार कर्तव्यविहीन भने हुँदैन । कुनै व्यक्तिले आफ्नो स्वतन्त्रताको उपयोग अर्काको स्वतन्त्रतामा

---

[५] *जिल्ला अदालत सन्दर्भ पुस्तिका सेलर्ड* पेज २

आघात पर्ने गरी गर्न सक्दैन । जे. एस. मिल (J.S. Mill) ले स्वतन्त्रतालाई यसरी पुष्टि गरेका छन् कि यदि कुनै व्यक्ति सारा संसारको विरुद्ध एक्लै उभिन्छ भने पनि मानव जातिले उसलाई चूप लगाउने कुनै अधिकार छैन । ("If a man stands solitary against the world, mankind has no right to silence him.") कसैको पनि विचार वा वाक स्वतन्त्रता त्यस व्यक्तिमा अन्तरनिहित  अधिकार हो । त्यो अधिकारको उपयोग गर्न उ स्वतन्त्र र सार्वभौम हुन्छ । त्यसैले मानिसको स्वतन्त्रताको रक्षा उसको लागि अत्यन्त प्यारो हुन्छ । यहि अवधारणाबाट अभिप्रेरित भएर संविधानमा स्वतन्त्रताको हकलाई संवैधानिक हकको रूपमा स्थापित गरी त्यस्तो हकको उल्लंघन भएमा संवैधानिक उपचार प्राप्त गर्न सक्ने व्यवस्था गरी यसको संवैधानिक प्रत्याभूति गरिएको हो । नियन्त्रण विनाको स्वतन्त्रता र लगाम विनाको घोडा एउटै हो । स्वतन्त्रताको अर्थ स्वच्छन्दता होइन स्वतन्त्रता त मानिसको हृदयमा रहने भावना हो ।[६] 'एक अमेरिकी न्यायाधिशको भनाई छ 'स्वतन्त्रता व्यक्तिको हृदयमा हुन्छ जब यो मर्छ, न कुनै संविधानले, न कुनै कानूनले न कुनै अदालतले त्यसलाई बचाउन सक्दछ ।'[७]  ("Liberty lies in the heart of man and woman when it dies there no constitution, no law, no court can save it.")

विश्वको सन्दर्भमा ऐतिहासिक रूपमा स्वतन्त्रतारहित रहेछ वा रहनेछ, भए के कस्ता प्रकृतिका वन्देजहरू छन् र अदालतको अवहेलना हुने गरी प्रेस स्वतन्त्रताको उपभोग गर्न स्वच्छन्दता प्रदान गरिएको रहेछ । त्यसतर्फ हेर्दा 'प्राचीनकालदेखि नै पश्चिममा विज्ञान र दर्शनको क्षेत्रमा पनि विचारको अभिव्यक्तिको लागि चर्च एवं राज्य दुबैले तथाकथित पुरातनपन्थी विचारसित वाँभिने वा नास्तिक विचार व्यक्त गर्ने युवाहरूलाई भ्रष्ट गर्ने तथा राजद्रोह गर्ने

[६] *संवैधानिक कानून* - राजेश हमाल, टंक प्रसाद दुला, प्रकाशक -सुमित्रा हमाल २०४९ श्रावण पेज २७४
[७] Leered ltaud=*The spirit of liberty*

कार्यलाई नियन्त्रण गरेको पाइन्छ ।'[८] 'तर प्रकाशन पूर्वको वन्देजको विरोध भएपछि Licensing Act, १६६२ लाई सन् १६९४ मा गएर संसदले नविकरण गर्न इन्कार गरेको देखिन्छ । वास्तवमा जानकारी प्राप्त गर्ने, व्यक्त गर्ने र अन्तरआत्माले देखेको कुरामा तर्क गर्न पाउने स्वतन्त्रतालाई शीर्षस्थता प्रदान गर्ने उद्देश्यबाट बेलायतमा पूर्व नियन्त्रणलाई विरोध गरिएको पाइन्छ ।'[९] 'यसैगरी प्रेस स्वतन्त्रताको दुरूपयोग हुनबाट रोक्ने कार्यमा न्यायपालिकाको समेत महत्वपूर्ण भूमिका अन्तरनिहित हुने चिज पनि बेलायतको कानूनी व्यवस्थाले स्वीकारेको देखिन्छ ।

बेलायतको संसदलाई आफ्नो अवहेलनामा कारवाही चलाउने अधिकार भएको र यो कारवाहीबाट प्रेस पनि अछुतो रहन नसक्ने मानिन्छ । अदालतहरू समेतले पनि अदालतहरुको स्वयमका अवहेलना हुने गरी गरिएको प्रकाशनलाई दण्डनीय घोषणा गर्न सक्दछन् । स्वच्छ आलोचना दण्डनीय हुँदैन । तर अदालतको मर्यादामा आँच आउने अतिरन्जितपूर्ण कार्य भने कारवाहीको विषयवस्तु मानिन्छ र त्यसरी गरिने स्वतन्त्रताको दुरूपयोग रोक्न अदालतको कर्तव्य नै मानिन्छ । त्यसरी नै अदालतमा विचाराधिन रहेको मुद्दाको स्वच्छ सुनाई बारे प्रवृत धारणा राखेर प्रकाशित गर्नु पनि अवहेलनापूर्ण कार्य मानिन्छ ।'[१०]

'ती वन्देजहरू विचारको स्वतन्त्र प्रवाहलाई अवरुद्ध गर्नलाई नभएर प्रेस स्वतन्त्रताको दुरूपयोग रोक्न तथा न्यायपालिकाको मर्यादा र त्यसप्रति विद्यमान रहेको जनताको आस्थाको वर्चस्व कायम राख्न सक्रिय हुने गरेको पाइन्छ । 'वेलायती परिप्रेक्ष्यमा संसदले बनाएका ऐनहरूको संवैधानिकता जांच गर्न नसकिने स्थिति भएकोले त्यहाँ प्रेस स्वतन्त्रता भनेको संसदले कानूनबाट निर्धारण गरेको विषय हो र कानूनले निर्धारण गरेका कुनै पनि सीमा प्रेसले उल्लङघन गर्न पाउने देखिदैन । प्रेसले आफूले प्रकाशन गर्न चाहेको चिज प्रकाशित गर्न सक्दछ । तर प्रकाशन पश्चात् उसले कुनै पनि प्रकारको कानून उल्लंङघन गरेको पाइएमा भने कानूनी

---

[८] *आम सञ्चार र कानून*-काशीराज दाहाल पेज ४८५
[९] ऐ.ऐ. पेज ४८५
[१०] ऐ.ऐ. पेज ४८६

कारवाहीको भागिदार बन्नुपर्ने हुन्छ । त्यस्तो प्रकाशनबाट न्यायिक प्रक्रियामा हस्तक्षेप हुन्छ भने अदालतको कारवाहीबाट उन्मुक्त हुन सक्दैन । यति मात्र होईन कुनै सञ्चार माध्यममा प्रकाशित गरिएको विषयवस्तुले कुनै निर्दोष नागरिकको इज्जत वा मर्यादामा आँच आउँछ भने उजुरी परेको अवस्थामा क्षतिपूर्ति तिर्नु पर्ने दायित्वबाट मुक्त हुन सक्दैन । यसको फलस्वरूप समग्र रूपमा हेर्दा बेलायतको कानूनी प्रणाली पनि प्रेस जगतले स्वतन्त्रताको उपभोग बन्देजरहित रूपमा गरेको पाइँदैन । कुनै पनि प्रकाशनबाट अदालतको अवहेलना हुन्छ भने उसलाई कारवाही गर्ने गरेकै पाइन्छ ।'[११]

'अदालती कारवाही प्रक्रियामा रहँदा प्रकाशित समाचारले खतरा पैदा गर्न वा गरेको अवस्थामा अदालतको अवहेलना गरिएको मानिन्छ । विना अनुमति वहस टेप रेकर्डिङ (Tape recording) गरेमा वा अन्य कुनै पनि अवस्थामा अदालतले अवहेलनाको दोष प्रमाणित गरेमा त्यसको सजाँय प्रकाशनले भोग्नु पर्दछ । राष्ट्रिय सुरक्षा बेलायतको सर्वोपरी चासोको विषय हो । यहाँ सरकारले प्रेसमाथि पूर्वनियन्त्रण कायम गर्न सक्छ । अथवा यसनिम्ति प्रेस आफैले सचेतता तथा सावधानी अपनाउनु श्रेयकर मानिन्छ । उदाहरणको लागि प्रतिरक्षाका प्राविधिक पक्षहरू (जनशक्ति, प्रविधी र विधि) को बारेमा सरकारले प्रेसलाई पूर्व सूचना दिएको हुन्छ । तर यसको वावजुद प्रेसले प्रकाशन गरेमा वा राज्यलाई अहित गर्ने वा गरेको प्रमाणित भएमा सो को जिम्मेवारी सम्पादक प्रकाशकले लिनु पर्दछ । यस्तो प्रावधानलाई D-Notice को प्रावधान पनि भनिन्छ । Criminal Justice Act 1925, 1987,1991 एवं Sexual Offerne Act 1076 र 1992 ले पनि बेलायती प्रेस कानूनलाई निर्देशित गरेको पाइन्छ । जस्तै वलात्कार वा जर्वजस्ती करणीको मुद्दामा वादीको विवरण ( मुद्दाको वाहेक) अमर्यादित कथन आदिलाई प्रयोगमा ल्याउन पाइदैन । यसर्थ बेलायतमा मौन मामिलालाई व्यक्तिले विभिन्न दृष्टिकोणबाट व्याख्या गर्दै प्रेसले

[११] *आय सञ्चार र कानून*-काशीराज दाहाल पेज ४८६, ४८७

अमर्यादित तथा अवाञ्छित विवरण दिएमा वा दिएको दोष प्रमाणित भएका दिवानी (क्षतिपूर्ति) अथवा फौजदारी (जेल सजाँय) मध्य कुनै एक प्रकारको सजाँय भोग्नु पर्दछ ।

संयुक्त राज्य अमेरिकाको सन्दर्भमा त्यहाँको संविधानको मूल पाठमा नै वाक प्रकाशन वा प्रेस सम्वन्धी स्वतन्त्रताको उल्लेख गरिएको पाईदैन । उक्त संविधानको पहिलो संशोधनद्वारा प्रदत्त वन्देजरहित वाक स्वतन्त्रता वा प्रेस स्वतन्त्रतालाई चौथो संशोधनबाट अंगीकार गरिएको कानूनको उचित प्रक्रियाको व्याख्या गर्दा त्यस भित्र अमेरिकाको प्रथम र चौथो संशोधनको अध्ययनबाट वाक स्वतन्त्रता निरपेक्ष जस्तो देखिएता पनि वास्तवमा स्थिति त्यस्तो छैन । त्यहाँको अदालतले ती स्वतन्त्रतामाथि सीमाकंन तोकी ती स्वतन्त्रतामाथि निरपेक्ष हुनबाट रोकेर राज्यको प्रहरी शक्ति (Police power) को सिद्धान्तको व्याख्या गरेको पाइन्छ । प्रहरी शक्ति भन्नाले त्यहाँको संघीय संविधानको दशौं संशोधनले राज्यलाई आफ्नो स्थानीय सरकार मार्फत प्रयोग गर्न दिइएको त्यो अख्तियारलाई जनाउँछ । यस अन्तर्गत राज्यहरूले व्यक्तिको स्वतन्त्रतामाथि नियन्त्रण लगाउन तथा त्यसको दुरूपयोगमा कारवाही चलाउन सक्दछ ।'[१२]

'अमेरिकाका कतिपय राज्यका संविधानले अमेरिकी सर्वोच्च अदालतको आशय अनुरूप नै स्वतन्त्रताको निरपेक्षतालाई इन्कार गरेको पाइन्छ । उदाहरणका लागि इलिनोइ (Illinois) राज्यको संविधानको धारा ११(४) मा प्रत्येक व्यक्तिको वोल्ने लेख्ने र प्रकाशन गर्ने अधिकारवाट वञ्चित गर्न पाइने छैन ("Every person who may freely speak, write and publish on all subjects shall be responsible for the abuse of that liberty") यसलाई अंगालेर De Jonge V Orgegon (1937) को मुद्दामा अमेरिकी सर्वोच्च अदालतले प्रेस स्वतन्त्रताको दुरूपयोग गरिन्छ भने राज्यले त्यसलाई रोक्न हस्तक्षेप गर्न सक्ने व्याख्या गरेको छ । त्यस्तो अवस्थामा यद्यपि प्रेस स्वतन्त्रतालाई अपहरण गर्न नसकिएला । तर यस्तो स्वतन्त्रताको दुरूपयोगलाई दण्डनीय बनाई सजाँय गर्न सकिन्छ भन्ने कुरालाई

[१२] आय सञ्चार र कानून-काशीराज दाहाल पेज ४८७

अमेरिकी सर्वोच्च अदालतले सन् १९३५ मा सो मुद्दालाई अंगीकार गरेको पाइन्छ ।'[१३] 'जहाँ अदालतको अवहेलनाको प्रश्न उपस्थित हुन्छ, त्यहाँ अवहेलनामा कारवाही चलाई सजायँ गर्ने अदालतको अन्तरनिहित अधिकारमा कुनै बन्देज लागेको पाइँदैन ।

भारतको सम्बन्धमा सार्वभौमसत्ता तथा अखण्डता, राज्यको सुरक्षा, विदेशी मुलुकसंगको मित्रतापूर्ण सम्वन्ध, सार्वजनिक शान्ति, नैतिकता वा अदालतको मानहानी गर्ने आदि चिजहरूमा मनासिव प्रतिवन्ध लगाउने विद्यमान कानूनको प्रचलन कानून बनाउन सक्ने अधिकार संविधानले प्रदान गरेको छ । जुन संविधानको धारा १९ मा व्यवस्थित प्रावधानका अतिरिक्त अदालतको अवहेलना रोक्नको लागि कानून बनाई मनासिव प्रतिवन्ध लगाउने वा लगाउन सक्ने कुरालाई स्वीकार गरेको छ ।'[१४] 'जुन नेपालको संविधान धारा १२(२)(१) मा व्यवस्थित प्रावधानसंग मिल्दो जुल्दो छ । यहाँ अदालतको अवहेलना रोक्नको लागि कानून बनाई मनासिव प्रतिवन्ध लगाउन सकिने कुरालाई दुबै  संविधानहरूले स्वीकार गरेको पाउँदछौं ।

हाम्रो  संविधानको २०४७ को धारा १२(२)(क) ले विचार तथा अभिव्यक्ति स्वतन्त्रता प्रदान गरेको छ भने धारा १३ ले प्रकाशन स्वतन्त्रताको प्रत्याभूति गरेको छ । यसरी प्रदान गरिएको अधिकारको उल्लंघन भएमा धारा ८८(१) र (२) अन्तर्गत संवैधानिक उपचार प्राप्त गर्न सकिन्छ । तर धारा १२(२) को प्रतिवन्धात्मक वाक्यांशले अदालतको अवहेलना हुने चिजमा स्वतन्त्रता नियन्त्रण गर्न सक्ने व्यवस्था गरेको पाइन्छ र अदालतको मर्यादालाई महत्व दिएको छ भने धारा ५६(२) र (३) मा नेपालको कुनै अदालत समक्ष विचाराधिन रहेको कुनै मुद्दा सम्बन्धी चिजमा संसदमा छलफल गर्न नपाइने र कुनै न्यायाधिशले कर्तव्य पालनको सिलसिलामा गरेको कुनै कार्यको सम्बन्धमा संसदको कुनै सदनमा छलफल गर्न नपाइने गरी अदालतको मर्यादालाई कायम राख्न वाक स्वतन्त्रतामाथि नियन्त्रण गरेको छ । त्यसैगरी संविधानको धारा ८६(२) मा सर्वोच्च अदालतलाई अभिलेख अदालत मानी यसले

[१३] ऐ.ऐ. पेज ४८८
[१४] ऐ.ऐ. ४८९

आफ्नो र आफ्ना मातहतका अदालतहरू वा न्यायिक निकायहरूको अवहेलनामा कारवाही चलाई कानूनले निर्धारण गरे बमोजिम सजाय गर्ने व्यवस्था गरेको छ। '[१५]

नेपाल अधिराज्यको संविधान २०४७ ले राज्यको न्याय सम्वन्धी सम्पूर्ण अधिकार अदालत र न्यायिक निकायलाई सुम्पेको छ । नेपाल अधिराज्यको न्यायिक सम्बन्धी अधिकारका प्रत्यायोजना संविधान तथा अन्य न्यायिक निकायहरूबाट प्रयोग गरिन्छ । वर्तमान संविधानले न्यायपालिकालाई तीन तहको संगठनको रूपमा निर्धारण गरेको छ । सबैभन्दा माथि सर्वोच्च अदालतको व्यवस्था गरिएको छ । त्यसपछि पुनरावेदन अदालत र सबैभन्दा तल्लो तहमा जिल्ला अदालतको व्यवस्था गरेको छ । यसका अतिरिक्त कुनै खास किसिमका मुद्दाहरू निरुपण गर्न कानूनद्वारा विशेष अदालत वा न्यायाधिकरणको स्थापना गर्न सक्ने व्यवस्था पनि छ । न्यायपालिकाको स्वतन्त्रतामा आघात पुऱ्याउने किसिमले कुनै पनि सूचना संप्रेषण गर्न पाईदैन अदालतको कामकारवाहीमा अवरोध पुऱ्याउने, विचाराधिन विषयलाई प्रभाव पार्ने र अदालतको गरिमा र प्रतिष्ठामा आँच पुऱ्याउने सूचना प्रकाशन वा प्रशारण गर्न पाईदैन । यदि गरिन्छ भने त्यो अदालतको अवहेलना (Contempt of Court) मानिन्छ । तर असल नियतले स्वच्छ टिप्पणी (Fair Comment) भने गर्न सकिन्छ । तसर्थ प्रेस स्वतन्त्रता संगसगै त्यसका अर्थात राज्यका व्यवस्था अनुकूल कतिपय अवस्थामा प्रतिवन्ध समेत लगाउन सक्ने गरी कानून निर्माण भएको हुन्छ ।

नेपाल अधिराज्यको सार्वभौमसत्ता, अखण्डता वा विभिन्न जात जाती वा सम्प्रदायहरूका बीचको सु-सम्वन्धमा खलल पार्ने वा राजद्रोह, गाली वेइज्जती वा अदालतको अवहेलना हुने वा अपराध गर्ने दुरुत्साहन दिने वा सार्वजनिक शिष्टाचार वा नैतिकताको प्रतिकूल हुने कार्यमा मुनासिव प्रतिवन्ध लगाउन सक्ने अधिकार धारा १२ (२) को प्रतिवन्धात्मक वाक्यांश खण्ड (१) ले व्यवस्थापिकालाई प्रदान गरेको छ । त्यस प्रश्नमा यसलाई विचार गर्दा वा वुझ्दा यो संविधानले स्वतन्त्रता र त्यसमा

---

[१५] *संवैधानिक कानून*-राजेश हमाल, टंकप्रसाद दुलाल, प्रकाश सुमित्रा हमाल २०४९ श्रावण पेज २७४

लगाइने प्रतिवन्ध दुबैलाई न्यायिक परीक्षण र नियन्त्रण भित्र अख्तियार गरेको पाइन्छ ।

स्वतन्त्रता संगसंगै व्यक्तिको कर्तब्य पश्चात् मात्र उसको अधिकारको प्रश्नहरु देखा पर्दछ । तसर्थ आफ्नो कतर्ब्य जसले सही रुपमा निर्वाह गर्दछ अनि मात्र त्यहाँ अधिकारले स्थान ग्रहण गर्न सक्छ । नियन्त्रण भन्नाले कुनै पनि ब्यक्तिको नैसर्गिक अधिकार हनन हुनु होइन । प्रत्येक राष्ट्रका नागरिकले संविधान तथा प्रचलित नियम कानुन अर्न्तगत आफ्नो स्वतन्त्रताको उपभोग गर्दछन् । त्यसैले अदालतका न्यायधिश र सञ्चारकर्मीले पनि सो अधिकारको प्रयोग गर्नु पाउन पर्दछ । न्यायधिश जस्तो गरिमामय पदमा रहेर समाजमा असर पर्ने कुनै पनि त्यस्तो नकरात्मक कार्य गर्नु हुँदैन जसले गर्दा समाजमा प्रतिकुल प्रभाव पर्न सक्छ । तर न्यायधिश पदेन दुरुपयोग गरी उसले आफ्नो स्वतन्त्रताको अनियन्त्रित प्रयोग भने गर्न हुँदैन । अर्काको अधिकारलाई सीमित गर्ने कार्य उचित ठर्हदैन । तर २०४७ को संविधानको धारा १२ (२) को प्रतिवन्धात्मक वाक्यांशले अदालतको अवहेलना हुने चिजमा स्वतन्त्रता नियन्त्रण गर्न सक्ने व्यवस्था गरेको पाइन्छ र अदालतको मर्यादालाई महत्व दिएको छ भने धारा ५६(२) र (३) मा नेपालको कुनै अदालत समक्ष विचाराधिन रहेको कुनै मुद्दा सम्बन्धी चिजमा संसदमा छलफल गर्न नपाइने र कुनै न्यायाधिशले कर्तव्य पालनको सिलसिलामा गरेको कुनै कार्यको सम्बन्धमा संसदको कुनै सदनमा छलफल गर्न नपाइने गरी अदालतको मर्यादालाई कायम राख्न वाक स्वतन्त्रतामाथि नियन्त्रण गरेको छ । तर २०४७ को संविधानले धेरै जस्तो नसमेटेको चिजहरु अन्तरिम संविधान २०६३ ले समेटेको छ । न्यायसम्बन्धी हक तथा सूचनाको हक सम्बन्धमा स्पष्ट रुपमा अन्तरिम संविधान २०६३ संसोधन भइ व्यवस्थापिका संसदले वनाएको २०६४ अर्न्तगत स्पष्ट रुपमा सूचनामा पहुँच, सूचनादाताको संरक्षण न्याय सम्बन्ध आदिको स्पष्ट रुपमा उल्लेख गरी ऐन निर्माण भएको छ । यसले सञ्चार माध्यममा सूचना प्राप्त गर्ने तथा वितरण गर्ने ब्यक्ति दुबैको संरक्षण प्रदान गरेको छ ।

प्रत्येक ब्यक्ति वा नागरिकले निर्वाद रुपमा  विचार तथा अभिब्यक्ति स्वतन्त्रता प्रदान गर्न पाउनु पर्दछ । त्यसैले न्यायधिश पदमा छु भन्दैमा उसले आफ्नो विचार अनुकूल ब्यक्तिगत कार्य गर्न पाउने अधिकारलाई भने कसैले चोट पु-याउन वा वञ्चित गर्न मिल्दैन । यसरी न्यायधिशले जसरी साधारण ब्यक्तिले आफ्नो अधिकारको प्रयोग गरेको हुन्छ सोही अनुपरुप उसले पनि आफ्नो ब्यक्तिगत अधिकार उपभोग गर्न पाएको हुनु पर्दछ । प्रेसले पनि समाचार संकलन, प्रकाशन, वा प्रसारण कुन हद सम्म गर्ने भन्ने प्रचलित एन कानुनको दायराभित्र सीमावद्ध भएर लागु गर्ने भन्ने वुभ्नुपर्दछ । कुनै पनि प्रेस स्वतन्त्रता विना फस्टाउन सक्दैन । यदि सञ्चार माध्यममा कार्यरत सञ्चारकर्मीहरु स्वयम्ले समाचार संकलन गर्न अंकुश लगाउने हो भने  त्यसले सही रुपमा सूचना, जानकारी, सन्देश वा तथ्य वाहिर संवाहन गर्न सक्दैन । त्यसैले कुनै पनि राष्ट्र तथा समाजमा प्रेसलाई समाचार सम्प्रेषण गर्न रोक लाउने कार्य उचित ठहर्दैन । तसर्थ कुनै पनि विषयमा समाचार संकलनमा सञ्चारकर्मीको पहुँच हुनु पर्दछ र न्यायधिशले पनि आफ्नो ब्यक्तिगत अधिकारको प्रयोग गरी मुद्दाको स्वतन्त्रतापूर्वक विचार तथा निर्णय गर्न पाउन पर्दछ ।

## १.१ कानुन के हो ?

'साधारण अर्थमा कानून भन्नाले राजनीतिक संगठन वा राष्ट्रको सार्वभौमसत्ता सम्पन्न व्यक्तिले वनाएको वा दिएको कार्यमूलक आदेश हो भन्ने वुभिन्छ । तर परिवर्तनशील समाजको सन्दर्भमा अहिलेसम्म कुनै पनि कानूनदाताले कानूनको ठीक र सही परिभाषा गरेको छैन । त्यस्तै कसैले यसलाई सम्प्रभुको आदेश भन्दछ भने कसैले यसलाई कार्यको नियम (rule of action) भनेका छन् । त्यस्तै कसैले यसलाई नैतिकताका नियमहरू भन्दछन् भने कसैले इश्वरीय दान र ऋषिमुनिहरूको निर्णय भनेको छन् । तर वास्तवमा कानून के हो ? यसको समष्टिगत रूपमा परिभाषित आएको छैन ।

त्यसैले कानूनको परिभाषा भिन्दा भिन्दै रूपमा कानूनविदहरूले दिएका छन् । यस अनुसार कानूनवेत्ता ग्रे (Grey) का अनुसार “कानून राज्यको विधायिकाद्वारा पास गरेका कानून र राज्यद्वारा लागू गरिने सम्पूर्ण नियमहरूको पद्दतिलाई भनिन्छ ।” त्यसैगरी प्रसिद्ध विधिशास्त्री अस्टीन (Austin) का अनुसार कानून सम्प्रभुको आदेश हो । (Law is the command of the sovereign) यसरी कानून त्यो आदर्श हो जसले कुनै एक व्यक्ति वा तिनीहरूको समूहलाई एक किसिमको आचरण गर्नका लागि मार्ग प्रदर्शन गरेको हुन्छ । कानून कुनै वुद्धि भएको प्राणीको शक्तिको अधिनमा नहुने र वृद्धि भएको प्राणीको लागि बाटो देखाउने नियम हो ।” (Positive law consist of commands set as general rules of conduct by a sovereign to a member or members of the independent political society where the author of the law is supreme.)[१६] जुन परिभाषा अनुसार कानून एक प्रकारको आदेश हो, कानून राजनीतिक शक्ति प्राप्त व्यक्तिबाट लागु गरिएको हुन्छ । कानूनको पालना दण्डको वलमा अन्तरनिर्भर हुन्छ ।

मानव सभ्यता, धर्मसंस्कृति र रीतिरिवाज मूल्य मान्यताहरूबाट निर्देशित हुँदै आइरहेको छ । समाज र सामाजिक आचरण तथा व्यवहारलाई गलत बाटोमा जानबाट रोक्न सभ्यताको विकासक्रमदेखि नै धार्मिक, साँस्कृतिक अनुशासनलाई विस्तृत रूपमा कार्यान्वयन गरिएको पाइन्छ । यही मानव समुदाय वा राज्यको व्यवहार तथा आचरण संचालनार्थ निर्मित धार्मिक साँस्कृतिक निर्देशन, आदेश नियम तथा अनुशासनको परिधिलाई आधुनिक सभ्यतामा कानूनको रूपमा व्याख्या गरिएको हो । एक शव्दमा भन्नुपर्दा कानून भनेको विधि हो, नियम हो जसलाई भंग गरिदा वा उल्लंघन गर्दा राज्य वा समाजमा तोकिएका अङ्ग, अंश निकाय वा अधिकारीले दण्डीत गर्न सक्दछ । अर्को शब्दमा कानून व्यक्ति वा समूह, संस्था, संगठन, शासन वा प्रशासनलाई व्यवस्थित गर्नका लागि नियमपूर्वक संचालन गर्नका लागि तयार गरिएको विधि हो ।

---

[१६] *Law Manual* झा, यादव र गुप्ता, प्रकाशक नेपाल वुक डिपो, पेज, ३,४

प्राचीनकालमा राज आज्ञा नै कानूनको रुपमा समाजमा स्वीकार्य प्रचलनको रुपमा रहेको थियो । अथवा हक प्रणाली परिपाटी वा सम्पूर्ण शक्ति राजा वा तिनका आदेशहरूमा निहित रहेको थियो । त्यसैले त्यस समयमा राज आज्ञा नै कानून हो भन्ने मान्यता स्थापित भएको थियो । शक्ति वा शासनमा जो बस्दथ्यो, उसको आदेश नै कानून बन्ने प्राचीन परम्पराको विकसित रूप र आधुनिक स्वरूप नै लेख्य (लिखित) संविधान, कानून, ऐन, नियम र यससंग सम्वन्धित अन्य पक्षलाई मानिन्छ । कानूनले कुनै पनि पेशा वा व्यवसायलाई आचरण वा व्यवहारलाई व्यवस्थित र मर्यादित बनाउन अनुशासनको काम गरेको हुन्छ ।

## १.२ प्रेस कानून र यसको आवश्यकता :

आधुनिक विश्वमा मानव जीवनसंग सम्वन्धित यावत पक्ष तथा विषयहरूको आ-आफ्नो प्रकारको विधिशास्त्र सम्बन्धी नीति, नियम पुस्तिका तथा निर्देशिका तयार हुने गरेका छन् । समाज र राज्यसंग सम्बन्ध गाँस्ने हरेक विषयमा ऐन नियमहरू तयार भएका पाइन्छन् । मानव जीवनसंग अन्योन्याश्रित सम्बन्ध राख्ने सूचना र सञ्चार पनि यस सन्दर्भमा अछुतो छैन । पत्रकारिता (छापा वा प्रकाशन) को आरम्भ संगसगै यसको प्रभाव र महत्वलाई मध्यनजर गर्दै विश्वमा ऐन कानून बनाउने नियन्त्रण वा उदारता अपनाउने प्रक्रियाहरू आरम्भ भएको देखिन्छ । झन सञ्चारको विधि र प्रविधिका क्षेत्रमा दिनानुदिन भई रहेको विकास र विस्तारले बढि भन्दा बढी ऐन नियम बनाउने क्रममा तिब्रता आएको देखिन्छ ।

प्रेस अर्थात छापाखाना र प्रकाशन सम्बन्धि वैधानिक व्यवस्थालाई प्रेस कानून भनिन्छ । छापा राख्ने, दर्ता गर्ने, मुद्रण गर्ने, सञ्चालन गर्ने पत्रपत्रिका पुस्तक छाप्ने छपाउने दर्ता गर्ने गराउने छाप्न हुने नहुने इत्यादी विषय उल्लेख गरिएको ऐन नियमको समष्टिगत रूप नै प्रेस कानून हो । अर्को शब्दमा प्रेस स्वतन्त्रता, नियन्त्रण र निर्धारण गर्नु अथवा आमसञ्चारका सबै पक्षहरूको प्रयोग यसको विषयवस्तुको उत्पादन, वितरण, उपभोगका बारेमा सामाजिक राष्ट्रिय आदर्श र अपेक्षालाई प्रेस कानूनमा व्यवस्थित गरिएको हुन्छ । कसले माध्यमको प्रयोग गर्न पाउने कसले

नपाउने आदिको औचित्य र यससँग सम्बन्धित क्रियाकलाप र उत्पादन गतिविधि बारे के कस्ता विषयवस्तुहरू कुनै पनि समाजमा सञ्चार माध्यम (छापा वा प्रसारण) द्वारा प्रकाशन र संचार हुनु पर्दछ वा पर्दैन भन्नेबारे सामाजिक मूल्य र मान्यताको आधारमा नै प्रेस कानूनको तर्जुमा गरिएको हुन्छ । यसरी छापाखाना, प्रकाशन एवं आमसञ्चारसंग सम्वन्धीत विषयहरूलाई नियमित गर्ने सिद्धान्त र नियमहरुको संग्रह नै प्रेस कानून हो । यसले पत्रकारहरूको अधिकार र कर्तव्य समेतलाई व्यवस्थित गर्दछ । अतः एक वाक्यमा भन्नुपर्दा प्रेस कानून यस्तो विशेष कानून हो, जसको सम्बन्ध मुद्रण र मुद्रणका वस्तुहरूको प्रकाशनसंग सम्वन्धीत हुन्छ ।

कानूनले मानवका अनियन्त्रित क्रियाकलापलाई नियन्त्रण गरी समाजमा अनुशासन कायम गर्न मद्दत पुऱ्याएको हुन्छ । कानूनको निर्माण सामाजिक आचरणलाई उन्मुख गराउन बन्दछ । पत्रकारिता र न्यायपालिका बीच अन्योन्याश्रित अन्तरसम्वन्ध कायम रहेको हुन्छ । पत्रकारितालाई राज्यको चौथो अंगको (Fourth Estate) को रूपमा लिइन्छ । प्रेसले राज्य सञ्चालन गर्ने गहन जिम्मेवारी बोकेको हुन्छ । प्रेसले राज्य सञ्चालनमा चेतनाको सेतु भर्ने गहन जिम्मेवारी बोकेको हुन्छ ।

विश्व सभ्यतामा जुनबेला लेखनकलाको विकास द्रुतगतिमा हुँदै गएको अवस्थामा त्यसबेला जनताको साक्षरताका लागि एउटा माध्यम स्वीकारिएको थियो । तर शक्तिको उदयसंगै शासकहरू मानवीय चेतनालाई आफ्नो मुट्ठीमा कैद गर्न लागी परे, जब लेखनकलाले एक आपसमा सञ्चार गरी सामूहिक जनमत निर्माण गर्न र शासकलाई सहकार्यको मार्ग देखाउन थाल्यो । यसरी शासकहरू चिढिन थाले र नियन्त्रणका रूपहरू अख्तियार गर्न थाले । अन्ततः यही दमनको नियमितताको विस्फोटन स्वरूप नै पत्रकारिता पेशाको जन्म  भयो । भलै त्यतिबेला छपाई स्थान लेखाई मै सीमित किन नहोस् छपाई वा मुद्रणकलाको विकाससंगै साक्षरविधताहरूले सूचनाको मूल्यवोध गरेका थिए । यसरी उनीहरुका प्रयासको फलस्वरुप नै सञ्चार माध्यमको सशक्त स्वरुपमा पत्रपत्रिका प्रकाशनगर्न थालियो । शासन संचालनका मुट्ठीहरू व्यक्तिहरु समक्ष लेख्न, छपाउने र वितरण गर्ने क्रमको प्रयोजन हुनथाल्यो ।

साथै क्रमश जनसमुदाय शासनको विपक्षमा गोलवद्ध भइ एकाकार हुनथाले । साथै यसको परिणामस्वरुप पत्रकारिताको महत्व र प्रभावका क्षेत्र मुलतया पश्चिमी सभ्यताका नेतृत्वकर्ताहरूलाई वोध भयो  यसरी नै समग्र प्रेस जगतलाई एक्कै मुट्ठीमा कैद गर्ने खालका नियम कानूनको तर्जुमा गर्ने क्रमको शुरुवात भयो । उदाहरणस्वरुप सन् १२१५ मा वेलायतमा म्याग्नाकार्टा (Magna Carta) ले जनताको सुसूचित हुने अधिकार र प्रेस स्वतन्त्रताको भ्रुणको विकास गर्दै बेलायतमा राजाको सीमाहिन शक्तिलाई नियन्त्रण गर्ने प्रजातान्त्रिक अभ्यासको विऊको विजारोपण गरेको थियो ।

आखिर छापाखाना र प्रकाशनसँग सम्बद्ध उद्योगका विषयहरूलाई नियमित गर्ने नियमहरूको संग्रह नै “प्रेस कानून” (Press Law) हो । यस्तो कानूनले पत्रकारहरूको अधिकार र कर्तव्य समेतको समुचित रुपमा व्यवस्था गर्दछ । “प्रेस कानून” त्यस्तो विशेष कानून हो । जसको सम्बन्ध मुद्रण र मुद्रणका वस्तुहरूको प्रकाशनसंग सम्वद्ध हुन्छ । 'क्राइष्ट जन्मनु पूर्व ५९४ वर्ष अघि एथेन्सबाट प्रेस कानूनको विकास भएको मानिन्छ । तत्कालिन एथेन्सवासहिरूले जीवित र मृतक दुवै व्यक्तिका विरुद्ध समय र मर्यादित व्यवहार गर्नु पर्ने गरी नियम कानूनको तर्जुमा गरेका थिए ।'[१७] त्यसैले प्रेसलाई कुण्ठित हुनेगरी जुन राष्ट्रमा कानून निर्माण भएको हुन्छ, सो राष्ट्र विकासको मार्गतर्फ अग्रसर हुन सकेको हुँदैन । वास्तवमा 'प्रेसले समाज तथा राष्ट्रको पहरेदार (Watchdog) को रूपमा आफ्नो जिम्मेवारी निर्वाह गर्न सक्नु पर्दछ । प्रेस मानव अधिकारको संरक्षणतर्फ अग्रसर हुँदै युद्ध, जातिभेद, रङ्गभेद नीति विरुद्ध गतिशील भई अशिक्षा तथा अन्धकारमुखी सूचनाको अभावलाई निराकरण गर्नुपर्ने तथा पाठकको अधिकारको सम्मान गरी मानवीय मूल्य र मान्यताको अभिवृद्धि गरी राष्ट्रियताको सम्वर्द्धन गर्नु नै अन्तत: सञ्चारको धर्म हो ।' रोजर पेपर (Roger Papers) का अनुसार सूचनाको समानुपातिक वितरण,

---

[१७] *प्रेसविधि शास्त्र* काशीराज दाहाल, प्रकाशक नेपाल कानून समाज, पेज १०६,१०७

जनसहभागिताको अभिवृद्धि गर्दै उत्तरदायित्व वहन, स्वतन्त्र र निर्भिक भई सामयिक सूचनाको सन्तुलन प्रेसले गर्दछ ।"[१८]

'अनियन्त्रित नदीको छालले आवादी भूमि पनि काटेर लान्छ भन्ने मान्यतामा आधारित रहेर प्रेसलाई पनि व्यवस्थित गर्न किनारा बाँधिएको वा कानूनी दायरामा राखिएको पाइन्छ । नेपालकै सन्दर्भमा वि.सं. २०१४ मा 'नेपाल भाषा' पत्रिकाका सम्पादक फत्तेवहादुर सिंहको मुद्दामा तत्कालिन काठमाडौं म्याजिष्ट्रेटले गरेको फैसलाले पनि प्रेस कानूनको आवश्यतालाई दर्शाउँदछ ।[१९] फैसलामा भनिएको थियो "पत्रकारिता वृद्धिजीवीको एक अत्यन्त जवाफदेहीपूर्ण पेशा हो ।" आजको युगको यो पेशाले एक विशिष्ट तथा महत्वपूर्ण स्थान ओगट्दछ । स्वच्छ पत्रकारिताले समाज तथा सरकार दुबैलाई कल्याणकारी मार्गतर्फ अग्रसर गराउन सक्दछ । समय समयमा सचेतकको रूपमा अग्रसर भई दुबैलाई गलत मार्गबाट हटाई सही पथ प्रदर्शन गर्न पनि सक्दछ । फलस्वरूप यो पेशा सम्मानित पनि छ । साथै पत्रकारको भूल या त्रुटि देश हितको खिलाफ समान गई हानीकारक पनि सिद्ध हुन सक्दछ । अतः कानूनी नियन्त्रणको आवश्यकता महशुस गरिन्छ ।'[२०]

सञ्चारको अभूतपूर्व विकास वितेको सहस्राव्दीको सबैभन्दा महान उपलव्धी हो । पत्रकारिता त्यसैको प्रारम्भिक नाम हो । यसलाई विश्वका हरेक राष्ट्रले अपनाएका छन्, स्वीकारेका छन् । सञ्चारको आयाम देशको सामाजिक, आर्थिक, राजनीतिक, साँस्कृतिक लगायतका क्षेत्रको जडसम्म पुगेको अवस्थामा यसलाई सकारात्मक तथा नकारात्मक दुबै पाटोबाट निरूपण गर्नु, स्वाभाविक देखिन्छ । सूचनाको स्वतन्त्रतासंगै अस्तित्वको खतरा पनि वढिरहेको अवस्थामा प्रेस कानूनको परम्पराको विकास अस्वाभाविक देखिदैन । अनियन्त्रित नदीको छालले आवादी भूमि

[१८] *पत्रकारिताको सामान्य परिचय* प्रबलराज पोखरेल, प्रकाशक निर्मला पोखरेल, संस्करण पहिलो २०५१

[१९] *नेपालको छापाखाना र पत्रिकाको इतिहास* गृष्म वहादुर देवकोटा, प्रकाशक साझा प्रकाशतन २०५१, पेज २६२

[२०] *आमसन्चार र कानुन*-काशीराज दाहाल पेज १३७

पनि काटेर लग्छ भन्ने मान्यतामा आधारित रहेर प्रेसलाई पनि व्यवस्थित गर्न किनारा बाँधिएको वा कानूनी दायरामा राखिएको हो ।

प्रेसलाई राष्ट्रको चे**तना** (Press as a conscience of the nation) को रूपमा स्वीकारेता पनि यसबाट बच्न उत्तिकै सचेत रहनुपर्ने कुरामा सबैको समान दृष्टिकोण पाइन्छ । त्यसैले राष्ट्रिय अखण्डता, सार्वभौमसत्ता, राष्ट्रिय सुरक्षा, पहिचान र विशिष्टतामा आघात हुने गरी प्रेसको सञ्चालन र प्रयोग हुन सक्ने वा भएको अवस्थामा व्यवस्थापन वा नियन्त्रण कै लागि प्रेस कानूनको निर्माण भएको पाइन्छ । प्रेस र यसँग सरोकार राख्ने विषय र ती विषयहरूको सम्बन्धमा बन्ने कानून नै प्रेस कानून हो । त्यसैले नियन्त्रित तथा मर्यादित तवरबाट सञ्चारमाध्यमले अग्रगामी मार्ग लिने तथा सो पद्धतिको व्यवस्थित गर्नका लागि सञ्चारका विधि तथा नियम निर्माण भएको हुन्छ ।

## १.३ अदालतको प्रकृति

'प्रत्येक देशको राजनीतिक, प्रशासनिक तथा प्रादेशिक संरचना अनुसार अदालतहरूको तह निर्धारण भएको हुन्छ । यस विषयमा विश्वमा एकरूपताको अभ्यास पाइन्न । एउटै देश भित्र (जस्तो संयुक्त अधिराज्यमा) पनि अदालतको तहमा एकरूपता कायम छैन । तर अदालतको प्रकृतिमा भने प्रायः एकरूपको अभ्यास पाइन्छ । प्रायः सबै देशहरुमा कमभन्दा कम शुरुका मौलिक कारवाही (Original proceeding) का अदालतहरू, पुनरावेदन अदालतहरू (Appelleate Court) र सर्वोच्च अदालत (Supreme Court) गरी अदालतका विविध स्वरुपका तह तथा तप्काहरू कायम गरिने प्रचलन छ । उदाहरणका लागि संयुक्त राज्य अमेरिकाका संङघीय अदालतका तहहरूमा विभिन्न विषयका शुरुका कारवाहिका अदालतहरू ( जस्तै कर अदालत, जिल्ला अदालत र प्रादेशिक अदालत आदि) पुनरावेदन अदालतहरू र सर्वोच्च अदालत पर्दछन् । यस्तै अदालतको तह भारतमा पनि व्यवस्था भएको छ, यहाँ शुरु कारवाहीका विभिन्न अदालतहरु र सर्वोच्च अदालत कार्यरत छन् ।'[२१] 'अन्य देशको प्रचलन हेर्दा मुद्दाको पक्षले अधिकार स्वरूप एक पटक माथिल्लो अदालतमा पुनरावेदन गर्न पाउने अधिकार प्रत्याभूत गरेको पाइन्छ ।

न्यायपालिका स्वतन्त्र, सक्षम र निष्पक्ष हुनुपर्छ भन्ने चिजमा दुई मत हुन सक्दैन । प्रजातान्त्रिक मुलुकमा सक्षम न्यायप्रणालीका लागि देशको मुल कानूनले नै व्यवस्था गरेको हुन्छ । हाम्रो वर्तमान संविधाले पनि स्वतन्त्र, सक्षम र निष्पक्ष न्यायप्रणालीका लागि देशको मूल कानूनले नै निष्पक्ष न्यायप्रणालीको परिकल्पना गरेको छ । तर जति संविधानले अपेक्षा गरेको छ त्यति अपेक्षित प्रतिफल प्राप्त भने हुन सकेको देखिदैन ।'[२२] 'नेपालमा संस्थागत न्याय प्रशासनको विकासको इतिहासका कम धेरै छोटो छ । करीव ५० वर्षको छोटो अवधिमा अदालतका तह तथा क्षेत्राधिकारका विषयमा धेरै प्रयोग (experiments) कायम भएका छन् । यो

---

[२१] *नेपालको संवैधानिक कानून दोश्रो जन्म फ्रिडिल* प्रकाशक कानून अनुसन्धान तथा विकास फोरम ( फ्रिडिल) संस्करण २०५४ पेज ३९०,३९१

प्रयोगको क्रममा चार तहको अदालती संरचना अथवा तीन तहको अदालती संरचनाहरु मध्ये नेपालको लागि कुन संरचना ठीक हो भन्ने विषयमा नै अहिलेसम्मका प्रयोगहरू हेर्दा केवल थोरै समयको लागि चार तहका अदालतहरूको प्रयोग भएको देखिन्छ ।

चारतहका अदालतको पहिलो प्रयोग न्याय प्रशासन ऐन, २०१६ अर्न्तगत भएको पाइन्छ । यो चार तहको संरचना केवल २०२१ साल अर्थात करीव पाँच वर्ष-सम्म मात्र कायम रहयो । त्यस पछि २०३० सालमा न्याय प्रशासन सुधार अध्यादेश लागू हुनुभन्दा पहिलेसम्म तीन तहको अदालती संरचना रह्यो । न्याय प्रशासन सुधार अध्यादेशले चार तहको अदालतको व्यवस्था गरेको भएता पनि मुद्दाका पक्षहरूले माथिल्लो अदालतमा पुनरावेदन गर्न पाउने हकमा भने खासै असर परेन किनभने उक्त अध्यादेशले जिल्ला अदालत, अञ्चल अदालत, क्षेत्रीय अदालत तथा सर्वोच्च अदालत गरी जम्मा चार तहको अदालती संरचनाको व्यवस्था कायम गरेको थियो । तथापि मुद्दाका पक्षहरू माथिल्लो अदालतमा पुनरावेदन गर्न पाउने हकमा भने खासै असर परेन किनभने उक्त अध्यादेशले जिल्ला अदालत, अंचल अदालत, क्षेत्रीय अदालत तथा सर्वोच्च अदालत गरी जम्मा चार तहको अदालती संरचनाको व्यवस्था गरेको भएतापनि पचास हजार भन्दा कम विगो वा पाँच वर्ष भन्दा कम कैद र पाँच हजारभन्दा कम जरिवाना हुने मुद्दाहरूमा जिल्ला अदालतको निर्णयमा सोझै क्षेत्रीय अदालतमा पुनरावदेन गर्न पाउने भई पुनरावदेनको हक एकै तहमात्र कायम थियो ।

कानूनको व्याख्याको प्रश्नको आधारमा पुनरावेदन गर्न पाउने हक नै वस्तुतः चार तहको अदालती परिपाटीमा पनि स्वीकार गरिएको थियो । २०३० सालको अध्यादेशबाट शुरु भएको चारतहको अदालती संरचना नेपाल अधिराज्यको संविधान, २०४७ लागू भएको परिणाम स्वरूप २०४८ कार्तिक २३ गते समाप्त भयो । अहिले फेरी तीन तहको अदालती संरचना (जिल्ला अदालत, पुनरावेदन अदालत, र सर्वोच्च

---

[२२] *न्यायदुत द्वैमासिक* वर्ष ३३ पूर्णाङ्क १३६, अंक ६ मंसिर । पुन पेज १४८

अदालत) लागू भयो । अहिलेसम्म हामी यसै तीन तहको अदालती संरचनामा कार्यरत छौं ।' [२३]

'नेपाल अधिराज्यको संविधान, २०४७ को भाग ११ धारा ८४ देखि धारा ९६ सम्म न्यायपालिका बारे व्यवस्था गरिएको पाइन्छ । न्यायपालिका सम्बन्धमा धारा ८४ निरुपण गर्दा हेर्दा नेपाल अधिराज्यको न्यायसम्वन्धी अधिकार यो संविधान र न्याय कानून तथा न्यायको मान्य सिद्धान्त अनुसार अदालत तथा अन्य न्यायिक निकायहरूबाट प्रयोग गरिनेछ भन्ने रहेको छ । न्यायपालिका भित्र तीन तह अदालत सर्वोच्च अदालत, पुनरावेदन अदालत, जिल्ला अदालतको रूपमा रहेका छन् । न्यायाधिश, न्यायपरिषद, न्याय सेवा आयोगबारे पूर्ण चर्चा गरिएको छ भने धारा ८७ (३) र अधिवक्ता वा वरिष्ठ अधिवक्ता शब्दसम्म परेको देखिन्छ भने धारा ९३ (१) (घ) मा कानूनविद् भन्ने शब्द उल्लेख भएको देखिन्छ । सिद्धान्तः अदालत, न्यायाधिश, न्यायपरिषद न्याय र न्यायसेवा आयोग मात्रलाई न्यायपालिकामा लिएर नै तत्कालिन संविधानविदहरूले कानून व्यवसायीकताप्रति वेवास्ता गरी छुट्टै धारामा स्पष्ट नगरेको प्रष्ट छ । यद्यपि व्यवहारमा न्यायपालिका भन्नाले राजा, अदालत, न्यायाधीश, कर्मचारी, कानून मन्त्री, न्यायपरिषद, कानून व्यवसायी, झगडिया, कानून किताव, नजिर सबै अन्य न्यायिक एवं अर्धन्यायिक निकाय समेत न्यायपालिका क्षेत्र भित्रै पर्दछ । छोटकरीमा भन्नु पर्दा नेपालको हालको प्रजातान्त्रिक कालमा न्यायपालिका भन्नाले न्यायाधीश मात्रलाई बुझ्दा हुन्छ ।

अदालत तह सम्वन्धमा तीन तह राखेतापनि छुट्टाछुट्टै प्रकारका मुद्दाहरू हेर्न छुट्टा छुट्टै विशेष ऐनको व्यवस्था गरी विशेष अदालतको रूपमा अर्ध न्यायिक निकायहरूलाई अधिकार प्रदान गरेको देखिन्छ । तर सर्वोच्च अदालतमा सबै प्रकारका मुद्दाहरू सबै न्यायधिशलाई जान्नै पर्ने स्थिति छ । जहाँ “Jack of all master of none” भन्ने उक्ति चरितार्थ हुन आउँछ । हाम्रो मुलकुमा फौजदारी, देवानी, प्रशासकीय, पारिवारिक इत्यादि सम्पूर्ण किसिमका मुद्दाहरू उही अदालतबाट

---

[२३] *न्यायदुत द्वैमासिक,* वर्ष ३१ पूर्णाङ्क १२०, अंक ४ श्रावण-भाद्र पेज ५

हेर्ने व्यवस्था पनि ठीक होइन । ठीक छ आर्थिक अवस्थाले नभ्याए छुट्टाछुट्टै न्यायधिश र बेन्चको व्यवस्था गर्नु पर्दछ । त्यसैले अन्तर्राष्ट्रिय स्तरमा रहेका न्यायिक मापदण्ड बमोजिम हाम्रो मुलकुमा न्याय सम्पादन गर्ने पद्धतिमा सुधारगर्दे लानु पर्ने आवश्यकता रहेको छ ।'[२४]

नेपाली जनताले २००७ साल पहिले हालसम्मको लोकतान्त्रिक दोस्रो जनआन्दोलन सम्मको पटक पटक गर्दै आएका ऐतिहासिक संघर्ष मार्फत लोकतन्त्र, शान्ति र अग्रगमनका पक्षमा प्रकट भएको जनादेशको भावना अनुरुप राज्यको काम कारवाही लोकतान्त्रिक पद्धति अनुरुप खुल्ला पारदर्शी बनाई नागरिकप्रति जवाफदेही र जिम्मेवारी बनाउन सार्वजनिक निकायमा रहेको सार्वजनिक महत्वको सूचना आम नागरिकको हितमा प्रतिकूल असर पार्ने, सम्वेदनशील सूचनाको संरक्षण गर्न र नागरिकको सुसूचित हुने हकलाई संरक्षण र प्रचलन गराउने सम्बन्धमा कानुनी व्यवस्था संसोधन तथा परिमार्जन भएको छन् ।

आजसम्मका क्रान्ति र आन्दोलनवाट प्राप्त उपलब्धिहरुलाई संस्थागत गर्न संविधान सभावाट नयाँ संविधान नबनेसम्मको लागि राजनीतिक सहमतिमा अन्तरिम संविधान २०६३ जारी भएको छ । देशको विद्यमान वर्गीय, जातीय, क्षेत्रीय, लैगिंक समस्याहरुलाई समाधान गर्न तथा राज्यको अग्रगामी पुर्नसंरचना गर्ने संकल्प गर्दै प्रतिस्पर्धात्मक वहुदलीय लोकतान्त्रिक शासन व्यवस्था, नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानव अधिकार, वालिक मताधिकार, आवधिक निर्वाचन पूर्ण प्रेस स्वतन्त्रता, स्वतन्त्र न्यायपालिका तथा कानुनी राज्यको अवधारणा लगायत लोकतान्त्रिक मूल्य र मान्यताप्रतिको पूर्ण प्रतिवद्धता नेपाली जनताको आफ्नो लागि आफै संविधान बनाउन पाउने र भयमुक्त वातावरणमा संविधान सभाको स्वतन्त्र र निष्पक्ष निर्वाचनमा सहभागी हुन पाउने अधिकारको प्रत्याभूति गर्दै अन्तरिम संविधानको मौलिक हक अर्न्तगत स्वतन्त्रताको हक १२, समानताको हक १३, छुवाछुत तथा जातिय भेदभाव विरुद्धको हक १४, प्रकाशन, प्रसारण तथा छापाखाना

[२४] *न्यायदुत द्वैमासिक* वर्ष ३१, पूर्णाङ्क ११८ अंक १ चैत्र वैशाख २०५६।५७ पेज ३७,३८

सम्बन्धी हक १५, वातावरण तथा स्वास्थ्य सम्बन्धी हक १६ , शिक्षा तथा संस्कृति सम्बन्धी हक १७, रोजगारी तथा सामाजिक सुरक्षा सम्बन्धी हक १८, सम्पतिको हक १९, महिलाको हक २०, सामाजिक न्याय सम्बन्धी हक २१, वालवालिकाको हक २२, धर्म सम्बन्धी हक २३, न्यायसम्बन्धी हक २४, निवारक नजरवन्द विरुद्धको हक २५, यातना विरुद्धको हक २६, सूचनाको हक २७, गोपनियताको हक २८ शोषण विरुद्धको हक २९, श्रम सम्बन्धी हक ३०, देशनिकाला विरुद्धकोहक ३१, र संवैधानिक उपचारको हक ३२ प्रदान गरिएको छ ।

२०४७ को संविधानले धेरै जस्तो नसमेटेको चिजहरु अन्तरिम संविधान २०६३ ले समेटेको छ । मुलुकको राज्य संरचनामा सबै अंगहरुमा मधेशी, दलित, आदीवासी, जनजाती, महिला, मजदुर, किसान, अपाङ्ग, पिछडिएका वर्ग र क्षेत्र सबैलाई समानुपातिक समावेशीको आधारमा सहभागी गराउने तथा सूचनाको हक सम्बन्धमा स्पष्ट रुपमा अन्तरिम संविधान २०६३ संसोधन भइ व्यवस्थापिका संसदले वनाएको २०६४ अर्न्तगत स्पष्ट रुपमा सूचनामा पहुँच, सूचनादाताको संरक्षण आदिको स्पष्ट रुपमा उल्लेख गरी ऐन निर्माण भएको छ । यसले सञ्चार माध्यममा सूचना प्राप्त गर्ने तथा वितरण गर्ने ब्यक्ति दुबैको संरक्षण प्रदान गरेको छ ।

## १.४ अदालतको अवहेलना

'अवहेलना भन्ने शब्दले हेला वा घृणा गर्ने काम, हेपाई, तिरस्कार अथवा अपमानजनक कार्य र असम्मानपूर्ण व्यवहारलाई जनाउँदछ । नेपाली कानूनी शब्दकोषमा भनिएको छ न्याय प्रशासन वा इनसाफ तहकिकातको सन्दर्भमा कुनै अदालत वा अदालतको न्यायाधिशलाई अपमान लगाई गरिएको कुनै कार्य वा प्रकाशित गरिएको लेख वा अदालतको अधिकार एवं मर्यादालाई होच्याउने काम नै अदालतको अवहेलना हो । यस सम्वन्धमा एस. एल. सलवान र भि.नरगं (S.L. Salwan र V. Narang) को "Academics Legal Dictionary मा उल्लेख गरिएको छ ।' An act or omission tending to obstruct or interfere with

the orderly administration of justice; or to impair the dignity of the Court or respect for its authority. Disobedience to the orders, rules or pressess of court of competent jurisdiction or some violation of its dignity Contempt of Court includes such acts as laughing or talking boisterously or striking another persons in Court, and the presiding judge has power to commit to prison the offender forth with. It also includes press comments in a pending case especially a criminal case which is calculated to prejudice the ritual and the court way fine or commit to press the writer and publisher." [२५]

**अदालतको अवहेलना सम्बन्धी कसुरलाई निम्न तरिकाले विभाजन गर्न सकिन्छ ।**

(१) प्रत्यक्ष अवहेलना (Direct Contempt): अदालत भित्र नजिकमा आएर वा वेन्चसमक्ष अदालतको अवहेलना गरिने कार्यलाई प्रत्यक्ष अवहेलना भनिन्छ । यस्ता कसुरमा अदालतभित्र वलजफ्ती प्रवेश, अदालतको हाताभित्र, न्याय सम्पादन गरिरहेका न्यायाधिश र न्याय सम्पादनमा सहयोग पुऱ्याउने कर्मचारीहरूको वेइज्जती गर्ने, हमला गर्ने, डर त्रास देखाउने साक्षीहरूलाई वक्न नदिने, तिनीहरूलाई धम्की दिने वा हमला गर्ने, अदालतको आदेश पालना नगर्ने कार्य गरी नियमित रूपमा न्यायसम्पादन गर्न अवरोध गर्ने आदि यावत कार्य पर्दछन् । यस्ता कसुरहरूलाई फौजदारी अवहे**लना** (criminal contempt) पनि भनिन्छ ।

(२) अप्रत्यक्ष अवहेलना (Indirect Contempt) : अदालतको अवहेलना हुने गरी अदालतको हातावाहिर वा अदालतबाट टाढा अदालतका न्यायाधिश विरुद्ध अवहेलनाजनक यावत कार्यहरूलाई अप्रत्यक्ष अवहेलना भनिन्छ । अप्रत्यक्ष अवहेलना (Indirect Contempt) का ज्वलन्त उदाहरण अदालतको फैसला

[२५] *न्यायिक आवाज* स्ववियु ल क्याम्पस २०५०।६२

वा आदेशको पालना नगर्नु वा पालना गर्न नदिनुलाई लिन सकिन्छ । यस बाहेक प्रकाशन, वक्तव्यबाट न्याय सम्पादनलाई वाधा अड्चन देखाउनु, अदालतबाट जारी भएका म्याद, समाव्हान इतलायनामा तामेल हुन नदिनु वा वाधा पुऱ्याउनु इत्यादि कार्यहरू पनि अप्रत्यक्ष अवहेलना (Indirect Contempt) अन्तर्गत हुने कसुरहरू हुन् । यस्ता कार्यहरूलाई क्रियात्मक अवहेलना (Constructive Contempt) पनि भनिन्छ । यस्ता कसुरहरूलाई देवानी अवहेलना (Civil Content) वा कार्यविधि अवहेलना (Contempt in procedure) पनि भनिन्छ ।

तर क्रियात्मक अवहेलनालाई पूर्णरूपले देवानी अवहेलनामा मात्र सीमित गर्न सकिन्न । क्रियात्मक अवहेलनालाई व्यापक अर्थमा प्रयोग गरिन्छ भने अवज्ञा गर्नु, अदालतको म्याद, सूचना समाव्हान इतलायनामा तामेल हुन नदिनु आदि कार्यसंग मात्र सीमित रहन्छ । जहाँसम्म देवानी र फौजदारी अवहेलनाको भिन्नताको प्रश्न छ, फौजदारी अवहेलनाबाट अदालतको प्रतिष्ठा, सम्मान गरिमा कुण्ठित भई सर्वसाधारणमा अदालतप्रतिको आस्थामा ह्रास हुन्छ र यसको अख्तियारीमाथि असर पर्छ भने देवानी अवहेलनाबाट विवादका पक्षलाई फाइदा वा हानी हुन जान्छ । तसर्थ क्रियात्मक अवहेलना परिस्थिति अनुसार देवानी तथा फौज्दारी दुबै प्रकृतिको हुनसक्छ ।[२६]

'नेपालको सर्वोच्च अदालतले अदालतको अवहेलनाको सम्बन्धमा व्याख्या गर्दै भनेको छ "कानून वमोजिम सहयोग वा सहायता गर्ने कार्य वा प्रक्रियामा वाधा वा न्यायाधिशको सम्मान मर्यादा वा प्रतिष्ठामा अघात पुऱ्याउने जुनसुकै कार्य वा आचरणलाई अदालतको अवहलेना हुने कार्य वा आचरण भन्न सकिन्छ । हुन त मुद्दाको प्रकृति त्यस सम्बन्धमा देखिएको वस्तुस्थिति एवं अभियुक्तको विवादग्रस्त कार्य वा आचरण इत्यादिका सन्दर्भमा प्रत्येक मुद्दामा छुट्टाछुट्टै अदालतको अवहेलनाका सम्बन्धमा विचार र निर्णय गर्नुपर्ने हुन्छ तापनि

---

[२६] *नेपालको संवैधानिक कानून दोश्रो जन्म फिडिल* प्रकाशक कानून अनुसनधन तथा विकास फोरम ( फ्रिंडिल) संस्करण २०५४ पेज ४३६,४३७

मोटामोटी रूपमा अदालतको अवहेलनालाई निम्न लिखित प्रकरणबाट विश्लेषण गर्न सकिन्छ ।"

(१) अदालतको आज्ञा, आदेश वा फैसलाको अवज्ञा वा निरादर गर्नु वा जनसाधारणमा अदालत वा अदालतबाट हुने न्याय प्रशासनको कार्यप्रति अविश्वास वा अनास्था हुने वा हुनसक्ने कुनै कार्य गर्नु वा अदालत समक्ष कुनै अभद्र वा अशिष्ट कार्य वा आचरण गर्नु वा अन्य कुनै प्रकारले अदालतको सम्मान, मर्यादा वा प्रतिष्ठामा आघात पुग्ने अन्य कुनै कार्य गर्नु वा

(२) न्यायाधिशप्रति जनसाधारणको भावना प्रतिकूल वा शंकायुक्त हुने वा हुन सक्ने कार्य गर्नु वा न्यायधिशको निष्पक्षता, सदविवेक वा कार्यक्षमतामा कुनै प्रकारको शंका उठाउनु वा त्यस्तो शंका उत्पन्न हुनसक्ने वातावरणको सृष्टि गर्नु वा न्यायाधिशलाई स्वतन्त्र र निर्भिकतापूर्वक आफ्नो कर्तव्यपालन गर्नबाट विचलित गराउन कुनै कार्य गर्नु वा न्याय सम्पादन कार्यमा निजलाई वाधा वा अवरोध उत्पन्न गराउनु वा अन्य कुनै प्रकारले न्यायाधिशको मर्यादा सम्मान वा प्रतिष्ठामा आघात पर्न सक्ने कुनै कार्य गर्नु वा

(३) अदालतमा विचाराधिन रहेको कुनै मुद्दा मामिलामा कुनै अनुचित प्रभाव पार्न वा पर्न सक्ने गरी कुनै कुरा व्यक्त गर्न वा कुनै कार्य गर्नु वा

(४) न्याय प्रशासनको कार्यमा लागेको अदालतका कुनै कर्मचारीलाई वा कुनै मुद्दा मामिलाका सम्बन्धमा कुनै कानून व्यवसायीलाई गाली वेइज्जती गर्नु वा कुनै अनुचित वाधा वा अवरोध उत्पन्न गराउनु वा डर वा त्रासमा पार्नु वा

(५) अदालतमा इन्साफ माग्न आउने मुद्दाका कुनै पक्षलाई वा कुनै मुद्दाका कुनै साक्षीलाई सो मुद्दामा भए गरेको कुनै कुरालाई लिएर गाली वेइज्जती गर्नु वा

त्यस सम्बन्धमा कुनै अनुचित वाधा वा अवरोध उत्पन्न गराउनु वा डर वा त्रासमा पार्नु ।'[२७]

'कानून बमोजिम स्वतन्त्र एवं निष्पक्ष रूपले अदालतले न्याय सम्पादन गर्न सक्ने जुनसुकै व्यक्तिले निर्भिकतापूर्वक अदालतबाट न्यायको माग गर्न सक्ने व्यवस्था गर्नु राज्यको प्रमुख अभिभारा हो । यस योजनको लागि अदालतको अवहेलनामा कारवाही र सजाय गर्न अदालतलाई आवश्यक अधिकार दिइएको हुन्छ र कानूनमा किटानीसाथ व्यवस्था नभएता पनि सर्वोच्च अदालत जस्ता अभिलेख अदालतमा त्यस्तो अधिकार निहित भएको मानिन्छ । अदालतको  अवहेलना सम्बन्धी कारवाही न्यायाधीशहरूको बचावटको निमित्त होईन, नत अदालतको वनावटलाई नै हो, त्यस्तो कारवाहीले अदालतको इज्जत, मर्यादामा खतरा पर्नेबाट हुने खरावीबाट जनतालाई बचाउन उठाइन्छ । अदालतको अवहेलनाको कारवाही कुनै न्यायाधिशको अहम र वैयक्तिक संरक्षणको लागि नभई जनताको स्वार्थको लागि स्वतन्त्र न्यायपालिकाको सम्वर्द्धनको निमित्त स्वच्छ, निर्मल र निर्भिक न्याय प्रवाह अक्षुण गर्न गरिने हुन्छ । अवहेलनाको कारवाही कुनै न्यायाधिशको सम्वेदनशीलताको संरक्षणको लागि गरिन्न । अदालतको गौरव र प्रतिष्ठालाई जब तल झुकाइन्छ वा तल झुक्काउन प्रयत्न गरिन्छ, तब अदालतको अवहेलनाको कारवाही हुने हुन्छ । कुनै पनि शासन प्रणालीको आधार स्तम्भ न्यायाधीशको असल नियत हो अदालतप्रति जनताको विश्वासलाई हल्लाउने प्रयास गर्नु प्रजातान्त्रिक प्रणालीको मूलच्छेदन गर्नु हो भन्ने विश्वास अनुरूप अदालतको अवहेलनामा कारवाही गर्नु पर्ने हुन्छ ।
न्यायपालिकाको स्वतन्त्रता र प्रतिष्ठा कायम राख्न तथा यथोचित न्याय सम्पादन अक्षुण राख्न प्रेसले सहयोग कायम गर्नु पर्ने हुन्छ ।

## १.५ अदालतको अवहेलना सम्बन्धी कानूनी व्यवस्था

अदालतको अवहेलना भनेको अदालतको न्याय सम्पादन कार्यमा अवरोध खडा गर्ने, जनताको न्यायालयप्रतिको आस्थामा भ्रम सिर्जना गर्ने न्यापालिका अन्तर्गत

[२७] *प्रेस विधि शास्त्र* -काशीराज दाहाल, प्रकाशक नेपाल कानून समाज पेज ८६,८७

कार्यरत न्यायाधीश, कर्मचारी र कानून व्यवसायीलाई शारीरिक वा अन्य कुनै प्रकारले अमर्यादित व्यवहार गर्ने वा कुटपिट गर्ने तथा कुनै चिन्ह, आकार, वोली प्रकाशन वा लेखनको तर्फबाट न्यायालयको अपमान गर्ने कार्य हो ।

## जिल्ला अदालत

'जिल्ला अदालतले अवहेलना भएको ठहऱ्याएमा रु. १,०००।- सम्म जरिवाना वा १ महिनासम्म कैद वा दुवै सजाय गर्न सक्दछ । तर अभियुक्तले अदालत समक्ष माफी मागेमा निजलाई क्षमा गर्न वा सजाय तोकिएको भएमा सो सजाय माफी गर्न वा घटाउन सक्ने व्यवस्था छ ।' [२८]

## पुनरावेदन अदालत

पुनरावेदन अदालतले आफ्नो वा आफ्नो मातहतको अदालतको अवहेलना र जिल्ला अदालतले आफ्नो अवहेलनामा कारवाही चलाउन सक्दछ र अवहेलना गरिएको ठरिएमा पुनरावेदन अदालतले छ महिनासम्म कैद वा रु. ५,०००।- सम्म जरिवाना वा दुबै प्रकारको सजाय भोग गर्न सक्दछ ।

## सर्वोच्च अदालत

सर्वोच्च अदालतले आफ्नो वा आफ्ना मातहतका अदालतको अवहेलनामा कारवाही गर्न सक्दछ र कुनै व्यक्ति, संस्था वा निकायले अदालतको अवहेलना गरेमा वा सो गरेको ठहरेमा सर्वोच्च अदालतले १ वर्ष सम्म कैद वा रु. १०,०००।- सम्म जरिवाना वा दुबै प्रकारक सजाय कायम गर्न सक्दछ । तर त्यसरी अवहेलना गरेको ठहर भएता पनि अभियुक्तले अदालत समक्ष क्षमायाचना गरेमा निजलाई रिहाई दिने वा सजाय तोकिसकेको भएमा सो सजाय माफ गर्न वा घटाउन सक्ने व्यवस्था गरेको पाइन्छ ।

---

[२८] *सर्वोच्च अदालत ऐन २०४८,* दफा ७(१)

## भारत

'भारतको संविधान अनुसार सर्वोच्च न्यायालयलाई आफ्नो वा आफ्ना मातहतका अदालतका अवहेलना उपर कारवाही गर्ने अधिकार छ।'[२९]

## बेलायत

'बेलायतमा कुनै व्यक्तिले अदालत समक्ष प्रत्यक्ष अवहेलना गरेको वा अदालत बाहिर बसेर लेख, भाषण आदिको माध्यमबाट क्रियात्मक अवहेलना गरेमा वा न्यायपालिकाका कर्मचारी न्यायाधिश वा वकिल माथि हमला, हातपात, धम्की दिएर फौज्दारी अवहेलना गरेमा वा अदालतको आदेशको पालना नगरी देवानी अवहेलना गरेमा अदालतको अवहेलना भएको भनिन्छ र त्यस उपर अदालतले कारवाही गर्न सक्दछ।' [३०]

## १.६ अदालतको अवहेलनामा सञ्चार माध्यम

नेपाल अधिराज्यको संविधान २०४७ ले राज्यको न्याय सम्बन्धी सम्पूर्ण अधिकार यो संविधान र अन्य न्यायिक निकायहरूबाट प्रयोग गरिन्छ। यसबाट संविधानले शक्ति पृथकीकरणको सिद्धान्तलाई पूर्णरूपले मानेको प्रमाणित हुन्छ। यसबाट कुनै व्यक्ति वा शक्तिसंग झुक्ने वा डराउनु पर्ने आवश्यकता रहदैन। अदालतले नागरिकको संरक्षणको सम्पूर्ण जिम्मेवारी लिएको छ। वर्तमान संविधानले न्यायपालिकालाई तीन तहको संगठनको रूपमा संस्थागत गरेको छ। सबै भन्दा माथि सर्वोच्च अदालत, त्यसपछि पुनरावेदन अदालत र तल्लो तहमा जिल्ला अदालतको व्यवस्था गरेको छ। यी तीन तहका अदालतहरूका अतिरिक्त कुनै खास किसिमका मुद्दाहरू हेर्न कानूनद्वारा विशेष अदालत वा न्यायाधिकरणको स्थापना गर्न सक्ने व्यवस्था पनि छ।

अदालतको आदेशको निर्णय उल्लंघन गरेमा वा न्याय सम्पादनमा वाधा पुऱ्याएमा अदालतको अवहेलना हुनेछ। अवहेलना सम्बन्धी मुद्दा अदालतको इज्जत

---

[२९] Article 129, *Constitution of India*

[३०] Article 3 Section-1 *Constitution United State of America*

मर्यादामा खतरा परेबाट हुने खरावीबाट बचाउनका लागि हुन्छ । लर्ड रसेलका अनुसार "अदालत वा न्यायाधिशलाई होच्याउने किसिमले कुनै काम वा लेखा प्रकाशन गरेमा अदालतको अवहेलना गरेको ठहरिनेछ । त्यस्तै कानूनी प्रक्रिया वा उचित न्याय प्रशासनमा वाधा अडचन खडा गर्ने गरी कुनै काम गर्नु वा लेख प्रकाशित गर्नु अर्को किसिमको अवहेलना हो, अदालत वा न्यायाधिशलाई तल्लो स्तरमा खसाल्नु अदालतको अवहेलना हो ।'[३१] भनी परिभाषित गरेका छन् ।

न्यायापालिकाको स्वतन्त्रतामा आघात पुऱ्याउने किसिमले सूचना संप्रेषण गर्न पाँइदैन । न्यायपालिका जनताको न्याय पाउने अन्तिम आश्रयस्थल हो । अदालतबाट न्याय पाइन्छ भन्ने विश्वासमा अदालतप्रति जनताको आस्था रहेको हुन्छ । अदालतको काम कारवाहीमा अवरोध पुऱ्याउने, विचाराधिन विषयलाई प्रभाव पार्ने र अदालतको गरिमा वा प्रतिष्ठामा आंच पुऱ्याउने सूचनाको संप्रेषण गर्न पाइदैन । यदि गरिन्छ भने त्यो अदालतको अवहेलना (Contempt of Court) भनिन्छ । दुराशय र वदनियतपूर्ण तवरबाट अदालत सम्बन्धी सूचना सम्प्रेषण गर्न पाइदैन । असल नियतले स्वच्छ टिप्पणी (Fair Comment) भने गर्न पाइन्छ । अदालत भनेको तटस्थ हुनु पर्दछ । यसले व्यक्ति र राज्यको सुरक्षा गर्नुपर्ने हुन्छ । न्यायपालिकाले सरकारलाई हेर्ने होइन । यसले कानून र सिद्धान्तलाई हेर्नु पर्दछ ।

नेपालको सन्दर्भमा अहिलेसम्म अदालतको अवहेलना ऐन (Contempt of Court Act) छैन । अदालतको अवहेलना गर्नु हुँदैन गरेमा सजाय हुन्छ । यस विषयमा के कति सजाय वा दण्ड दिने भन्ने सम्वन्धमा जिल्ला तथा सर्वोच्च अदालतको कुनै ठोस प्रकारको कानून संरचनाको निर्माण भएको पाँइदैन । यस सम्बन्धी अदालतको अवहेलना भयो, भएन भनेर व्याख्या गर्न अर्न्तराष्ट्रिय कानूनको अभ्यास गरेको पाइन्छ । नेपाल अधिराज्यको संविधान २०४७ को धारा १३ मा छापाखाना र पत्रपत्रिका सम्बन्धी हकको व्यवस्था गरिएको छ ।  धारा १३ को भाग १ मा कुनै समाचार लेख वा अन्य कुनै पाठ्य सामग्री प्रकाशित गर्न पूर्व प्रतिवन्ध

---

[३१] *प्रेस विधि शास्त्र* - काशीराज दाहाल, प्रकाशक नेपाल कानून समाज, पेज ८९,९०

लगाइने छैन । तर नेपालको सार्वभौमसत्ता वा अखण्डता वा विभिन्न जातजाति सम्प्रदायहरू बीचको सुसम्वन्धमा खलल पर्ने या राजद्रोह, गाली वेइज्जती, अदालतको अवहेलना हुने वा अपराध गर्न दुरुत्साहन गर्ने, सार्वजनिक शिष्टाचार वा नैतिकताको प्रतिकूल हुने कार्यमा मनासिव प्रतिवन्ध लगाउने गरी कानून बनाउन रोक लगाएको मानिने छैन ।

यसरी संविधानले एकातिर छापाखाना तथा प्रकाशनको स्वतन्त्रतालाई निकै उदारतापूर्वक प्रत्याभूति प्रदान गरिएको छ भने अर्कोतिर त्यसमा मनासिव प्रतिवन्ध लगाएको पनि छ । यस अर्न्तगत अदालतको अवहेलनालाई पनि समावेश गरिएको छ । कुनै पनि देशको संविधानले हक विना नियन्त्रण निरपेक्ष रूपमा उपभोग गराउन आजसम्म पनि सम्भव भएको छैन । हक माथि मनासिव प्रतिवन्ध लगाउन कानून बनाउन पाउने व्यवस्था जारी गरिएको छ । त्यस्तो कानूनद्वारा प्राप्त अधिकारको प्रयोग गरेर मात्र कारवाही गर्न पाउँदछ । मनासिव प्रतिबन्ध लगाउन पाउने प्रावधान संविधानमा नै राखिएको छ । कुनै प्रतिबन्ध लगाउने गरी बनाइएको कानून आफै पनि मनासिव हो वा होईन भन्ने कुराको निर्णय सर्वोच्च अदालतले मुद्दाको सन्दर्भमा निरूपण गर्दछ । मनासिव वा वेमनासिव कस्तो प्रतिबन्ध हो भनी हेर्न सामान्यतया प्रतिबन्धको प्रकृति, परिधि र परिणामलाई आधार बनाएर मूल्यांकन गरिन्छ ।

सञ्चारमाध्यमले देहायका उद्देश्यहरु लिई प्रकाशन गरेमा अदालतको अवहेलना मानिने सिद्धान्तहरू विकसित भएका छन् :

(१) कुनै अदालतमा विचाराधिन रहेको मुद्दा वा निर्णय भइ सकेको विषयलाई लिएर तथ्ययुक्त आधारविना वेइमानी गरेको अनुचित भएको वा असक्षम भनी कुनै न्यायाधिशको मर्यादा विपरित उसको नैतिकतालाई तल खसाल्ने (Scandalise) काम गर्नु ।

(२) न्यायाधिश जुरी पक्ष घटना वस्तुस्थिती सम्बन्धी तिनीहरूका साक्षीहरू वा कानून व्यवसायीहरूलाई लक्षित गर्दै कुनै विचाराधिन रहेको फौजदारी वा देवानी मुद्दाको कारवाहीको विषयमा टिप्पणी गरी कुनै समाचार पत्रमा लेख

प्रकाशित गर्नु त्यस्तो टिप्पणी निष्पक्ष र स्वच्छ पुर्पक्षको सुनुवाईमा प्रभाव पार्ने प्रयास गर्नु ।

(३) कुनै मुद्दा अन्तिम सुनुवाई हुनुभन्दा अगाडि नै चलिरहेको अवस्थामा विचाराधिन रहेको कार्यविधिलाई नै प्रभावित पार्ने गरी कुनै चिज प्रकाशित गर्नु ।

(४) न्याय प्रशासनको कार्यमा लागेको न्यायकर्तालाई वेइज्जत हुने वा कुनै अनुचित वाधा, अवरोध वा अतिक्रमण नहुने गरी वा उचित न्याय प्रशासनको सन्दर्भमा कुनै खास मुद्दाको हकमा अदालतको अवहेलना नहुन पनि सक्दछ ।

उपरोक्त विषयवस्तुहरू लेखकको रूपमा मात्र नभई भाषण, वक्तव्य, चित्र वा फोटोका माध्यमद्वारा गरिएमा पनि यस प्रसंगमा अवहेलना ठहरिन जान्छ । यदि न्याय प्रशासन वा अदालती कारवाहीसंग सम्बन्धित कानून वा नियमको विरुद्धमा गरिएको कार्यबाट सार्वजनिक हितको विषयमा मनासिव आलोचना वा तर्क वितर्क गरिन्छ भने त्यस्तोमा अदालतले सधैं सदाशयता राख्नु पर्ने भनी प्रेस र अदालत बीच सम्बन्धको सीमा रेखा निर्धारण गरिएको छ । कुनै समाचार पत्रले उपरोक्त परिभाषा अनुसार अवहेलना गरेको ठहरिन गएमा अदालत निम्न कुरामा सन्तुष्ट हुनुपर्ने मानिन्छ ।

(१) प्रकाशित भएको कुरा पूर्वाग्रह पीडित वा वेइज्जती गर्ने स्वभावको छ ।

(२) मुद्दा विचाराधीनमा रहेको कारणको ज्ञान भएर वा त्यसको वास्तविकता थाहा पाएर पनि त्यसबाट पर्ने प्रभावलाई वेवास्ता गरेको छ ।

(३) प्रकाशित भएको वस्तु सारभूत रूपमा न्याय सम्पादनको कार्यमा अतिक्रमण हुने खालको वा सार्वजनिक व्यक्तिहरूको दृष्टिमा पूर्वाग्रह सृजना गर्ने स्वभावको छ ।

(४) प्रकाशित सामग्रीको स्वरूपबाटै अवहेलनाजन्य देखिन्छ भने प्रकाशनको अवहेलना गर्ने मनसाय नभए पनि उक्त कार्य अवहेलनायुक्त मानिन्छ ।[३२]

---

[३२] *प्रेस विधि शास्त्र* - काशीराज दाहाल, प्रकाशक नेपाल कानून समाज, पेज ९०

'प्रेस स्वतन्त्रताको संवैधानिक मौलिक हकले अदालतको अवहेलनाको सीमारेखा उल्लंघन गर्ने छुट प्रदान गरेको सम्झन मिल्दैन । यदि प्रकाशित लेखबाट अदालतप्रति रहेको सम्पूर्ण जनताको आस्था र विश्वासमा कमि ल्याउने प्रयास भएको देखिन्छ भने अदालतको अवहेलना गरेको मानिन्छ । सञ्चार सम्बन्धी स्वतन्त्रताको हक प्रदत्त नियमले अदालतको अवहेलना हुनेगरी अभिव्यक्तिको स्वतन्त्रताको छुट दिएको छ भन्ने तर्क गर्नु मनासिव हुँदैन । स्वस्थ, न्यायसंगत र तर्कपूर्ण आलोचना अवहेलनाजनक मानिन्छ । अवहेलनाजनक छ वा छैन सो कार्य वा प्रकाशनमा व्यक्त भएका कथनबाट नै विचार गरिने हुन्छ । अवहेलनाजनक मनसाय छ छैन सो चिजको विचार गरिदिने स्वस्थ आलोचना गरे हुनेमा न्याय सम्पादनको कार्यमा सरिक हुने व्यक्तिको अभिप्रायमा दुनियाँले अनुचित दोषारोपण गर्न सक्ने किसिमको आलोचना दिई प्रेस स्वतन्त्रताको उपभोगको नाममा छुट नपाइने जस्ता सिद्धान्तहरू अदालतको अवहेलना र प्रेसको सम्बन्धका बीच न्यायिक व्याख्या हुन पुगेको देखिन्छ ।

अदालती व्याख्याका अतिरिक्त हाम्रो देशको न्याय प्रशासन ऐन २०४८ मा अदालतको अवहेलना सम्बन्धमा स्पष्ट व्यवस्था जारी गरिएको छ । उक्त ऐनको दफा १८(१) मा गरिएको व्यवस्था अनुसार जिल्ला अदालतले आफ्नो अवहेलना गरेको ठहऱ्याएमा अभियुक्तलाई एक हजार रूपैयासम्म जरिवाना, एक महिनासम्म कैद वा दुबै सजाय कायम गर्न सक्नेछ । यो ऐनको दफा १८(२) वमोजिम पुनरावेदन अदालतले आफ्नो मातहतको जिल्ला अदालतको अवहेलनामा कारवाही चलाउन सक्नेछ र अदालतको अवहेलना गरेको ठहऱ्याएमा अभियुक्तलाई ५ हजारसम्म जरिवाना वा ६ महिनासम्म कैद सजाँय वा दुबै प्रकारको सजाँय गर्न सक्नेछ । यस्तै दफा १८(३) अनुसार उपदफा (१) वा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि अदालतलाई सन्तोष हुने गरी अभियुक्तले क्षमायाचना गरेमा अदालतले निजलाई क्षमा गर्न

वा घटाउन  तोकेको शर्तमा ६ महिनासम्म मुलतवी राखी सो शर्तको पालना भएमा सजाय कार्यान्वयन नगर्ने आदेश दिन सक्नेछ । पुनरावेदन अदालतको आफ्नो अवहेलना सम्बन्धमा गरिएको यस्तै व्यहोराको व्यवस्था झैं विशेष अदालतको अवहेलना सम्बन्धमा विशेष ऐन २०५९ दफा १४ मा उल्लेख गरिएको छ ।'[३३]

'त्यसैगरी राज्यले अदालतको अवहेलना हुने कार्यमा मनासिव प्रतिबन्ध लगाउने गरी कानून पनि बनाउन सक्दछ । अभिलेख अदालतका प्रत्येक न्यायाधिशलाई भने आफ्नो उपस्थितिमा अवहेलना भएमा तत्कालै सजाँय दिने अधिकार हुन्छ । तर तल्लो अदालतलाई अदालतदेखि वाहिर गरेको अवहेलनासम्वन्धी मामिलामा कारवाही गर्ने अधिकार हुँदैन । कसैद्वारा अदालतदेखि बाहिर अवहेलना गरिएमा अभिलेख अदालतले सो गर्ने व्यक्तिलाई कारण देखाउन सो बापत आफ्नो प्रतिउत्तर दिन आज्ञा दिन सक्दछ । नेपाल अधिराज्यको संविधान २०४७ को दफा अनुसार नेपालको सर्वोच्च अदालत अभिलेख अदालत हो । यसले आफ्नो र आफ्नो. मातहतका अदालत वा न्यायिक निकायहरूको अवहेलना सम्बन्धी कारवाही चलाई कानून बमोजिम सजाँय गर्न सक्दछ । यसरी उक्त कारवाही चलाएको मुद्दामा सर्वोच्च अदालत ऐन २०४८ को दफा ८(१) वमोजिम कसुरदार ठहऱ्याएको व्यक्तिलाई एक वर्ष कैद वा दश हजारसम्म जरिवाना वा सजाँय हुन सक्दछ । तथापि उक्त ऐनको दफा ८२(२) वमोजिम अभियुक्त वा कसुरदारले सर्वोच्च अदालतलाई सन्तोष हुने गरी क्षमायाचना गरेमा अदालतले तोकेको शर्तमा सजाँय मुलतवी राखेर त्यस्तो शर्तको पालना भएमा सजाँय कार्यान्वयन गर्ने आदेश दिन सक्दछ ।

उदाहरणका लागि थीरप्रसाद पोखरेल विरुद्ध हरिहर विरही साप्ताहिक *विमर्शका* प्रकाशक एंव सम्पादक भएको अदालतको अवहेलना सम्बन्धी मुद्दामा साप्ताहिक *विमर्शको* २०४९।७२१ को अंकको मुख पृष्ठमा एउटा कार्टुन प्रकाशित

---

[३३] *न्यायिक आवाज*-स्ववियु ल क्याम्पस २०६०।६२

भएको थियो । सम्बन्धित कार्टुनको बीचमा एउटा नरिवल आकारको वृक्षमा टनकपुर मुद्दा लेखिएको त्यसमा एउटा नरिवल जस्तो देखिने वस्तु बोकेको एउटा चश्मा लगाएको बाँदर आकृतिलाई देखाएको छ । सो वृक्षको फेदमा दायाँतर्फ केही मानव आकृतिहरू कपडा थापेर छिटो खसाल यता खसाल भनिरहेको देखिन्छ भने यसैगरी वायाँतर्फ पनि सोही बमोजिम दृश्य देखाइएको छ । सोही कार्टुनको विषयलाई लिएर निवेदक थीरप्रसाद पोखरेलले अदालतको अवहेलना भयो भनी निवेदन दिनु भएको उक्त मुद्दामा सर्वोच्च अदालतबाट ७ दिन कैद र रु. ५०० जरिवाना ठहरी फैसला भए तापनि विपक्षी सम्पादकलाई व्यवसायिक जिम्मेवारी र आदर्श नागरिकको हैसियतले उहाँले कर्तव्यबोध गर्नु हुनेछ भन्ने आशाले सर्वोच्च अदालतले तत्काल सजाँय कार्यान्वयन नगर्ने विचारले सजाय मुल्तवी राखेको थियो, तापनि सो वमोजिम उक्त अवसरको प्रयोग नगरी विपक्षी सम्पादकले ७ दिन कैद भुक्तान र रु. ५००।- जरिवाना दिनु भएको थियो ।'[३४]

'नेपालमा अदालतको अवहेलनाको सम्बन्धमा के कस्ता कारवाही भएका छन् भन्ने सन्दर्भमा प्रधान न्यायालय र हरिप्रसाद प्रधानको नाम नछुट्नु स्वाभाविक रुपमा नौलो कुरा होईन । वि.सं.२००८ साल भाद्र २७ का दिन प्रधान न्यायालयले श्री ऋषिकेश शाहको कोतवालीमा दायर भएको मुद्दा हेर्नु भएकोले सो मुद्दाका विषयमा राष्ट्रिय कांग्रेसको वुलेटिन नं. ०३१ मा "प्रधान न्यायाधिशले कानमा तेल हाली वसे अहिलेसम्म मुद्दा किनारा भएन" भनी छापियो । छापेकोमा त्यसबाट न्यायालयको मानहानी भयो भन्ने अभियोगमा राष्ट्रिय कांग्रेसका अध्यक्ष डिल्लीरमण रेग्मी तेजकान्त जोशी र पशुपति प्रेसका म्यानेजर केशवदेव पाण्डेलाई ६/६ महिना कैद र रु. ५००।- रूपैया जरिवानाको फैसला गरी कैद गरियो । नेपाल राष्ट्रिय काँग्रेसका मन्त्री श्री शंकरप्रसादको हकमा वुलेटिन छापिएको समयमा विरामी भएबाट रिहाई भयो ।

---

[३४] *आमसञ्चार र कानून* -काशिाराज दाहाल पेज ४९८

स्मरणीय कुरा यो छ कि न्यायालयको त्यस बखतका प्रधान न्यायाधिश हरि प्रसाद प्रधानले यो फैसला प्रचलित कानूनदेखि बाहिर रही मनोमानी तवरबाट हचुवा रुपमा फैसला गरी सजाँय तोक्नु भएको थियो । यसो त सजाँय दिने अधिकार न्यायालयलाई कुनै ऐनले प्रदान गरेको थिएन र न्यायाधिशले कानमा तेल हाल्यो भन्दा अदालत तथा प्रधान न्यायाधिशको अपमान हुन्छ भन्ने कुरा परिभाषा तथा व्याख्या सम्बन्धी ऐन थिएन । रेग्मी जरिवाना तिरी जेल मुक्त भन्दै वि.सं. २००८।८।२४ मा गृह मन्त्रालयको विज्ञप्ति अनुसार श्री रेग्मीको उपचारको लागि उहाँलाई जेलबाहिर कुनै शान्तिपूर्ण वातावरणमा लग्ने गृहमन्त्रालयको योजना थियो तर रेग्मीले मान्नु भएन । उहाँको भनाई यो थियो की उहाँको औषधि उपचार नेपालमा हुन सक्दैन भारतमा मात्र हुन सक्छ भन्ने उक्त रिपोट पेश भएपछि पनि सरकारले नछोडदा आखिर रु. ५००। तिरी श्री रेग्मी, उहाँका साथी दुईजना समेत २००८।९।४ का दिन जेलबाट मुक्त हुनु भयो । संभवत नेपालको इतिहासमा न्यायालयबाट अदालतको अवहेलनामा कारवाही भएको यो नै पहिलो घटना हो ।'[३५]

---

[३५] *न्यायिक आवाज* -स्ववियू ल क्याम्पस २०६०।६२

## २. समस्या कथन (Statement of the Problem)

न्यायपालिका, व्यवस्थापिका र कार्यपालिका पछिको राज्यको चौथो अंग (Fourth Estate) को रूपमा स्थापना भएको सञ्चार माध्यम जहिले पनि राज्यप्रति जवाफदेही हुनुपर्ने हुन्छ । राज्यले पनि यसको स्वतन्त्रतामा अकुंश लगाउनु हुँदैन । तर सञ्चारमाध्यमले स्वतन्त्रताको उपभोग गर्ने विषयवस्तुमा न्यायपालिकालाई आघात पार्ने तथा अदालतको अवहेलना गर्ने जस्ता कृयाकलापप्रति सधैं सचेत रहनु पर्ने हुन्छ । जिम्मेवार सञ्चार माध्यमले सबै क्षेत्रतर्फ त्यतिकै सतर्क भई कार्य गर्नु पर्दछ । अन्यथा त्यस्ता सञ्चार माध्यम अपराधको भागिदार समेत बन्नु पर्ने भय उत्पन्न हुन्छ । सञ्चार माध्यममा देखा परेका मुद्दाहरू प्रेस काउन्सिलसम्म पुग्न पर्ने प्रावधान छ । तर व्यवहारिक पक्षबाट त्यो हुन सकेको छैन । यसको फलस्वरूप सिधै सर्वोच्च अदालतमा जाने गरेको पाइन्छ । त्यस्ता संचार माध्यम सम्बन्धी मुद्दाहरूको फैसला हुने प्रश्न समेतमा पनि स्पष्ट नियम कानून नभएको कारणले गर्दा के कस्ता विषयमा कहाँ र कसरी सञ्चार माध्यममा मुद्दाहरू दायर गर्ने भन्ने चिजप्रति कतिपय अवस्थामा संचारकर्मी अनभिज्ञ भएको कारणवश पनि कहिलेकाही यस्ता संचार सम्बन्धी मुद्दाहरू त्यतिकै ओजेलमा रहने अवस्था सिर्जना भएको पाउँदछौं ।

प्रेस काउन्सिल पनि यो विषयमा त्यति संवेदनशील नभएको तर प्रेस काउन्सिलसम्म पेश भएका मुद्दाको मात्र अर्थात यसमा उजुरीमा उत्पन्न भएका विषयमा मात्र आएका कानूनी प्रक्रिया अगाडि वढाएको कारण कतिपय अवस्थामा जति सञ्चार माध्यम सम्बन्धी मुद्दाहरू छन् ती मुद्दाहरू प्राय: ओझेलमा परेको देखिन्छ । संचार माध्यममा अनुगमन गर्नु पर्ने जिम्मेवारी बोकेको प्रेस काउन्सिल पनि केहि हदसम्म मौन भएको देखिन्छ ।

नेपालको सन्दर्भमा अदालतको अवहेलना सम्बन्धी स्पष्ट ऐन कानून बनेको पाइन्न । त्यसैले यस सम्वन्धमा विदेशी कानूनको अभ्यासलाई  पछ्याएको पाइन्छ । अदालतको अवहेलनाका सम्वन्धमा नेपाल अधिराज्यको संविधान २०४७ अन्तर्गत विभिन्न ऐन निर्माण भएको देखिन्छ । यस अन्तर्गत सर्वोच्च अदालत ऐन, न्याय

प्रशासन ऐन, विशेष अदालत ऐन रहेका छन् । यी ऐनहरूमा अदालतको अवहेलना सम्बन्धमा केही व्याख्या गरेको पाइन्छ । तदनुसार विषयवस्तु कायम छन् ।

## २.१ सर्वोच्च अदालत ऐन, २०४८

सर्वोच्च अदालत र मातहतका अदालतको अवहेलना (१) सर्वोच्च अदालतले आफ्नो र आफ्नो मातहतका अदालत वा न्यायिक निकायहरूको अवहेलनामा कारवाही चलाएको मुद्दामा कसुरदार ठहराएको व्यक्तिलाई एक वर्षसम्म कैद वा दश हजार रूपैयासम्म जरिवाना वा दुबै सजाय गर्न सक्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएको अवस्थामा समेत छुटै पनि अभियुक्त वा कसुरदारले सर्वोच्च अदालतलाई सन्तोष हुनेगरी क्षमायाचना गरेमा अदालतले निजलाई क्षमा दिने वा सजाँय तोकी सकेको भए सजाँय माफ गर्न, घटाउन वा अदालतले तोकेको शर्त वा पालना भएमा सजाय कार्यान्वयन नगर्ने आदेश दिन सक्नेछ ।

## २.२ न्याय प्रशासन ऐन, २०४८

अदालतको अवहेलना (१) जिल्ला अदालतले आफ्नो अवहेलना कारवाही चलाउन सक्नेछ र अवहेलना गरेको ठहराएमा अभियुक्तलाई एक हजार रूपैंयासम्म जरिवाना वा एक महिनासम्म कैद वा दुबै सजाय गर्न सक्नेछ ।

(२) पुनरावेदन अदालतले आफ्नो र आफ्नो मातहतको जिल्ला अदालतको अवहेलनामा कारवाही चलाउन सक्नेछ र अदालतको अवहेलना गरेको ठहराएमा अभियुक्तलाई पाँच हजार रूपैंयासम्म जरिवाना वा ६ महिनासम्म कैद वा दुबै प्रकारको सजाँय गर्न सक्नेछ ।

(३) उपदफा (१) वा (२) मा जुनसुकै कुरा लेखिएका भएता पनि अदालतलाई सन्तोष हुने गरी अभियुक्तले क्षमायाचना गरेमा अदालतले निजलाई क्षमा गर्न वा सजाँय तोकिसकेको भए सो सजाँय माफ गर्न, घटाउन वा अदालतले तोकेको शर्तमा ६ महिनासम्म मुलतवी राखी सो शर्तको पालना भएमा सजाँय कार्यान्वयन नगर्ने आदेश दिन सक्नेछ ।

## २.३ विशेष अदालत ऐन, २०३१

दफा ७ अवहेलना : विशेष अदालतले आफ्नो अवहेलनामा कारवाही चलाउन सक्नेछ र अवहेलना गरेको ठहराएमा ६ महिनासम्म कैद वा एक हजार रूपैयासम्म जरिवाना वा दुबै प्रकारको सजाय जारी गर्न सक्नेछ ।

तर विशेष अदाललते सन्तोष हुनेगरी अभियुक्तले क्षमायाचना गरेमा विशेष अदाललते अभियुक्तलाई रिहाई दिन वा सजाय तोकिसकेको भए सो प्रकारको सजाँय माफ गर्न वा घटाउन सक्नेछ ।

## ३. शोध उद्देश्य (Objective of the Study)

यस शोधको उद्देश्य सञ्चार माध्यममा परेका अदालतको अवहेलना सम्बन्धी मुद्दाहरूको अध्ययन तथा यस सम्वन्धमा कानूनी पक्ष दह्रो छ छैन आदि केलाउनु हुनेछ । यहाँ कुन कुन पत्रपत्रिकाहरूले अदालतको अवहेलनाको मुद्दा खेप्नु पऱ्यो सो अध्ययन गरिनेछ । अदालतको अवहेलनाको आरोपमा देखा परेका मुद्दाहरूप्रति अदालतले गरेको फैसलाहरूको अध्ययन गर्दै त्यसले सामाजिक तथा व्यक्तिको मान प्रतिष्ठामा आघात पर्ने त्यस्ता घटनाहरूको प्रभावले अप्ठ्यारो वातावरण सृजना गरे नगरेको केलाउनेछ । नेपालको छापा पत्रकारिताले अदालतको अवहेलनाको विषयमा यसले सामना गर्नु परेका उजुर मुद्दा र तिनीहरूको प्रकृति केलाउनेछ ।

स्वच्छ मर्यादित र जिम्मेवार पत्रकारिताको विकासमा खेलेको भूमिका के कस्तो छ ? अदालतको अवहेलना सम्बन्धी मुद्दाको कानूनी उपचार कस्तो रहेको छ ? भनी अध्ययन गर्ने अदालतको अवहेलना सम्बन्धी मुद्दाले सञ्चारकर्मीमा कस्तो असर परेको छ । त्यस्ता मुद्दाहरू समयमा नै टुंगो लागेको पाइएको छ वा छैन तथा सञ्चार माध्यममा अदालतको अवहेलना हुने सामग्री कसरी प्रस्तुत गरिएका छन् ? सञ्चारकर्मीले अदालतको अवहेलना सम्बन्धी समाचार सम्प्रेषण गर्दा के कस्तो प्रभाव पार्दछ ? अदालत माथिको जन आस्था, विश्वास र मर्यादामा आघात पर्ने

सम्बन्धमा सञ्चारकर्मीहरू सचेत रहन जरुरी छ छैन ? आदी अध्ययन गर्नु यस शोधको उद्देश्य रहने छ ।

## ४. शोध विधि (Research Methodology)

यस शोधका लागि निम्न लिखित विधिको प्रयोग गरिनेछ साथै आवश्यक परेमा अन्य विधिको समेत प्रयोग गरिनेछ ।

- ❖ कानून सम्बन्धित पुस्तकालयको अध्ययन **(Library study)** गरिनेछ ।
- ❖ सञ्चारकर्मीहरू तथा कानून व्यवसायीहरूम प्रश्नावली निर्माण तथा प्रयोग ।
- ❖ कानूनव्यवसायी तथा सञ्चारकर्मीहरूसंग अन्तरक्रिया (Interact) गरिने ।
- ❖ शोधसंग सम्वन्धित संघ संस्थामा अनुगमन गरिने (प्रेस काउन्सिल तथा अदालत) ।

यस शोध तयार गर्नका लागि २०४९ साल कार्तिक २१ गते प्रकाशित कार्टुनलाई मुख्य रुपमा चर्चाको विषय वनाइएको छ । किन की २०४६ को प्रजातन्त्र पुर्नस्थापना पश्चात् सञ्चार माध्यममा अदालतको अवहेलना सम्बन्धमा मुद्दा परी सजाँय पाएको तथा चर्चामा आएको विषय भएकोले *विर्मश* साप्ताहिक मा प्रकाशित कार्टुनलाई नै आधार मानेर अध्ययन गरिने छ ।

# ५. सीमाको स्थिरीकरण (Delimitation)

सञ्चार माध्यममा २०४६ को प्रजातन्त्र पुर्नस्थापन पश्चात् अदालतको अवहेलना भयो भनेर कारवाही चलेको र सजाय भएको तथा चर्चामा आएको पहिलो घटना जुन साप्ताहिक *विमर्श*बाट छापिएको कार्टुनलाई लिएर परेको मुद्दा हो । यसलाई नै अदालतको अवहेलना सम्वन्धी नेपाली इतिहासको सम्भवतः पहिलो मुद्दा मानिन्छ । अदालतको अवहेलनाका विषयमा संचार माध्यममा कम्तिमात्रमा परेका मुद्दाहरूका कारण २०४९ साल कार्तिक २१ गते शुक्रवार प्रकाशित साप्ताहिक *विर्मश* पत्रिकाको पृष्ठमा  प्रजातन्त्र र न्यायपालिकाको मर्यादा भन्ने लेखको मुनी छापिएको कार्टुन चित्रमा एकापट्टि विपक्षी दलका नेताहरू कपडा थापेर यता खसाल छिटो खसाल भनी हल्ला गर्दै उभिएका र यी दुबैको  बीचमा नरिवलको एउटा रुख वनाई त्यसको टुप्पामा सम्माननीय प्रधान न्यायाधिशज्यूको पुच्छर समेत भएको मुखाकृतिमा टनकपुर मुद्दा लेखिएका फाइल बोकेर बसीरहेको कार्टुन चित्र समेत वनाई संवैधानिक अंगका प्रमुख र स्वतन्त्र न्यायपालिका माथिको जनआस्थाप्रतिको विश्वास र मर्यादा समेतमा आघात पर्ने गरी प्रकाशित गरेकोले सो साप्ताहिक *विमर्श* पत्रिकाका प्रकाशक एवं सम्पादक हरिहर विरहीलाइ मुद्दा परेको थियो । यसलाई लिएर सञ्चार माध्यममा निकै चर्चित हुन पुग्यो । त्यसैले यसै *विर्मश* कार्टुन काण्डलाई मुख्य आधार वनाई सो *विर्मश* कार्टुन काण्डमा केन्द्रित रही अध्ययन गरिएको छ ।

## ६. अध्ययनको महत्व (Importance of Study)

प्रेस, सार्वजनिक मत अभिव्यक्तिको सूचक तथा समाजको पहरेदार (Watch dog) हो । संचार माध्यममा सार्वजनिक विचारहरूलाई अभिव्यक्त गर्ने प्रखर क्षमता हुने भएकोले प्रजातन्त्रको संरक्षणको निमित्त प्रेस स्वतन्त्रताको आवश्यकता पर्दछ । पूर्ण स्वतन्त्रताको प्रतिक भनेको नै प्रजातन्त्र हो । भनिन्छ "जहाँ प्रजातन्त्र छ, त्यहाँ नै प्रेस स्वतन्त्रताको कल्पना गर्न सकिन्छ" ।

'स्वतन्त्र' शब्दले कसैको पनि नियन्त्रण वा प्रभाव नहुनुलाई जनाउँदछ । अन्य कसैको हस्तक्षेप विना आफैले निर्णय लिन सक्नुलाई पनि 'स्वतन्त्रता' ले न्यायिक कारवाही एवं क्रियाकलापमा वा व्यवस्थापिका लगायत कसैको हस्तक्षेप नहुनुलाई वोध गराउँदछ ।

शक्ति पृथकीकरणको सिद्धान्त (Separation of power) मा न्यायपालिकाको स्वतन्त्रता न्यायिक कारवाही र प्रशासनको सन्दर्भमा न्यायिक निकायको स्वाधीनतासंग सम्वन्धित रहेको छ । यसले नागरिकको न्यायप्रतिको पहुँच र न्यायिक कारवाहीको स्वच्छताको अधिकारसंग पनि तादाम्यता राखेको हुन्छ । यस प्रेससमेत लाई पनि संकुचित पार्ने तथा सेन्सर गर्ने हो भने त्यसले राष्ट्र र जनताको लागि निष्क्रिय भएर सोच्ने तथा त्यसप्रति वफादार हुन निकै कठिन पर्दछ । यसको फलस्वरूप पारदर्शी पत्रकारिता निमार्ण भई समाजमा प्रजातान्त्रिक सूचनाको संवाहन कायम हुन सक्दैन । यसरी निर्वाध रुपमा प्रजातान्त्रिक धरोहर कायम हुनका लागि सञ्चार माध्यम सम्बन्धी ऐन कानून तथा नीति नियम कायम हुनु अनिवार्य पर्दछ ।

यस शोधको परिणाम तथा निष्कर्षले सञ्चार माध्यमसंग प्रत्यक्ष सरोकार कायम राख्ने व्यक्ति तथा पत्रकारिता विषय लिई अध्ययरत विद्यार्थीहरूबीच थप सहयोग पुऱ्याउने छ । सञ्चार माध्यमले सदादर्वदा अदालतको अवहेलना सम्बन्धीको स्थिति वुझ्न र त्यसलाई दोहोरिन नदिन सचेत गराउने छ । यो अन्ततः अध्ययन कार्य प्रेस कानून सम्बन्धी जानकारी प्राप्त गर्न सहायक सिद्ध हुनेछ ।

## ७. परिकल्पना (Hypothesis)

सञ्चार माध्यममा परेका अदालतको अवहेलना सम्वन्धी मुद्दाको स्थिति अध्ययन गर्दा यस विषयसंग तादाम्य राख्न विभिन्न किसिमको परिवेश तथा सर्न्दभसंग परिकल्पना गरिएको छ । यसअन्तर्गत सञ्चार माध्यमले जानी जानी अदालतको अवहेलना गरेको पाइँदैन । सञ्चार सम्वन्धी अदालतको अवहेलनामा अदालतले यस्ता मुद्दाहरूको समयमा नै टुङ्गो लगाएको पाइदैन । सरकारी ओहदाका व्यक्तिहरू आफूलाई उम्काउन वा आफू नाघिनबाट जोगिन अदालतको अवहेलना सम्बन्धी आरोपलाई सञ्चार माध्यम माथि थोपारिदिएको पाइन्छ ।

त्यसैगरी संवाददाताले जहिले पनि कुनै पनि घटनाको सत्य, तथ्य विषयवस्तुलाई उजागर गरी समाचारलाई अतिरञ्जितपूर्ण तवरवाट समाजमा सनसनी फैलाउने कार्य गरी नकरात्मक प्रभाव पार्नु पत्रकारिताको सिद्धान्त होइन । घटनाको एक पक्षलाई मात्र नउठाई प्रत्येक पक्षलाई केलाइ कानुन सम्मत भएको वा विरोध के कस्तो छ सम्पुर्ण कुरालाई मध्यनजर गरी मात्र समाचार सम्प्रेषण गर्नु पर्दछ । त्यसैले संवाददाताले पत्रकारिता आचार संहिता तथा कानुनी ज्ञानको सदासर्वदा पालना गर्नु पर्दछ ।

सञ्चार माध्यममा कार्यरत सञ्चारकर्मीहरु बीच व्याप्त कानुनी ज्ञानको अभावका कारण कहिलेकाहि अदालतसम्म धाउनु पर्ने अवस्था आउनुका साथै कतिपय सञ्चारकर्मीहरुलाई सिधा अदालत नगई प्रेस काउन्सिलबाट र त्यस्तो प्रकारका समस्याको उपचार पाउने विषयवस्तुको ज्ञानको कमिका कारण पनि अदालतले नै त्यस्ताउजुरी उपर कारवाही जारी गरेको देखिन्छ । राष्ट्रको प्रत्येक नागरिकलाई सार्वजनिक सूचना माग्ने र पाउने अधिकार प्राप्त हुन्छ ।

ती सूचना संकलन गर्दा के कस्ता सूचनाहरु प्रकाशनमा ल्याउने र त्यस्ता सूचनाले समाजमा सकारात्मक वा नकारात्मक कस्तो प्रकारका असर पार्दछ भन्ने चिजको ज्ञान सञ्चारकर्मीमा हुनु पर्दछ । कसैलाई गाली वेइज्जती गर्नु , चरित्र हत्या गर्ने तथा कुनै पनि व्यक्ति वा अदालतको मानहानी गर्न कानुनसम्मत हुँदैन । त्यसैले प्रेसले कानुन र पत्रकारिता आचारसंहिताको पालना गरी आफ्नो जिम्मेवारी गहनतापूर्वक वहन गर्नु पर्दछ ।

# भाग - २

# ८. साहित्य समीक्षा (Review of Literature)

नेपाली सञ्चार क्षेत्रमा सञ्चार माध्यम तथा  पत्रपत्रिका सम्बन्धी अध्ययनको लागि यथेष्ट पुस्तकहरूकै अभाव तड्कारो रुपमा खाँचो रहेको छ । यद्यपि सञ्चार सम्बन्धी विषयवस्तुको वस्तुस्थितिका सर्वेक्षण तथा विवेचना दुई दशक अघिदेखि भएको देखिन्छ । तथापि प्रेस कानुन सम्वन्धी पुस्तकहरूको अभाव टड्कारो देखिन्छ । २०४७ को संविधानले प्रत्येक नागरिकलाइ छापाखाना तथा पत्रपत्रिका सम्बन्धी प्रकाशन तथा विचार अभिव्यक्तिको स्वतन्त्रता प्रदान गरेता पनि राज्यका हितका लागि मनासिव प्रतिवन्ध लगाउने अधिकार समेत सोही संविधानले स्पष्ट रूपमा उल्लेख गरेको पाइन्छ ।

'नेपालमा अदालतको अवहेलना सम्बन्धमा के कस्ता कारवाहीहरू भएका छन् भन्ने सन्दर्भमा चर्चा गर्दा प्रधान न्यायालय र हरिप्रसाद प्रधानको नाम नछुट्नु स्वाभाविक रूपमा नौलो कुरा होईन । २००८ साल भाद्र १३ गतेको राष्ट्रिय कांग्रेसको बुलेटिन नं. ३१ मा ‘नयाँ न्यायाधीशको कार्य तत्परता’ शीर्षक समाचार अन्तर्गत “......... नयाँ न्यायाधिशका कार्य तत्परता देखाई छुट्टीको दिन पनि नभनी उहांले गर्नु भएको तत्परताप्रति खुशी लाग्नु पर्ने नै भयो । नेपाली राष्ट्रिय कांग्रेसका एक प्रमुख व्यक्ति ऋषिकेश शाहलाई केही विचार नगरी सुरक्षा कानुन लगाई केही दोष नलगाई हाहामै त्यसै अन्नपानी समेत नदिइ ७ दिनसम्मको थुनापछि  सरकारले छाडिदियो । कोतवालीले मुद्दा हेरी कसुरदार चाहि निजलाई थुन्ने कुराको रिर्पोट दिने तारकजंग नै कसुरदार ठहर्छन भनी फैसला गरेको र सो मुद्दा फेरि न्यायालयमा गएको तर आजसम्म न्यायालयले मुद्दा नछिनेको, फेरि “नयाँ आएका न्यायाधिश पनि कानमा तेल हालेर बस्ने यो क्या हो ?” यसरी राष्ट्र सेवामा लागेका मानिसहरूलाई झुलाएर राख्दा जनताको कति क्षति होला ? भन्ने चिज प्रकाशित भएको थियो ।

यस प्रकारको प्रकाशित समाचार विषयमा प्रधान न्यायालयबाट नेपाल राष्ट्रिय कांग्रेसका अध्यक्ष श्री डिल्लीरमण रेग्मी, प्रचारमन्त्री श्री शंकरप्रसाद उपाध्याय, प्रचार

विभागका अध्यक्ष श्री तेजकान्त जोशी एवं मुद्रक पशुपति प्रेसका मालिक श्री केशवदेव पाण्डेको नाममा त्यस्तो निराधारको चिज छापेर प्रधान न्यायालयको अपमान किन गऱ्यौ, तिमीहरू माथि कानूनी कारवाही किन हुन नपर्ने, त्यसको तीन दिनभित्रै कैफियत दिनु" भनी २००८ साल भाद्र २० गतेमा लेखि पठाएको थियो । प्रधान न्यायालयको लेखोटको जवाफमा २००८ साल भाद्र २२ गते श्री डिल्ली रमण रेग्मीले "वुलेटिन प्रकाशन सम्वन्धी सबै कुराको पुरा उत्तरदायित्व त्यसै संस्थाको प्रचार विभागमा छ "। भन्ने  श्री तेजकान्त जोशीले "लेखमा कुन कुन निराधार छापिएर प्रधान न्यायालयको अपमान भएको हो त्यो थाहा पाए मुनासिव जवाफ दिने थियो ।" भन्ने श्री केशवदेव पाण्डेले -"वुलेटिन छापिएको विषयमा तमाम कुराको जिम्मेवारी उक्त संस्था ने.सा.का. को प्रचार विभागका मन्त्री श्री शंकरप्रसादजीले जवाफदेही म नै हुनेछु भनी लेखि मलाई दिनु भएको छ ।" भन्ने आदि व्यहोरा लेखि दिनु भयो । तर श्री शंकरप्रसाद उपाध्यायबाट यस समयमा कुनै जवाफ, प्राप्त भएन । लेखिए वमोजिमको जवाफ प्राप्त भएपछि प्रधान न्यायालयबाट २००८ साल भाद्र २४ गते ... " प्रतिवादीहरूकै भनाई अनुसार यो वुलेटिन छापिएको जिम्मेवारी निजहरूकै भएको बुझिन्छ र सभापतिसम्म भएका मानिस डिल्लीरमण रेग्मीजीले कसरी निजको उत्तरदायित्व छैन भन्ने अभिप्रायको जवाफ दिए सो बुझ्न सकिएन । श्री शंकरप्रसादजीले २००८ साल वैशाख १ गतेमा पशुपति प्रेसलाई दिएको चिट्ठी र निजै प्रतिवादीहरूले त्यसको अर्थ बताए बमोजिम त्यस संस्थाका सभापति डिल्ली रमण रेग्मीको सो वुलेटिन नं. ३१ का छापिएका कुराहरूमा पुरा उत्तरदायित्व ठहरिन्छ, निजले यस कुराको उत्तरदायित्व नमान्नु निजको कायरताबाहेक अरु केही देखिन्न ।

पशुपति प्रेसका मालिक केशवदेव पाण्डेले पनि शंकरप्रसादले कागज दियो भन्दैमा आफ्नो पेशाको उत्तरदायित्व नमान्नु आश्चर्यको कुरा हो । निजले २००५ सालको छापाखाना सम्बन्धी ऐन जो निर्माण भएको छ । त्यसको केही ख्याल नराखेको जस्तो देखिन्छ । अहिले कानूनी कारवाही हुनुपर्ने देखिन्छ । यसको सूचना

गृह मन्त्रालयलाई दिई यथास्थिती रुपमा कारवाही गराउन । अहिले यो ३१ नम्वरको वुलेटिनमा छापिएका कुराको उत्तरदायित्व निज माथि पनि पुरै ठहरिन्छ ।

तेजकान्त जोशीले नेपाल राष्ट्रिय कांग्रेस प्रचार विभागको अध्यक्ष हुं भनि यस न्यायालयमा बयान दिएको हुनाले यस वुलेटिन नं. ३१ मा छापिएको कुरामा निज तेजकान्त जोशीको पनि पुरा उत्तरदायित्व ठहरिन्छ । अब विचार गर्ने विषय यो छ कि सो ३१ नं. को वुलेटिनमा फेरि नयाँ आएका न्यायाधिश पनि कानमा तेल हालेर वसे' भनी जुन चिज छापिएको छ सो अपमानसूचक कुरा हो कि होईन प्रतिवादी तेजकान्त जोशीको वयान  अनुसार तेल हालेको भन्ने शब्द हो, अपमानजनक शव्द होइन, भनेकोमा प्रतिवादीहरूको नियत यस्ता शब्द प्रयोग गर्दा न्यायालयको अपमान हुँदैन भनी सो छापेको कुरा समर्थन गरेको वुझियो । यसमा पढेलेखेका मानिसहरूले कानमा तेल हालेको भन्ने शव्द अपमानजनक होइन भनी भन्नु पनि एउटा महान आश्चर्यको कुरा हो । विद्वानका चिज त छाडिदिउँ भाषा ज्ञान नभएको अदना मानिस या आफ्नै नोकरलाइ पनि यस्ता शव्द प्रयोग गर्दा निजहरूले अपमान बोधसूचक मान्छन् कि प्रचलित शब्द भनी चुपलागी बस्तछन् । यो त साधरण व्यवहारको विषय हो । प्रधान न्यायाधीशले ऋषिकेशको मुद्दामा कानमा तेल हाले भन्ने जो शब्द प्रयोग गरे सो प्रधान न्यायालयको अपमान नै ठहरिन्छ र अन्तरिम विधान अनुसार यी तिनै जना प्रतिवादीहरू कसुरदारहरू ठहरिई तिनै जनालाई ६।६ महिनाको कैद र रु. ५००।- जनही जरिवाना तिरेन भने अरु तीन तीन महिनाको कैद थप हुन्छ । शंकरप्रसाद त्यसवखत हाजिर नभएको हुनाले निज उपर वारेण्ट जारी गरी भोलि अदालतमा हाजिर गराउनु भन्ने फैसला भयो ।' [३७]

'नेपाल राष्ट्रिय कांग्रेसका मन्त्री श्री शंकरप्रसादको हकमा वुलेटिन छापिएको समयमा विरामी भएबाट रिहाई भयो । स्मरणीय  यो छ कि न्यायलयको त्यस वखतका प्रधान न्यायाधिश हरिप्रसाद प्रधानले यो फैसला प्रचलित कानूनदेखि बाहिर रही मनोमानी तवरबाट हचुवा रुपबाट फैसला गरी सजाय तोक्नु भएको थियो ।

---

[३७] *न्यायिक आवाज* स्ववियु ल क्याम्पस २०६०।६२

यस्तो सजाय दिने अधिकार न्यायालयललाई कुनै ऐनले प्रदान गरेको थिएन र न्यायाधिशले कानमा तेल हाल्यो भन्दा अदालत तथा प्रधानन्यायाधिशको अपमान हुन्छ भन्ने चिजको परिभाषा तथा व्याख्या सम्वन्धी ऐन थिएन । वि.सं. २००८।८।२४ मा गृह मन्त्रालयको विज्ञप्ति अनुसार श्री रेग्मीको उपचारको लागि उहाँलाई जेलबाहिर कुनै शान्तिपूर्ण वातावरणमा लग्ने गृह मन्त्रालयको योजना थियो । तर रेग्मीले मान्नु भएन । उहाँको भनाई यो थियो । उहाँको औषधि उपचार नेपालमा हुन सक्दैन, भारतमा मात्र हुन सक्छ । उक्त रिर्पोट  पेश भए पश्चात् पनि सरकारले नछोड्दा आखिर रु. ५०० तिरी रेग्मी उहाँका साथी दुईजना समेत २००८।९।४ का दिन जेलबाट मुक्त हुनुभयो । सम्भवतः नेपालको इतिहासमा न्यायालयबाट अदालतको अवहेलनामा कारवाही भएको यो नै पहिलो घटना हो ।

वास्तवमा अदालत वा न्यायाधिश यस्तो संस्था वा व्यक्ति होईन जसको कुनै आलोचना नै नहोस् । न्यायाधिशले कतिपय अवस्थामा धेरै अप्रिय आलोचनाहरू समेत सुन्नु तथा खेप्नु परिरहेको पनि हुन्छ । तर जब आलोचनाले न्यायको नियमित प्रवाहमा नै असर पुऱ्याउँछ, न्यायाधिशको निष्पक्षता तथा उसको क्षमतामा अनुचित टिका-टिप्पणी गरी सर्वसाधारण जनताको नजरमा अदालतलाई गिराउने कार्य हुन्छ, तब त्यस्तो कार्य  अदालतको अवहेलनाको विषयवस्तु समेत बन्न पुग्दछ ।

त्यस्तै वर्ष २२, अंक १३,२०४९ साल कार्तिक २१ गते शुक्रवारमा प्रकाशित साप्ताहिक *विमर्श* पत्रिकाले मुख पृष्ठमा प्रजातन्त्र र न्यायपालिकाको मर्यादा भन्ने लेखको मुनी छापिएको कार्टुन चित्रमा एकापट्टि विपक्षी दलका नेताहरू कपडा थापेर यता खसाल छिटो खसाल भनी हल्ला गर्दै उभिएका र यी दुबैको  बीचमा नरिवलको एउटा रुख बनाई त्यसको टुप्पामा सम्माननीय प्रधान न्यायाधिशज्यूको पुच्छर समेत भएको मुखाकृतिमा टनकपुर मुद्दा लेखिएका फाइल बोकेर बसी रहेको कार्टुन चित्र समेत बनाई संवैधानिक अंगका प्रमुख र स्वतन्त्र न्यायपालिका माथिको जनआस्थाप्रतिको विश्वास र मर्यादा समेतमा आघात पर्ने गरी प्रकाशित गरेकोले सो साप्ताहिक *विमर्श* पत्रिकाका प्रकाशक एवं सम्पादक हरिहर विरही समेतलाई

अदालतको मानहानी गरेकोमा कानून वमोजिम कारवाही गरी सजाँय समेत गरी पाउँ भनी मुद्दा पऱ्यो ।'[३८]

'प्रधानन्यायाधिश विश्वनाथप्रसाद उपाध्यायको कार्टुन प्रकाशित भएको दिनको आदेश अनुसार इजलाशको शुरुमा *विमर्श*को लिखित प्रत्युत्तर पेश भयो । प्रत्युत्तर सुनेपछि न्यायाधिश द्धय रूपवहादुर सिंह र मोहनप्रसाद शर्माले "यस मुद्दामा लामो वहस गर्नुको कुनै अर्थ छैन, कुरा सबैले वुझिसकेका छन्" भन्दै दुबै पक्षका वकिलहरूलाई थोरै समयमा मुद्दाको वहस नै टुंग्याउन आग्रह गर्नु भयो । वहस प्रारम्भ गर्ने मौका अधिवक्ता शम्भु थापाले पाउनु भयो । उहाँले *विमर्श* विरुद्ध वकालत गर्नु भयो । उहाँका साथ केहि समय अघिसम्म सरकारी वकिल रहेका र पंचायतकालमा हरिहर विरही माथि राजकाज मुद्दा लाग्दा अञ्चलाधिश कार्यालयको तर्फबाट वहस गर्ने वकिलहरुमा लव मैनाली र अर्का युवा अधिवक्ता सतीश कृष्ण खरेल हुनुहुन्थ्यो । *विमर्श* को उक्त कार्टुनले अदालतप्रतिको जनआस्था गिराउन खोजेको छ । यस पत्रिकामा कारवाही हुनुपर्छ भन्ने उहाँहरूको जिकिर थियो । कार्टुनमा रहेको नरिवलको रुखमा चढेको मानिसको अनुहार प्रधान न्यायाधिश विश्वनाथप्रसाद उपाध्यायको अनुहारसंग मिल्छ र त्यसमा वाँदरको पुच्छर समेत वनाई न्यायाधिश र सम्पूर्ण अदालतको प्रतिष्ठामा चोट पुऱ्याएको दावी उहाँहरूको थियो । मुद्दाको अकोतर्फ वरिष्ठ अधिवक्ता कृष्णप्रसाद पन्त नेपालवार एशोसिएसनका अध्यक्ष राधेश्याम अधिकारी तथा अधिवक्ता अनुपराज शर्मा हुनुहुन्थ्यो ।

अदालतको *विमर्श*को उक्त कार्टुनले प्रधानन्यायाधिस वा अदालतले प्रतिष्ठामा कुनै आँच पुऱ्याएको छैन भन्दै पन्तले रुखमा चढेको र पुच्छर भएको मानिस प्रधान न्यायाधिस नै हो भन्ने आधार केहि छैन भन्नु भयो । कलाकृति वा कार्टुनलाई जसले जस्तो आँखाले हेर्छ त्यस्तै देखिन्छ भन्दै यसलाई कुनै दुर्भावना नराखी हेर्नु पर्ने चिजमा उहाँले जोड दिनुभयो । कार्टुनमा न्यायाधिश वा अदालतप्रति कुनै व्यङ्ग्य छैन, व्यङ्ग्य त अदालतलाई प्रभावित गर्न वा आफ्नो पक्षमा पार्न खोज्ने राजनीतिक

[३८] *आम सञ्चार र कानून* काशीराज दाहाल । पेजल ४७८,४७९

पार्टी वा नेताहरूप्रति छ । न्यायालय कसैको पनि प्रभावबाट मुक्त र माथि छ भन्ने देखाइएको छ । अदालतको निष्पक्षता र सर्वोच्चता देखाइएको छ । अदालतको मानहानी गरेको विल्कुलै छैन भन्ने उहाँको तर्क थियो । विपक्षहरूको तर्कप्रति लक्षित गर्दै पन्तले भन्नुभयो, जसले व्यङ्ग्य बुझ्दैन त्यसको अगाडि व्यङ्ग्य गर्नु दुःखदायीपूर्ण हुन्छ भनिन्छ । त्यो वास्तवमा हो रहेछ पन्तले अत्यन्त रोचक र प्रभावकारी ढंगले आफ्नो तर्कहरू पेश गर्नु भएको थियो ।

त्यस्तै अधिवक्ता राधेश्याम अधिकारीले अदालतको मानहानी गर्ने *'विमर्श'* को उद्देश्य देखिदैन र यो कार्टुनबाट मानहानी भएको छैन भन्दै यसरी कार्टुनमाथि कारवाही गर्दा संविधानद्वारा जनता र पत्रकारहरूलाई प्रदान गरिएको स्वतन्त्रता कुण्ठित हुन सक्नेतर्फ न्यायाधिशहरूको ध्यानाकर्षण गर्नुभयो । उहाँले पत्रिकामा कुन सामाग्री कुन परप्रेक्ष्यमा छापिएको हो । त्यो पनि हेर्नु पर्छ भन्दै कुनै एउटा सामग्री मात्र हेर्न त्यसको पृष्ठभूमि परिवेश र अन्य सामग्रीहरू पनि निरुपण गरेर कुनै निर्णयमा पुग्नु पर्छ भन्ने चिजप्रति जोड दिनु भयो । अदालतको कक्ष वा अधिवक्ताहरूको तर्क सुनुवाई पश्चात न्यायाधिशहरूले फैसला सुनाए । *विमर्श*को सो कार्टुनले अदालतको मानहानी गरेको ठहर्छ । त्यसबापत सम्पादक हरिहर विरहीलाई ५ सय जरिवाना र सात दिन कैद हुन्छ । तर पत्रिकाको आगामी दुई अंक मध्ये कुनै एकमा प्रथम पृष्ठमा शर्तरहित क्षमायाचना प्रकाशित गरेमा सो सजाय मिनाहा हुन सक्छ भने ।'[३९] अदालतले गरेको फैसलामा *विमर्श* का सम्पादक हरिहर विरहीले सो आदेशमा यदि मैले यस अंक (१२ गते मंसीर २०४९) सम्ममा *विमर्श* को “मुखपृष्ठमा शर्तरहित तवरबाट क्षमायाचना मागी प्रकाशन गरेको” र “सो प्रकाशित गरेको एकप्रति निवेदन साथ यस अदालतमा उपस्थित हुन गएमा उक्त सजाय कार्यान्वयन नगर्नेतर्फ विचार गर्ने पनि उल्लेख छ ।” सर्वोच्च अदालतले गरेको ठहरप्रति मेरो कुनै पनि फैसलामा निःसकोच र  द्विविधा बेगर स्वीकार्न तयार छु । कुनै पनि देशको सर्वोच्च न्यायालय विवाद गर्ने वा विवादमा नपर्ने निकाय होइन यो

[३९] *साप्ताहिक विमर्श* वर्ष २२ अंक १३ कार्तिक ३० गते

एउटा न्याय मन्दिर हो । यसले सबैका आस्था र विश्वास प्राप्त गरेको हुन्छ र गर्नु पर्दछ । नेपालमा विगतका बर्षहरूमा मुलुकमा अन्य कुनै पनि निकायहरू भन्दा वढी विश्वास न्यायालयप्रति रहेको अनुभव हामी सबैले गरेको छौं । न्यायालय प्रजातन्त्रको प्रार्दुभाव वा आफ्नो स्थापनाकालदेखि नै आफ्नो गरिमा र प्रतिष्ठालाई कायम राख्न सचेष्ट र सफल भई आएको छ ।

अदालतले मलाई कैद र जरिवाना मिनाहा हुन सक्ने एउटा अवसर दिएको छ । यसनिमित्त म तयार छु । तर त्यो अवसर मैले कुन कारणले पाएको हुँ । म जान्दिन त्यो सुविधा म प्रतिको दया हो कि न्याय हो थाहा छैन । म दया होईन न्याय चाहन्छु न्यायालयले यदि मलाई न्याय प्रदान गर्न कैद र जरिवाना मिनाहा गर्दछ भने निश्चय नै मेरो लागि खुशीको विषय हुनेछ । म न्याय निमित्त अनुरोध गर्दछु । स्वतन्त्र न्यायपालिकाको अभावमा प्रजातन्त्रको विकास संभव हुदैन भने न्यायपालिकाबाट मात्र प्रजातन्त्रको स्थापना र सुदृढीकरण असम्भव हुन्छ । व्यवसायिक पत्रकारिताको त्यो भन्दा बढि जिम्मेवारी हुँदैन । नेपालमा प्रजातन्त्रको स्थापना र संस्थागत विकासको क्रममा प्रेसले निर्वाह गरेको भूमिकालाई कसैले उपेक्षा गर्नु न्यायसंगत हुन्न । स्वतन्त्र पत्रपत्रिका वा पत्रपत्रिकाको स्वतन्त्रताको अभावमा प्रजातन्त्रको कल्पना गर्न सकिन्न । मलाई लाग्छ प्रजातन्त्रको सुरक्षा र सुदृढीकरणका निम्ति प्रजातन्त्रका आधार स्तम्भहरू एवंम प्रजातान्त्रिक संस्थाहरू बीच फाटो र कटुता हैन विश्वास र समझदारी आवश्यक हुन्छ । प्रेसजगत पनि एउटा यस्तै संसार हो जसरी न्यायपालिकाका केही अधिकार हुन्छन् । त्यस्तै पत्रकारहरूको पनि लिखित अलिखित दायित्व हुन्छन् । एउटाले आफ्नो अधिकारको प्रयोग गर्दा अन्यको दायित्वतर्फ पनि ध्यान दिनु अपेक्षित हुन्छ ।

अतितमा अदालतले प्रेसजगतको स्वतन्त्रताको संरक्षणनिम्ति प्रदान गरे र दिएको योगदानले गर्दा नै नेपाली पत्रकारिता जगत प्रजातान्त्रिक वातावरणमा अदालतप्रति झन् बढी मात्रमा आशावादी हुनु स्वभाविक हो । प्रजातन्त्रको पुर्नस्थापना पश्चात  सञ्चारमाध्यमप्रति जनताको अपेक्षा र राष्ट्रप्रति प्रेसको

जिम्मेवारी झन् वढ्न गएको छ । आफूलाई प्रजातन्त्रको सिपाही ठान्ने कुनै पनि पत्रकार आजको परिप्रेक्षमा निर्वाह गर्नुपर्ने जिम्मेवारीबाट पछि हट्न सक्दैन । नेपाल अधिराज्यको संविधानले जनतालाई प्रदान गरेको कतिपय स्वतन्त्रताको पक्षका कार्यान्वयनमा प्रेसको संलग्नता र सक्रियता आवश्यक छ । कानुनी राज्यको स्थापना र विकासमा प्रेसले महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्ने विषयतर्फ दुई मत छैन् । प्रेसले राज्य, जनता, प्रजातन्त्र, प्रजातान्त्रिक संस्था एवं मूल्य मान्यताहरूको स्थापना संरक्षण र सम्वर्द्धनमा प्रभावकारी योगदान दिनसक्ने भएकोले पनि जनआन्दोलन पश्चात निर्मित्त हाम्रो संविधानले पत्रपत्रिकालाई कहिल्यै प्रतिबन्धित नहुने अवस्थातर्फ प्रत्याभूति गरिएको छ । तसर्थ प्रेसका कार्य प्रणाली सम्बन्धी कुनै विषयवस्तुको टुंगो गर्दा त्यसका दायित्व र समस्याहरूलाई उपेक्षा गरिनु हुन्न । कुनै पनि प्रजातन्त्रवादीले स्वतन्त्रता र स्वाभिमानलाई सर्वाधिक महत्व दिन्छ । दिनु पनि पर्दछ । झन् पत्रकारिता जस्तो व्यवसायमा संलग्न व्यक्तिले आफ्नो स्वाभिमान र व्यवसायिक स्वतन्त्रताको मर्यादाको रक्षाको निम्ति आफूलाई उभ्याउन अत्यावश्यक पर्छ । एउटा पत्रकारको हैसियतले म यो नैतिक जिम्मेवारी पालन गर्नबाट सकेसम्म कहिल्यै पछि हट्ने छैन ।

मलाई सर्वोच्च अदालतले पर्सी (मंसीर १५ गते, सोमवार २०४९) न्यायालयमा उपस्थित हुन आदेश दिएको छ । सम्माननीय न्यायाधिशद्धयको संयुक्त इजलाशले गरेको फैसला कार्यान्वयन गर्ने नगर्ने त्यही दिन टुंगो लाग्नेछ । कार्यान्वयन गर्ने ठहर भए त्यही दिन जेल जानेछु । मेरा भावनाहरूलाई ध्यानमा राखि सजाय मिनाहा गरिएमा न्यायालयप्रति आभारी हुनेछु । सर्वोच्च अदालत कुनै पार्टी वा सरकार होईन, जसप्रति कुनै वादविवाद गरियोस् वा जसको निर्णयको अवज्ञा होस् । यसको आफ्नै अस्तित्व तथा मर्यादा हुन्छ र त्यसलाई जोगाउनु पर्छ । त्यसैले म अदालतको फैसलाप्रति कुनै टिप्पणी गर्न चाहन्न । विनम्रतासाथ फगत यति भन्छु अदालत आफनो सम्मानप्रति जति सचेत छ आफ्नो व्यवसायको इज्जत र स्वाभिमानप्रति म त्यति नै प्रतिवद्ध छु । यो प्रतिवद्धताले मलाई अदालतको फैसला

कुनै द्विविधा वेगर स्वीकार्न प्रेरित गर्छ । तसर्थ म प्रजातान्त्रिक नेपालमा समसामयिक विषयको राजनीतिक सन्दर्भको एउटा कार्टुन प्रकाशित गर्दा जेल पठाइने निर्णय प्रजातान्त्रिक मान्यता र संविधानको भावनासित कति मेल खान्छ भन्ने तर्क पनि गर्दिन अदालतको निर्णय मलाई सदा शिरोपर छ, रहनेछ । ।[४०]

'साप्ताहिक *विमर्श* र मासिक *विमोचन*का सम्पादक तथा प्रकाशक हरिहर विरही अहिले भद्रगोल जेलमा हुनुहुन्छ । २०४९ साल कार्तिक २१ गते *विमर्श*मा प्रकाशित कार्टुनको सन्दर्भमा अदालतले भने बमोजिमको क्षमा याचना गर्न स्वीकार गरे पछि उहाँलाई सर्वोच्च अदालतले गत १५ गते (मंसीर १५ गते २०४९) जेल पठाएको हो । विरही प्रजातन्त्रको पुर्नस्थापना पश्चात अभिव्यक्ति स्वतन्त्रताको पक्षमा अडान लिएर जेल जाने पहिलो पत्रकार हुनु भएको छ ।

व्यवसायिक कर्तव्य पालना गर्ने क्रममा आफूले त्यो सामग्री (कार्टुन) छापेका र त्यो छापेर कुनै गल्ती गऱ्यो भन्ने मेरो अन्तस्करणलाई अझ नलागेकोले कुनै निवेदन दिन जरुरी देखिएन । उहाँले अदालतको कुनै पनि निर्णय आफुलाई स्वीकार्य भएको वताउनु भयो । त्यसको केहि बेर पछि न्यायाधिशले “अहिलेको फैसला कार्यान्यन हुने भयो” भन्दै “क श्रेणी प्रदान गरी सात दिन कैद र रुपियाँ ५०० जरिवाना गरिएको बताए” यो फैसला पूर्ववत न्यायाधिशद्धय रुद्रवहादुर सिंह र मोहन शर्माले गरेका थिए । फैसला पछि इजलासबाट निस्कनासाथ पत्रकारहरूले सोधेको प्रश्नको जवाफ दिँदै विरहीले पत्रपत्रिकाको स्वतन्त्रता पत्रकारहरूको स्वाभिमान र प्रजातन्त्रको सुदृढिकरण निमित्त आफूले विनार्शत क्षमायाचना गर्न स्वीकार गरेको वताए । उक्त कार्टुनबाट “अदालतको अवहेलना भएको छ भन्ने मलाई अझै लाग्दैन भन्नु भयो ।” अदालतको फैसलाबारे टिप्पणी गर्न, आग्रह गर्न चाहन्न । तर आफ्नै कारणले अदालतको विवादमा पऱ्यो भन्ने चिजको जिम्मेवारी अदालत स्वयमले लिनु पर्दछ । अदालतको पूर्व संचित प्रतिष्ठामा क्षति पुग्यो भने राष्ट्रको लागि दुर्भाग्यको विषय हुनेछ । आस्थाका कतिपय मुद्दाहरु आफ्नै कारणले

[४०] *साप्ताहिक विमर्श* वर्ष २२ अंक १६ मंसीर १२ गते

देख्दा देख्दै आस्था र जनविश्वासविहिन भएका छन् । हाम्रो न्यायले यस्तो नहोस भन्ने म चाहन्छु । प्रेस स्वतन्त्रता कुण्ठित भयो भने, प्रजातन्त्रको र न्यायालयको प्रतिष्ठामा पनि आघात पर्छ । प्रेस स्वतन्त्रताको अभावमा प्रजातन्त्र अर्थहीन भएकोले मैले यो विकल्प रोजेको हु । प्रेस जगतको स्वतन्त्रता र स्वाभिमानको निमित्त आवश्यक पऱ्यो भने, यो भन्दा ठूलो मूल्य चुकाउन पनि तयार छु र भविष्यमा पनि तयार रहने छु ।

हरिहर विरहीमाथिको यो कारवाहीलाई पत्रकारहरूले "प्रजातन्त्रको पुर्नस्थापना पछि प्रेस जगतमाथि भएको पहिलो गंभीर प्रहार" भनेका छन् । नेपाल पत्रकार महासंघका सभापति गोविन्द वियोगीले भोलिपल्टै भद्रगोल जेल गई विरहीलाई माला लगाई सम्पूर्ण पत्रकारहरूको तर्फबाट सहानुभूति प्रदान गर्नु भयो । उहाँले यस घटनाप्रति नेपाल पत्रकार महासंघले पनि यसलाइ गम्भीर रूपमा लिएको बताउनु भयो । वरिष्ठ पत्रकार गोपालदास श्रेष्ठ, हिरण्यलाल श्रेष्ठ, होमनाथ दाहाल, रघु पन्त, गोपाल गुरुङ नेपाल वातावरण पत्रकार समुहका अध्यक्ष विनय गुरुवाचार्य आदि पनि जेल गएका विरहीको अडानको सराह्रना गर्नु भयो ।' [४१]

'साप्ताहिक *विमर्श* तथा मासिक *विमोचन*का सम्पादक हरिहर विरही सर्वोच्च अदालतको निर्णय अनुरूप एक हप्ता कैदमा बिताई मंसीर २२ गते भद्रगोल जेलबाट रिहा हुनु भयो । जेलबाट निस्कदा पत्रकार, वुद्धिजीवी र सामाजिककर्मीहरूले उहाँलाई फुलमाला, अवीर र खादा लगाई भावपूर्ण स्वागत गरेका थिए । जेल प्राङ्गणमा उपस्थित पत्रकारहरूले उहाँसित अदालतको निर्णय र जेलको अनुभवको वारे गरेका विभिन्न प्रश्नको जवाफ दिँदै हरिहर विरहीले भन्नु भयो । "मैले अदालतको फैसला अनुरूप जेल स्विकारेर न्यायलयको प्रतिष्ठा वढाउने प्रयत्न गरेको छु । तर मेरो प्रयत्नले मात्र न्यायालयको प्रतिष्ठा नवढ्न सक्दछ । यसनिमित न्यायालयको भूमिका कै निर्णायक महत्व हुन्छ । अदालतको निर्णय स्विकार्नुको अर्थ अदालत नै अन्तिम सत्य हो भन्ने म मान्दिन" भन्दै उहाँले भन्नु भयो "अदालतका निर्णयप्रति मतभेद

---

[४१] *साप्ताहिक विमर्श* वर्ष २२ अंक १७ मंसीर १९ गते

हुनसक्छन् । कानूनी वा संवैधानिक दृष्टिले अदालत सर्वोच्च हो । तर अदालतका हरेक निर्णयप्रति मेरो आस्था हुनु जरुरी छैन । अदालतले कानून हेरेर फैसला गर्छ म आफ्नो आस्था र विश्वास विपरीतको कानून परिवर्तन गर्न खोज्छु । आज जुन ऐन कानून अर्न्तगत यो फैसला अदालतले गऱ्यो भोलि त्यो कानूनमा रहेन भने त्यो कार्टुनबाट अदालतको मानहानी भएको नठहर्न पनि सक्छ" । उहाँले भन्नु भयो "मेरो लागि राज्यको कुनै पनि निकाय प्रजातन्त्रको पुर्नस्थापना भएपनि यो सुदृढ भएको छैन । यसलाई वलियो वनाउन अझ संघर्ष गर्नु पर्ने खांचो छ ।" भन्दै विरहीले "पत्रकारहरूको भावनासंग वाझने कानून अहिले पनि रहेछन् त्यसमा संशोधन हुनु पर्छ प्रेस स्वतन्त्रता व्यवहारमा अझै पूर्ण रूपमा प्राप्त रहेनछ । प्रजातन्त्र बलियो भएको भए सम्भवतः यस्तो कार्टुनमाथि कुनै पत्रकारले सजाँय पाउनु पर्ने थिएन ।" एक प्रश्नको जवाफमा उहांले "न्यायालय स्वतन्त्र र सर्वोच्च नभए प्रजातन्त्र टिक्दैन हरेक प्रजातन्त्रवादीले न्यायालयप्रति जनविश्वास वढाउनु पर्छ "भन्दै स्पष्ट गर्नु भयो । "तर न्यायालय मात्र सबै कुरा होइन अदालत साध्य होइन ।

प्रजातन्त्रमा न्यायालय झै पत्रपत्रिकाको पनि महत्वपूर्ण भूमिका हुन्छ र हुनुपर्छ । त्यसैले प्रजातन्त्रप्रति प्रतिवद्ध कुनै पनि पत्रकार आफ्नो व्यवसायिक दायित्वबाट पछि हटन सक्दैन । अदालत झै प्रेसको पनि सम्मान र स्वाभिमान रहनु पर्छ । उहाँले त्यस मुद्दाको क्रममा *विमर्श*को तर्फबाट भागलिने कानून व्यवसायीहरू तथा अदालतमा उपस्थित भएर जेलमा गएर भेटेर लेखेर आफू र आफ्नो निर्णयप्रति सहानुभूति सदभावना र समर्थन व्यक्त गर्नु हुने सम्पूर्ण महानुभावप्रति आभार प्रकट गर्नु भयो । "[४२]

'कार्टुनमा सर्वोच्च अदालत, अदालत वा न्यायाधिश जस्ता न्यायपालिकालाई जनाउने शब्द नलेखिएता पनि सर्वोच्च अदालतका दुई न्यायाधिशका इजलासले साप्ताहिक *विमर्श*को त्यो (कार्तिक २१ गते प्रकाशित) कार्टुनले अदालतको मानहानी गरेको ठहर गरायो । कुनै पत्रिकामा छापिएका कार्टुनबाट अदालतको मानहानी भयो

भनी सर्वोच्च अदालतले गरेको यस प्रकारको निर्णय यो पहिलो हो । मुद्दाको प्रक्रिया भनि छिटै टुंगिएको पनि सम्भवतः यो पहिलो घटना हो । दण्ड र सजाँय तोकेपछि पनि यसलाई मुलतवी राख्ने नयाँ प्रकारको निर्णय पनि यस मुद्दामा भयो ।

त्यसैगरी *विमर्श* कार्टुन प्रकरण, अरु पत्रिका माथि पनि दोहोरिए पत्रकार रविन्द्र शर्मा द्वारा प्रकाशित सम्पादित अंग्रेजी पाक्षिक *Weekendly* मंसीर १५ गतेको अंकमा *विर्मश*को उक्त कार्टुन छापिएको थियो । जनताको सुसूचित हुने अधिकारलाई ध्यानमा राखि कार्टुन सम्बन्धी पाठकहरूको जिज्ञासा पुरा गर्न सर्वोच्च अदालतको निर्णयसहित सो कार्टुन प्रकाशित गर्नासाथ नेपाल ल क्याम्पस (Nepal Law Campus) का लक्ष्मी खड्का नामक एक विद्यार्थीले उक्त पत्रिकाले पनि अदालतको मानहानी गरेकोमा कारवाही गरिपाउँ भनी सर्वोच्च अदालतमा रिट निवेदन (दर्ता नं. १२८५) दिएका छन् । पत्रिकाहरूले प्रकाशित गरेका एउटै कार्टुन विरुद्ध एकै प्रकृतिको कारवाहीको माग गरि सर्वोच्च अदालतमा दुइवटा रिट निवेदन परेको यो पहिलो पटक हो । अदालतले विरहीलाई झै शर्मालाई पनि सजाँय गर्न बेर छैन । यसरी अदालतको अवहेलनामा *विर्मश*को कार्टुन काण्डले निकै चर्चा परिचर्चा पाएको थियो ।' [४३]

अदालतको अवहेलना सम्बन्धमा अदालतमा त्यति मुद्दा तथा उजुरी जाहेर नभएकोले विशेषतया साप्ताहिक *विमर्श*का सम्पादक तथा प्रकाशक हरिहर विरहीलाई विर्सन सक्दैनौ । तर सञ्चार माध्यमबाट प्रसारित तथा प्रकाशित विषयवस्तु मात्रले अदालतको अवहेलना गर्ने होइन यदि अदालतले दिएका आदेशलाई उल्लंघन गरेमा पनि अदालतको अवहेलना हुन्छ ।

स्थानीय विकास मन्त्री टंक ढकालले सूचना तथा सञ्चारमन्त्री रहँदा अदालतको आदेश, अवज्ञा गरी सगरमाथा रेडियो एफ एमलाई बन्द गर्न पटक पटक निर्देशन दिएको भन्ने खबरको मुद्दामा अदालतले स्थानीय विकास मन्त्री टंक ढकाललाई लिखित जवाफसहित १५ दिन भित्र अदालतमा उपस्थित हुन आदेश

---

[४२] *साप्ताहिक विमर्श* वर्ष २२ अंक १८ मंसीर २६ गते

[४३] *साप्ताहिक विमर्श* वर्ष २२ अंक १५ मंसीर ५ गते

दिएको थियो । अदालतले संचार सचिव कुमार पौडेल र उपसचिव अम्वरराज पौडेललाई पनि लिखित जवाफसहित अदालतमा उपस्थित हुन आदेश दिएको थियो ।

सर्वोच्च अदालतबाट मंसिर ४ गते एफ.एम. रेडियोबाट समाचार प्रसारण गर्न पाउने भनी अन्तरिम आदेश जारी भएकै दिन सूचना तथा सञ्चार मन्त्रालयले अर्को पत्र पठाई प्रसारण बन्द गर्न निर्देशन दिंदा अदालतको अवहेलना भएको भनी दोषीलाई सजाँय भर्न माग राखि अधिवक्ता अधिवक्ता आनन्द दोषी राईले मुद्दा दर्ता गराउनु भएको थियो । मन्त्रालयले सगरमाथा एफएमलाई पहिले पटक मंसीर १२ गते समाचार प्रसारण बन्द गर्न निर्देशन दिएको थियो ।[४४]

'यसरी अदालतको आदेशलाई अवज्ञा गर्दा अदालतको अवहेलनाको मुद्दा पर्न गएको हो । सञ्चार माध्यमसँग सरोकार राख्ने विषयवस्तुका अलावा राज्यको कुनै पनि व्यक्ति तथा संघ संस्थाबाट समेत अदालतको अवहेलना गर्न नहुने कानुन छ । तर "व्यक्ति वा संघ सस्थाबाट भएका अदालतका अवहेलना सम्वन्धि मुद्दा भने यथेष्ठ रुपमा परेका छन् ।'[४५]

'काठमाडौं जिल्ला अदालतमा आर्थिक वर्ष २०६२।६३ सालमा परेका सञ्चार सम्वन्धित मुद्दाहरूमा व्यक्तिबाट अदालतको आदेश अवज्ञा गरे बापत भएका अदालतको अवहेलना सम्बन्धी जम्मा २ वटा मुद्दा दर्ता भएका छन् भने ११ वटा मुद्दा संचारले गरेको गालीबेइज्जती सम्बन्धी मुद्दा रहेका छन् । प्रेस काउन्सिलमा आर्थिक वर्ष २०६१।०६२ को समयावधिमा काउन्सिलसमक्ष प्राप्त उजुरी, कायार्थ र वोधार्थहरूमध्ये उजुरीहरूको संख्या ३५, कायार्थ २ र वोधार्थ पठाउनेहरूको संख्या ५० रहेको छ ।

काउन्सिल समक्ष प्राप्त भएका ३५ उजुरीहरूमा व्यक्तिगत २० र संस्थागत १५ उजुरीहरू रहेका छन् । ती उजुरीहरूलाई उजुरीकर्ताको प्रकृतिको आधारमा विभाजन गर्दा चरित्र हत्या सम्बन्धी १५, आचारसंहिता उल्लंघन ७, मानहानी ४,

[४४] *कान्तिपुर दैनिक* पुष १४,२०६२
[४५] *जिल्ला अदालत* अनुगमन अनुसार

भ्रष्टाचार सम्बन्धी २, मानहानी+चरित्रहत्या २, गाली वेइज्जती+ मानहानी २, मानहानी + आचार संहिता १ अन्य २ रहेका छन् ।

ती सबै उजुरहिरू नेपाल अधिराज्यबाट विभिन्न समयमा प्रकाशित ३ दैनिक, १८ साप्ताहिक र २ विद्युतीय माध्यम र ५ वटा व्यक्ति तथा संस्था विरुद्ध परेका छन् ।' [४६]

| क्र.सं. | आर्थिक वर्ष | उजुरी संख्या | उजुरी भर्ने व्यक्ति वा संस्था | उजुरी प्रकृति | |
|---|---|---|---|---|---|
| १ | २०६१।६२ | ३५ | व्यक्ति २०<br>संस्था १५ | चरित्रहत्या १५, आचार संहिता उलंघन ७, मानहानी ४, भ्रष्टाचार सम्बन्धी२ गालीबेइज्ती +मानहानी २ मानहानी+चरित्रहत्या २मानहानी+आचारसंहिता १, अन्य २ | दैनिक ३<br>साप्ताहिक १८<br>मासिक १<br>प्रसारण माध्यम २<br>व्यक्ति तथा संस्था ५ |

त्यस्तै कायार्थका लागि अनुरोध भई आएका २ वटा कार्यालयपत्रहरू भ्रष्टाचारसम्बन्धी १ र आचारसंहिता उल्लंघन सम्बन्धी १ रहेका छन् ।

| क्र.सं. | आर्थिक वर्ष | कायार्थका लागि प्राप्त संख्या | कायार्थको प्रकृति |
|---|---|---|---|
| १ | २०६१।६२ | २ | आचारसंहिता उल्लंघन १ २८, मानहानी ३,। गाली वेइज्जती १ भ्रष्टाचार २, चरित्र हत्या+ मानहानी २ र अन्य १ |

स्रोत : तीसौ वार्षिक प्रतिवेदन, प्रेस काउन्सिल

[४६] *प्रेस काउन्सिल प्रतिवेदन* - तीसौं वार्षिक प्रतिवेदन २०६१।६२

'आचार संहिता दण्डात्मक ब्यवस्था नभई नैतिक ब्यवसायिक आदर्शमय मापदण्डको झाँकी मापन गर्ने आचरणको माध्यम हो । विश्वमा प्रेस काउन्सिल ब्यवसायिक रुपमा नेपाल पत्रकार संघ, आन्तरिक संचारका संगठित संस्थाहरुले एकल साथै एकीकृतरुपमा आचारसंहिताको निर्माण, कार्यान्वयन तथा अनुगमन गरेको पाइन्छ । सूचनाले समाजका आधुनिक प्रजातान्त्रिक परिपाटीलाई सम्भव बनाउन सरकारको कुनै पनि अधिकारसंग वरावर रुपमा प्रजातन्त्रलाई प्रोत्साहन गर्न सूचना प्रदान नगरे यो प्रणली अवश्य भावी मृत्युवरण गर्न पुग्दछ । जानि जानि चोरी, दुर्नियत तवरको प्रतिनिधित्व, मानहानी तथा अनधिकृतरुपमा आरोपप्रत्यारोपणमा संलग्न हुने कार्यलाई पत्रकारको धर्म मानिदैन ।

संचार माध्यमले सनसनीपूर्ण भन्दा पनि प्रमाणिकताको आधारमा संवेदनशीलताको कसीप्रति सजक रही समाचार सम्प्रेषण गर्दा मात्रै समाजमा नकारात्मक असर पर्दैन । पत्रकारको आचारसंहितालाई सार्वजनिक नैतिक आचारसंहिता, प्रेस आचारसंहिता अधिकार तथा उत्तरदायित्व, ब्यवसायिक उत्तरदायित्वको चार्टर, पत्रकारको नैतिक अधिकार तथा कर्तब्य नामाकरण गरिएको छ । विगत १६ वर्षको अन्तरालमा नेपालमा उर्लदो छापा, श्रव्य तथा दृश्य माध्यमको वढ्दो प्रभाव कायमै छ । तदनुरुप प्रेस काउन्सिलले आचारसंहिता परिचालनतर्फ उल्लङ्घनका गतिविधि नियन्त्रण गर्दै एकात्मक भूमिका निर्वाह गर्नु पर्ने देखिन्छ । वास्तवमा संचार माध्यमले जानि जानि वा अन्जानमा गरिएको भूलप्रति स्वयम् पाठक वा आमसंचारका जिम्मेवार निकायवाट ज्ञात भएपछि लिखित रुपमा क्षमायाचना, खण्डन वा तदनुरुपको दण्डको भागीदारीको रुपमा भूल स्वीकार गरेमा पत्रकारले समाजप्रति जिम्मेवारी वहन गरेको अनुभूति हुन्छ ।' *

'खुल्ला पारदर्शी सूचना नीतिले नै अन्ततः अभिब्यक्ति स्वतन्त्रता शान्तिपुर्ण भेला, युनियनको गठन, ब्यवसायप्रति संलग्न हुन पाउने अधिकार सन्निहीत छ ।

समाजमा ब्यक्तिगत चाहना तथा सामूहिक अधिकारबीच परिपूरक सम्वन्ध कायम छ । त्यसैले कतिपय राष्ट्रमा निर्वाध सूचनाको सुपरीवेक्षण तथा हक प्रत्याभूत गर्न अम्वुडस्म्यानको गठन भएको छ । आखिर समाजमा स्वतन्त्र तथा पारदर्शी सूचना प्रणलिको निर्माणवाट मात्रै नेपाल लगायत विश्वसमुदाय २१ औ शताव्दीका ब्यक्तिगत स्वतन्त्रता सुरक्षीत गर्ने चुनौती सामना गर्न सक्षम हुन्छ ।' [#]

'समाजले आचारसंहिता, उल्लङ्घनको नाममा निर्वाध वेग रोक्न हुदैन । यसनिम्ति सूचनाको सन्तुलित समन्वय र अभिव्यक्ति स्वतन्त्रताको जगेर्ना गर्नु जरुरी छ । अनावश्यक आरोप प्रत्याआरोपभन्दा प्रतिस्प्रधात्मक संचारतर्फ जोड दिनुपर्दछ । सूचनामा अस्वस्थ्यकर प्रतिस्पर्धाले वैमनस्य र मनोमालिन्य मात्र वढाँउछ । स्वतन्त्रता स्वच्छन्दताको परिपूरक हुन सक्दैन । यस्तो कार्यवाट लोककल्याणकारी राज्यको परिकल्पना साकार हुन सक्दैन । आचारसंहिताको सफल कार्यन्वयन गर्नका लागि ब्यवसायिक रुपले वस्तुनिष्ठ भई कर्तब्यप्रति अग्रसर हुनुपर्दछ । पत्रकारले सामग्री संप्रेषण चरित्रहत्या, गालीगलौज र लापरवाहीवाट अलग्गिनु पर्दछ ।'[ψ]

---

[*] *राजधानी दैनिक* २०६३, असार २ गते, प्रबलराज पोखरेल

[#] *राजधानी दैनिक* २०६३, बैशाख ६ गते, प्रबलराज पोखरेल

[ψ] *राजधानी दैनिक* २०६३, जेष्ठ २६ गते, प्रबलराज पोखरेल

## ८.१ प्रेस काउन्सिल समक्ष उजुरी दिने प्रक्रिया

प्रकाशित भएको कुनै समाचार वा विवरणबाट प्रतिकुल असर पर्ने वा त्यस्तो प्रकाशनबाट आचार संहिताको उल्लंघन भएको भनी महशुस गर्ने कुनै पनि व्यक्ति वा संस्थाले प्रारम्भिक उजुरीका आधारमा खण्डन वा प्रतिक्रियाबाट आफू सन्तुष्ट नभएमा र प्रेस काउन्सिलबाट नै त्यस्तो उजुरीको विवाद निर्णय गराउन चाहेमा देहाय वमोजिमका विवरण सहित प्रेस काउन्सिलको सचिवालयमा उजुरी दिन सक्नेछ ।

(क) समाचारपत्रमा प्रकाशित सामग्रीको प्रतिलिपि

(ख) समाचार प्रकाशनबाट पर्न गएको मर्काको विवरण र त्यसको प्रामाणिक तथ्य

(ग) सम्वन्धित पत्रिकालाई आफूले पठाएको खण्डन वा वक्तव्यको विवरण

(घ) सम्पादकले दिएको जवाफ, खण्डन वा वक्तव्यको विवरण

(ङ) सम्पादकलाई समाचार प्रकाशन विषयमा भएको पत्राचारहरूको विवरण

उजुरीवालाले उजुरीको अन्त्यमा यस सम्वन्धमा न्यायिक वा अर्धन्यायिक अधिकारी समक्ष मेरा जानकारीमा आजसम्म कुनै कारवाही भए गरेको छैन र उजुरी दर्ता भएपश्चात काउन्सिलको निर्णय हुनुपूर्व उजुरी सम्वन्धी विषयमा न्यायिक र अर्धन्यायिक निकायमा कारवाही विचाराधिन रहेको उजुरीको कारवाही स्थगित वा खारेज हुन मन्जुर छ भनी स्पष्ट साथ घोषणा गर्नु पर्ने छ । [४७]

## ८.२ अदालतको अवहेलना सम्बन्धी शिक्षा

प्रजातन्त्र पुर्नस्थापना पश्चात नेपाली आमसञ्चार जगतमा धेरै परिवर्तनहरू कायम भएका छन् । छापा माध्यम (print media) वा विद्युतीय माध्यम (electronic media) यो माध्यमहरु ब्यवसायिक रुपमा सञ्चा वा विद्युतीय र माध्यमहरू अगाडि वढी रहेको छ । यसको फलस्वरुप दिनप्रति दिन सञ्चार

४७ *प्रेस काउन्सिल* वुलेटिन

माध्यमप्रति आम जनमानसको ध्यान केन्द्रित भएको छ । यो सकारात्मक पक्ष हो । त्यसैले पत्रकारिता तथा आमसञ्चार सम्बन्धी  व्यवसायिक तालिम दिने संघ संस्था एवं उच्च शिक्षा अध्यापनको परिपाटी शुरु हुनु र दक्ष जनशक्ति वढ्नु  मुलुकको सञ्चार जगतमा उल्लेखनीय प्रगति भएको पाइन्छ ।

वास्तवमा भन्ने हो भने प्रजातन्त्रको पुर्नवहाली पश्चात नै नेपालमा पत्रकारिताको संस्थागत विकासको आरम्भ भएको हो । वि.सं. २०४७ साल पश्चात् संचार माध्यमसंग सम्वन्धित नयां नयां उपकरण र प्रविधिहरू भित्रिदै आएको छ भने सीप, क्षमता र दक्षताप्राप्त व्यक्तिहरूका पनि संख्या उल्लेखनीय रुपमा वृद्धि भएको छ । यस्तै पेशा संग सम्बन्धीत पत्रकारिता गर्न छापाखाना तथा प्रकाशन सम्बन्धी ऐन जारी गरिएको छ । आज सरकारी सञ्चार संयन्त्र भन्दा पनि निजी स्तरमा पत्रपत्रिकाको संस्थागत विकास अपेक्षाका कमै मात्रमा अघि रहेको पाइन्छ । यसै परिप्रेक्ष्यमा एक्काइसौ शताव्दीको आवश्यकतालाई परिपूर्ति गर्न र परिवर्तित विश्वको चुनौतिको सामना गर्न र शिक्षामा व्याप्त विश्वव्यापीकरणलाई समेत मध्यनजर गरी पत्रकारिता शिक्षालाई विश्वविद्यालय स्तरमा पनि कायम राख्ने उद्देश्य अनुरुप त्रिभुवन विश्वविद्यालय अन्तर्गत रत्नराज्य लक्ष्मी क्याम्पसमा सर्वप्रथम प्रमाण पत्र तहसम्म अध्ययनको शुरुवात गरियो ।

हालको समयमा पत्रकारिता शिक्षालाई वढी प्राथमिकता तथा उत्सुकताका साथ निरुपण गर्न थालिएको छ । सरकारी क्याम्पस लगायत अधिराज्यका विभिन्न भागहरूमा ऐच्छिक तथा अनिवार्य रूपमा क्याम्पसहरूमा समेत प्रमाण पत्र तहदेखि स्नातकोत्तर तहसम्म यस विषयवस्तुको अध्ययन गराइन थालिएको छ । सरकारी स्तरबाट २०१८ सालमा सञ्चालित रत्नराज्य लक्ष्मी क्यापसमा वि.सं. २०५८ माघ देखि पत्रकारिता विषयमा स्नातकोत्तर तहको कक्षा सञ्चालन हुँदै आएको छ । यसैगरी पूर्वाञ्चल विश्वविद्यालय अन्तर्गत *कान्तिपुर सिटी कलेज* र *कलेज अफ जर्नालिज्म एण्ड मास कम्युनिकेशन*ले आमसंचार तथा पत्रकारितामा स्नातकोत्तर

(एम.ए. कक्षा) सञ्चालन गरिरहेको छन् । यसैगरी *सेर्फड कलेज* र *थेम्स कलेज*ले पत्रकारितामा स्नातक तहको कक्षा सञ्चालन गरिरहेका छन् यसका अतिरिक्त राजधानी तथा अधिराज्यका अन्य भू-भागहरूमा समेत प्रविणता प्रमाण पत्र तह (१०+२) का कक्षाहरू सञ्चालन भइ रहेको छन् ।

आमसंचारका माध्यमहरू इमेल इन्टरनेट भू-उपग्रह, डिजिटल प्रणालीले संचार अभ्यासमै प्रभाव विस्तार गरेको छ । यथार्थमा सञ्चार माध्यममा कार्यरत सञ्चारकर्मी एवम् पत्रकारिता तथा आमसञ्चार विषय लिई अध्ययनरत विद्यार्थीमा वढी भन्दा वढी ज्ञान हासिल गर्नु पर्ने देखिन्छ । प्रेस कानूनको गहिरो अध्ययनबाट नै सञ्चार माध्यमले समाजलाई गलत कार्य हुनबाट जोगाउँदछ । जस्तै सूचना प्राप्त गर्ने अधिकार त्यस्ता सूचनाको गोपनियता अपनाउनु पर्ने तथा कुनै पनि सूचना प्रकाशन वा प्रशारण गर्नु पर्दा भविष्यमा त्यसले असर पार्छ, पार्दैन वा राज्यको कानून सम्मत दृष्टिकोण रहेको नरहेको दिशाप्रति विशेष ध्यान पुऱ्याउन पर्दछ ।

हुन त पत्रकारिता तथा आमसञ्चार विषय लिई अध्ययन गर्ने सम्वन्धमा अदालतको अवहेलना विषय समेत १०+२ का विद्यार्थीहरूलाई पनि अध्ययन गर्नु पर्ने पाठ्यक्रममा समावेश गरिएको छ । स्नातकोत्तरसम्म पनि वृहत रुपमा सो विषयलाई विस्तृत रूपमा समावेश गर्नु पर्ने हुन्छ । यसले गर्दा पत्रकारिता तथा आमसंचारलाई अदालतको अवहेलना **(**Contempt of Court) को बारेमा बुझाई राख्नु पर्दैन । तर नेपालको सन्दर्भमा अभ्यासका आधारमा जो सञ्चार माध्यममा कार्यरत छन् । त्यस्ता संचारकर्मीहरूलाई भने विशेष किसिमको तालिम दिइने व्यवस्था गरिनु पर्दछ ।

## ८.३ संचार माध्यम विरुद्ध अदालतको अवहेलना

छिमेकी राष्ट्र भारतमा पनि न्यायाधिसहरू माथि अदालतको अवहेलना सम्बन्धी मुद्दा परेको थियो । जुन मुद्दा न्यायाधिश जस्तो गरिमामय पदमा बसेर समाजमा गलत कार्य गर्न पुगेको कारण विभिन्न संचार माध्यमहरूबाट सो सम्बन्धमा समस्याहरू प्रकशित भएको कारण उक्त समाचारबाट अदालतको

अवहेलना भएको भन्दै ती न्यायाधिसहरूले अदालतको अवहेलना भएको ठहर गराई संचारकर्मी र पत्रपत्रिका माथि मुद्दा चलाइएको थियो ।

भारतको कनार्टक शहरमा सर्वोच्च अदालतका न्यायाधिश टि.ए.स. ठाकुर, एच.एल.दत्त र भीजी र सावहितको विरूद्धमा १४ वटा अखवार तथा पत्रिकाका ५६ पत्रकारहरूले "यौनकाण्डमा न्यायाधिस शीर्षक" मा समाचार प्रकाशित गरे वापत अदालतको अवहेलना सम्वन्धमा आज भन्दा छ सात वर्ष अगाडि कारवाही चलाइएको थियो ।

त्यस्तै यौन काण्डमा न्यायालयका उच्च न्यायाधिशहरू समावेश भएको उल्लेख गरिएको थियो । उक्त घटना मैसुरको एउटा रिर्सोटमा भएको वताइएको छ । प्रतिवादीको रूपमा *द टाइम्स अफ इण्डिया, द न्यू इण्डियन एक्सप्रेस द हिन्दु, द डिकेन हेराल्ड, द हिन्दुस्तान टाइम्स (अंग्रेजी साप्ताहिक)* आदि अखवारहरू लगायत प्रकाशक, सम्पादक र मुद्रणलाई राखिएको छ । अदालतको अवहेलना सम्बन्धी ऐन २९७१ को धारा २(सी) अन्तर्गत कारण देखाउन आदेश  प्रदान गरी साथै कानून अनुसार सजाँय दिनु पर्ने माग समेत जारी गरिएको थियो ।

यसरी एक्कै चोटी पत्रकार तथा अखवारहरूले आफूले समाचार लेखेर प्रकाशन गरे वापत अदालतको अवहेलना सम्बन्धमा मुद्दा खेप्नु परेको थियो । यस मुद्दाको फैसला हालसम्म पनि हुन सकेको छैन । [४८]

## ८.४ गाली वेइज्जती ऐन २०१६

सर्वसाधारणको इज्जत र मान मर्यादा कायम राख्न पाउने अधिकारको रक्षाको लागि र वेइज्जतीको कसुरको विभिन्न सजाँयको व्यवस्था गर्न गाली वेइज्जती ऐन २०१६ जारी गरिएको थियो । यो ऐनले पहिलोपटक वेइज्जतीलाई कानुनी परिभाषा मात्र दिएन कसैको वेइज्जती गर्नलाई देवानी र फौजदारी दुबै अपराधको रुपमा व्याख्या गर्यो र कसैलेकसैको वेइज्जती गरे दण्ड सजाय र क्षतिपूर्ति सहितको भागीदार वन्नुपर्ने भयो । ऐनले दफा ३ मा वेइज्जतीको परिभाषा गर्दै

---

४८ www.hindu onnet.com

लेखेको छ कसैले अरु कुनै व्यक्तिको इज्जतमा धक्का पुर्याउने उद्देश्यले नियतले वा संकेतले वा विश्वास गर्ने कारण भई लेखेर वा वचनले वा संकेतले वा बुझिने गरी आकार चिन्हद्धारा सो व्यक्तिलाई कुनै दोष लगाएमा वा त्यस्तो कुरा प्रकाशित गरेमा निजले सो व्यक्तिको वेइज्जती गरेको मानिनेछ ।

तर दफा ४ ले सर्वसाधारणको हितको लागि दोष लगाइएको तथ्य मूलक कुनै अदालती कारवाहिमा संविधानको धारा १२ (२) (क) तोकिएको विषय र ऐनको दफा १४ मा समावेश गरिएका विषयहरु समान देखिएकाले पनि ऐनले संविधानले प्रत्याभूत गरेको स्वतन्त्रतालाई सम्मान गरेको छ । २०४६ सालको राजनीतिक परिर्वतन पश्चात नेपालमा निर्दलीय पञ्चायती व्यवस्थाका ठाँउमा संवैधानिक राजतन्त्र र वहुदलीय संसदीय व्यवस्थाको पूर्वस्थापना गरिएकाले प्रेससम्बन्धी ऐन कानुन र नीति नियममा पनि सोही अनुसार परिमार्जन गरिएको पाइन्छ । प्रेस स्वतन्त्रता असीमित हुँदैन । राष्ट्रिय अन्तर्राष्ट्रिय कानुन, सामाजिक मूल्य मान्यता, आचार संहिता आदिले उसको सीमा निर्धारण गरेका हुन्छन् । प्रेसलाई ब्यक्तिको स्वतन्त्रता (Individual liberty ) हनन गर्ने अधिकार हुँदैन । अदालतको अवहेलना ( Contempt of Court) तथा गाली वेइज्जती ( Defamation ) बाट प्रेस बच्नु पर्दछ ) राष्ट्रिय सुरक्षामा प्रतिकूल हुनेगरी कुनै कुरा प्रकाशन वा प्रसारण गर्न हुँदैन ।

गाली वेइज्जती सम्वन्ध कुनै व्यक्तिसंग हुन्छ । आमसञ्चारका माध्यमवाट कुनै व्यक्तिको इज्जत, सम्मान, मर्यादा तथा व्यक्तित्वमा चोट पुऱ्याउने कार्य गर्नु गालीवेइज्जती हुन्छ । अर्को शव्दमा भन्नु पर्दा मिडियाले सूचना संप्रेषण गर्दा कुनै व्यक्तिलाई होच्याउने, उसको व्यक्तित्वमा नकारात्मक असर पार्ने अनादर वा प्रतिकूल प्रभाव पर्ने कुनै कार्य गर्नु गाली वेइज्जती मानिन्छ । कुनै पनि व्यक्तिलाई समाजमा आफ्नो ख्याति, इज्जत, मर्यादा सम्मान प्राप्त गर्न र त्यसलाई संरक्षण गर्ने अधिकार छ । मिडियावाट यसमा खलल पुगेको उसले महसूस गरेमा न्यायालयवाट इन्साफ पाउन सक्छ । प्रेसले कुनै व्यतिलाई गालीवेइज्जती हुने गरी कार्य गर्ने

स्वतन्त्रता प्राप्त गरेको छैन् । तर सार्वजनिक हकहितको लागि स्वच्छ टिप्पणी गरिदाँ भने गाली वेइज्जती भएको मानिदैन । सर्वसाधारण व्यक्तिका वारेमा जुन कुरा लेखिदा त्यसलाई गालीवेइज्जतीपूर्ण मानिन्छ । सार्वजनिक पद धारण गरेका व्यक्तिहरु तथा राजनीतिज्ञहरुका सन्दर्भमा त्यसलाई गालीवेइज्जती नमानिन सकिन्छ । प्रेसले आफ्नो आलोचना स्वच्छ अभिव्यक्ति होस् र त्यसबाट कसैलाई अकारण चोट नपुगोस् भन्नेमा सचेत रहनु पर्दछ ।

पत्रकारिता र छापाखाना सम्बन्धी केही महत्वपूर्ण कानुनमध्ये गालीवेइज्जती ऐन २०१६ पनि पर्दछ । आफूले गरेको प्रकाशनवाट कसैको गाली वा वेइज्जती हुन सक्ने कुरामा पत्रकार विशेष सतर्क रहनु  पर्छ । गाली वा वेइज्जती गरेको ठहरेमा प्रचलित कानुनले तोके अनुसार सजायँ भोग्नु पर्ने र क्षतिपूर्ति पनि दिनुपर्ने हुनसक्छ । हाम्रो प्रचलित कानुन अनुसार, कसैले अरु कुनै व्यक्तिको इज्जतमा धक्का पुऱ्याउने नियतले वा धक्का पुग्ला भन्ने जानी जानी वा विश्वास गर्ने कारण भई लेखेर वा वचनले वा संगतले वा वुभ्mिने गरी आकार चिन्हद्धारा सो ब्यक्तिलाई कुनै दोष लगाएमा वा वचनले त्यस्तो कुरा प्रकाशित गरेमा निजले सो ब्यक्तिको वेइज्जती गरेको मानिने कछ ।

तर ऐन अनुसार देहायको अवस्थामा गालीवेइज्जती गरेको ठहरिदैन ।

क) सर्वसाधारणको हितका लागि आबश्यक भएमा कुनै व्यक्तिलाई साँचो चिजको दोष लगाउनु वा त्यस कुराको प्रकाशन गर्नु ।

ख) कुनै राष्ट्र सेवकले आफ्नो ओहदाको काम, कर्तव्य गर्दाको निजको आचारणलाई लिएर वा सो आचरणबाट बुभ्mिनेसम्मको मात्र निजको चरित्रलाई लिएर असल नियतले कुनै विचार प्रकट गर्नु ।

ग) कुनै व्यक्तिको सार्वजनिक प्रश्नसंग सम्वन्ध पर्ने आचरण वाट वुभ्mिनेसम्मको मात्र निजको चरित्रलाई लिएर असल नियतले कुनै विचार प्रकट गर्नु ।

घ) कुनै अदालती कारवाहीमा यसको नतिजाको वास्तविक रुपमा साँचौ प्रतिवेदन प्रकाशित गर्नु ।

ङ ) कुनै अदालतले छिनेको देवानी वा फौजदारी मुद्दाको गुण दोषलाई लिएर वा त्यस्तो कुनै मुद्दाको वादी, प्रतिवादी साक्षी वा वारिस भएका कुनै ब्यक्तिको आचरणलाई लिएर वा सो आचरणवाट वुझिनेसम्मको मात्र निजको चरित्रलाई लिएर असल नियतले कुनै विचार प्रकट गर्नु ।

च) कुनै कुरा गर्ने व्यक्तिले सर्वसाधारण रायका लागि सो कुरा पेश गरेकोमा सो कुराको गुण वा दोषलाई लिएर वा त्यसवाट वुझिने सम्मको मात्र सो कुरा गर्ने व्यक्तिको चरित्रलाई लिएर असल नियतले कुनै विचार प्रकट गर्नु ।

छ ) कुनै व्यक्तिको अर्को कुनै व्यक्ति उपर कानुनद्धारा वा निजसंगको कानुनी कवुलियतद्धारा कुनै अधिकार भएकोमा निजले सो अधिकार सम्बन्धी काम कुरामा सो अर्को ब्यक्तिको आचरणमा असल नियतले कुनै खोट लगाउनु ।

ज ) कसैको उपर लाग्ने अभियोग सो विषयमा निज उपर कानुनी अधिकार भएका ब्यक्ति छेउ असल नियतले लगाउनु ।

झ) आफ्नो वा अरुको हितको रक्षाका लागि वा सर्वसाधारणको हितका लागि असल नियतले कसैको चरित्रलाई दोष लगाउनु ।

ञ) कसैलाई निजलाइ हितका लागि वा निजको स्वार्थ भएको ब्यक्तिको हितको लागि वा सर्वसाधारणको हितको लागि अरु कुनै व्यक्तिको विरुद्ध सतर्क गर्नु ।

कसैले कसैको वेइज्जती गरेमा वा वेइज्जती हुन जान्छ भन्ने जानि जानि छापेमा वा वेइज्जती हुन्छ भन्ने जानि जानि विश्वास गर्ने मनासिव कारण भई सो कुरा छापेमा निजलाई रु ५ हजारसम्म जरिवाना र २ वर्ष सम्म कैद हुन सक्छ । तर साधारण समझदार मिजासका व्यक्तिले उजुर नगर्ने मामुली किसिमको गाली वेइज्जती वा अपमान कुनै व्यक्तिवाट भएकोमा वा सो हुन सक्छ भन्ने जानि जानि गरेकोमा कसुर गरेको ठहर्दैन र सजाँय हुदैन । कसैले वेइज्जती हुने कुरा छापिएको वा खोजिएको कुराको विक्री गरेमा शान्ति भङ्ग गराउने नियतले जानि जानि गाली वेइज्जती गरेमा आइमाइलाई अपमानित गर्ने नियतले कुनै काम कुरा गरेमा पनि

कानुनद्वारा सजाँयको व्यवस्था गरिएको छ । गाली वेइज्जती गर्ने वाट वढीमा ५० हजार सम्म क्षतिपूर्ति भराउन सक्ने अवस्था ऐनले गरेको छ ।

आफ्नो गाली वेइज्जती भएको छ भन्ने व्यक्तिले मुद्दा चलाउन चाहेमा मुद्दा भित्र नालिश गर्नु पर्छ । अन्यथा मुद्दा लाग्दैन । हाम्रो गाली वेइज्जतीको ऐनले गाली र वेइज्जतीको स्पष्ट वर्गीकरण गरेको पाइँदैन । ऐनको शीर्षकवाट यी दुबै धारणालाई समेट्न खोजेको पाइन्छ ।

# भाग ३

# अध्ययन विधि

## ९.१ अध्ययनका समस्या तथा अवरोधहरू

'प्रेसलाई राष्ट्रको कार्यपालिका, व्यवस्थापिका तथा न्यायपालिका पछिको चौथो अंग (Fourth estate) को रुपमा लिइएको छ । तसर्थ राष्ट्र तथा समाजको लागि यसले जहिले पनि एउटा पहरेदार (Watchdog) को भूमिका निर्वाह गर्न सक्नु पर्दछ । अदालतको अवहेलना सम्वन्धमा सर्वप्रथम त यस अध्ययनका लागि नेपालको जुन अभ्यास (Practice) छ, यसको आधारलाई मान्ने हो भने स्पष्ट रुपमा [४९] कतिपय मुद्दाहरू दर्ता भएको र फैसला हुन लामो समय लाग्ने कारणले गर्दा सही रुपमा तथ्याङ्क प्राप्त गर्न गाह्रो भएको पाइयो ।

त्यसैगरी अदालतको अवहेलना (Contempt of Court) को प्रश्न सम्बन्धी मुद्दामा पनि सञ्चारमाध्यमसंग सम्वन्धित विषयमा त्यति मुद्दा तथा उजुरी परेको पाइएन । साथै जति पनि यससंग सरोकार राख्ने मुद्दाहरू छन् । ती प्रेस काउन्सिल समक्ष उजुरी गर्नु पर्नेमा सिधा सर्वोच्च अदालत जाने र कम्ती मात्रामा मात्र प्रेस काउन्सिलमा जाने परिपाटी रहेको छ ।' [५०] 'सो हुनुमा कतिपयसञ्चार माध्यममा कार्यरत सञ्चारकर्मीहरूलाई प्रेस काउन्सिल समक्ष उजुरी दिनु पर्छ भन्ने बारेमा ज्ञान नभएको कारणले गर्दा पनि सिधै अदालत समक्ष उजुरी पर्न गएको हो । तर यस्ता उजुरी निकै कम परेको कारण समेतले गर्दा अदालतको अवहेलना सम्बन्धी मुद्दा तथा उजुरी उपर अध्ययन गर्न तथा यसको स्थिति के कस्ता छन् भन्ने बारे अध्ययन तथा अनुसन्धान गर्न कठिनाई उत्पन्न भएको हो ।

नेपालको सन्दर्भमा सञ्चार माध्यमले अदालतको अवहेलना गरेको विषयमा त्यस्तो कुनै यससंग सम्बन्धित पुस्तक आदि अध्ययनका लागि उपलब्ध हुन सकेन । यस विषयमा प्रश्न गर्दा पनि पहिले अदालतको अवहेलना के हो ? भनेर स्पष्ट गरे

---

[४९] *जिल्ला अदालत* अनुगमन अनुसार

पश्चात मात्र प्रश्नपत्र तथा तथ्याङ्क संकलनका लागि विषयवस्तु भर्न सकिएको पाइयो । प्रश्न पत्र भराउने विषयमा चाहे कानून वा पत्रकारिता विषय अध्ययनरत विद्यार्थी होस उनीहरूले यस विषयप्रति त्यति चाख नराखेको कारण सजिलैसंग भराउन कठिन भएको पाइयो । विदेशी कानूनी अभ्यासलाई पछ्याएको र अदालतको अवहेलनामा छुट्टै अर्थात विशेष अदालत अन्तर्गत यसलाई राखेको कारण अदालत लाई आफ्नो अवहेलनामा कारवाही चलाउन सक्ने अधिकार दिएको छ । तर कुनै एउटा निश्चित ऐन नभएको कारणवश अदालतको अवहेलना जुन सञ्चार माध्यमले गरेको छन् । त्यति मुद्दा नपरेकोले यसमा सोचे जति अध्ययन गर्न नसकिएको छ । यदि यथेष्ट मात्रामा त्यस्ता मुद्दाहरु पाइएको भए त्यसको प्रकृति केलाउन सजिलै सकिन्थ्यो । यो एउटा निकै जटिल विषय समेत हो ।

व्यक्तिबाट हुने वा कुनै संस्था सम्बन्धित विषय वा अदालतले दिएको आदेश उपर कार्यान्वयन हुन नसकेको मुद्दाहरू र त्यस्ता मुद्दाको फैसलाहरूका तथ्याङ्क भने प्रशस्त मात्रमा रहेको छ । तर सञ्चार माध्यमसंग सरोकार राख्ने विषयमा भने उजुरी नपरेको' [५१] वर्षमा १ वा २ वटा मात्र मुद्दा उजुरी पर्न समेत मुश्किल रहेको अवस्थामा यस अदालतको अवहेलनाका विषयमा हरिहर विरहिको चर्चित मुद्दालाई नै उदाहरणको रुपमा प्रस्तुत गरी यसलाई नै आधार मान्नु पर्ने अवस्था रहेको पाइयो । यो २०४६ को प्रजातन्त्र पुर्नस्थापना पश्चात परेको वर्ष २२ अंक १३ कार्तिक २१ गते शुक्रवार २०४९ सालमा प्रकाशित कार्टुनलाई लिएर भएको थियो ।

यसलाई नै मुख्य आधार मानेको र अन्य त्यस्ता मुद्दाहरूको उजुरी अदालत समक्ष नपरेको कारण यस विषयसंग सम्बन्धित प्रयासका घटनाहरू समावेश गर्न सकिएन । त्यसैले अदालतको अवहेलना के कसरी हुन्छ भन्ने कानूनी पक्ष र विशेषतहरु सञ्चार माध्यम तथा सञ्चारकर्मीले अपनाउनु पर्ने सचेतता, जिम्मेवारीपना तथा समाजप्रतिको जवाफदेहिता आदिका पक्षलाई केलाएर ती प्रश्नको उत्तर पाउने प्रयास गरिएको छ । तर परिणाम भने त्यति सन्तोषजनक

---

[५१] *जिल्ला अदालत* अनुगमन अनुसार

आएको पाइएन, कारण सञ्चार माध्यममा अदालतको अवहेलनालाई लिएर त्यति अध्ययन नगरिएको र सो विषयमा धेरै जसो अनभिज्ञ रहेकोले पनि आशा गरे जस्तो अध्ययनबाट परिणाम आउन नसकिएको हो ।

सञ्चार माध्यममा अदालतको अवहेलना भयो भनेर कारवाही चलेको र सजाँय भएको तथा चर्चामा आएको पहिलो घटना जुन साप्ताहिक *विमर्श*बाट छापिएको कार्टुनलाई लिएर परेको मुद्दा हो यसलाई नै अदालतको अवहेलना सम्बन्धी नेपाली इतिहासको सम्भवतः पहिलो मुद्दा मानिन्छ । अदालतको अवहेलनाका विषयमा संचार माध्यममा कम्तिमात्रमा परेका मुद्दाहरूका कारण यसका अलावा प्रेस काउन्सिलमा उजुरीका मुद्दाहरु जस्तै :गालीवेइज्जती, आचार संहिता उल्लंघन भ्रष्टाचार, चरित्रहत्या, मानहानी आदि के कति मुद्दाहरू परेका छन् भन्ने विषय समेत यसमा समेटन परेको छ । प्रेस काउन्सिल समक्ष उजुरी मुद्दाहरू जति छन्, ती मुद्दाहरूमा अदालतको अवहेलना भएको भन्ने विषय भने उजुरी खासै नपरेको कारण पनि संचार माध्यमले के कति अदालतसंग सरोकार राख्ने विषयमा समाचारहरू प्रकाशन तथा प्रसारणमा आएका छन् ।

ती विषयले के कति मात्रमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा अदालतमा प्रभाव पाऱ्यो र सञ्चार माध्यमले पनि यस सम्वन्धमा के कस्ता किसिमका परिस्थितिको सामना गर्नु पऱ्यो ती सम्बन्धमा नसमेटेकोले पनि यसमा सही तथ्याङ्क प्रस्तुत गर्न सकिएन । यद्यपि अदालतको अवहेलनाका विषयमा अदालतको आदेश अवज्ञा गरेको सम्बन्धमा भने पर्याप्त तथ्याङ्क प्राप्त भएता पनि यस शोधका लागि उचित लागेको विषय मात्र समावेश गरियो । तर ती विषयहरूमा सञ्चार माध्यमबाट प्रकाशित भएता पनि सञ्चार माध्यमले नै अदालतको आदेशको अवज्ञा नगरेको कारण यस सम्बन्धमा ती तथ्याङ्कहरूलाई समावेश गरिएको छैन ।

## ९.२ अध्ययनका सूचना स्रोतहरू

सञ्चार माध्यममा परेका अदालतको अवहेलना सम्वन्धी मुद्दाको स्थिति विषयक यस शोधका लागि यथेष्ट मात्रमा  सूचना तथा स्रोत उपलव्ध नभएता पनि

यसको लागि प्राप्त चाहिँदो सूचना र स्रोतको उपयोग गर्ने कोसिस यस शोधमा गरिएको छ । यस शोध अध्ययनका लागि विभिन्न कानूनी पुस्तकहरूका साथसाथै पत्रकारिता तथा आमसञ्चारका सन्दर्भ श्रोतहरुको पुस्तकहरू उपयोग गरिएको छ । यसका साथै प्रेस काउन्सिल तथा जिल्ला अदालतको अनुगमन समेत गरिएको छ । यसको अतिरिक्त त्रिभुवन विश्वविद्यालय स्थित पुस्तकालयको सामग्री पनि अध्ययनका स्रोतका रुपमा प्रयोग गरिएको छ ।

त्यस्तै अदालतको अवहेलना सम्बन्ध विषयतर्फ कानून व्यवसायी, कानून विषय अध्ययनरत विद्यार्थी, पत्रकारिता विषय अध्ययनरत विद्यार्थी र सञ्चारकर्मीहरूसंगको छलफल समेतलाई यस शोधमा समावेश गरिएको छ । प्राथमिक स्रोतका रुपमा तथ्याङ्क संकलनका लागि प्रश्नहरू निर्माण गरिएको छ । यसको प्रयोगविधि जारी गरिएको छ । यस अर्न्तगत अदालती तथा सञ्चारमाध्यमसँग सम्बन्धित विषयका प्रश्नहरू समेत समावेश गरिएको छ । त्यसबाट प्राप्त तथ्याङ्कलाई आधार मानेर प्रयोग गरिएको छ । अदालतको अवहेलना सम्बन्धमा चर्चित *विमर्श*को कार्टुन काण्डलाई प्रमुख रुपमा लिइएको छ भने व्यक्तिबाट जारी भएका अदालतको अवहेलना सम्बन्धी विषयलाई भने स्रोतका रुपमा उल्लेख नगरी मात्र जानकारी दिएको छ । तर अदालतको आदेशले अवज्ञा गरेको प्रश्नमा *कान्तिपुर*मा प्रकाशित समाचारलाई स्रोत मानिएको छ । यसमा पूर्व संचार मन्त्री टंक ढकालबाट अदालतको आदेशको अवज्ञा गरेको सन्दर्भ उठाइएको छ ।

## ९.३ अध्ययन सीमा (Limitation of the study)

यसका लागि २०६२ साल वैशाखदेखि असोजसम्मको जम्मा ६ महिनाको छापा माध्यमले तयार गरेको अदालतको अवहेलना सम्बन्धी दायर भएका मुद्दा तथा फैसलाको अध्ययन गरिनेछ । यसमा केन्द्रीत रही सञ्चार माध्यमका अन्य पक्ष जस्तै आचारसंहिताको उल्लंघन, चरित्र हत्या, भ्रष्टाचार, गालीवेइज्जती मानहानी आदिलाई समेत अध्ययनको विषय बनाई यसको लागि प्रेस काउन्सिलमा दायर हुन आएका उजुरीहरूलाई समेतलाई आधार मानि अध्ययन गरिनेछ ।

## ९.४ तथ्याङ्क संकलन विधि

कुनै पनि शोधका लागि प्रमुख अंश भनेको नै तथ्याङ्क संकलन र तिनीहरूको विश्लेषण गरी सामाजिक वस्तुस्थिति उजागर गर्न परिलक्षित छ । यसरी संकलित तथ्याङ्कको विश्लेषण (Analysis) पछि सामान्यीकरणको आधारमा निष्कर्षमा पुगिन्छ। तथ्याङ्क भनेको कुनै पनि विषयमा गरिने अनुसन्धनसंग सम्वन्धित सम्पूर्ण सूचना जानकारी समेतलाई बुझिन्छ । जुन तत्वको माध्यमबाट अनुसन्धानको निष्कर्षमा पुग्छौं वा विषयका सम्वन्धमा विश्वसनीय र प्रमाणिक तथ्याङ्कहरू संकलन गर्नका लागि अपनाइने विधिलाई तथ्याङ्क निर्माण प्रविधि (Data generation technique ) भन्छौं । यस शोधका लागि प्राथमिक तथ्याङ्क (Primary data) र द्धितीय तथ्याङ्क (secondary data) यी दुवै विधिलाई समावेश गरिएको छ । यसमध्ये (Primary data) भन्नाले (Questionare) प्रश्नावली सम्वन्धि व्यक्ति, अदालत अनुगमन इत्यादि र subsidiary data भन्नाले विभिन्न पुस्तक आदिलाई प्रमुख स्तम्भका रुपमा आधार मानेर तथ्याङ्क संकलन गर्न सहयोग लिइएको छ।

सञ्चार माध्यम सम्वन्धित विधिलाई तथ्याङ्क संकलनका विभिन्न विधि प्रयोग गरिएको छ। यस अनुसार प्रश्नावली विधि (Questionare method) को प्रयोग सम्बन्धित क्षेत्र (अदालत) को अनुगमनलाई विशेष महत्व दिइएको छ । तथ्याङ्क संकलन गर्दा प्रश्नपत्रको भराई कानून विषय अध्ययनरत विद्यार्थी र सञ्चारकर्मीहरूबाट समेत सम्बन्धित विषयका लागि प्रयोजन गरिएको छ।

त्यसैगरी सर्वोच्च, पुनरावेदन र जिल्ला अदालत यी तीन तहका अदालतमा अदालतको अवहेलना सम्वन्धी मुद्दा तथा उजुरी भएका के कति तथ्य छन् भन्ने चिज जिल्ला अदालतमा परेको मुद्दा तथा उजुरीहरू समेत संकलन गरिएको छ । प्रश्नपत्रको उत्तर प्राप्त गर्नेतर्फमा यस शोधका लागि सयवटा प्रश्नपत्र भराई तथ्याङ्क संकलनका लागि प्रयोग गरिएको छ । अन्य तथ्यांङ्कका लागि कानूनका पत्रिका, *न्यायदुत* तथा कानूनसंग सम्बन्धित अखवारहरूको प्रयोग गरिएको छ । यस विषयलाई अझ स्पष्ट पार्न कानुन व्यवसायी , अदालती समाचार संकलन गर्ने

संवाददाताहरुसंग  यस विषयमा केन्द्रितभई अनौपचारिक कुराकानी गरीएको छ भने यस शोध तयार पार्न २०४९ साल कार्तिक २१ गते प्रकाशित *विर्मश* साप्ताहिकको कार्टुनलाई मुख्य आधार बनाइएको छ । किन की २०४६ को प्रजातन्त्र पुर्नस्थापना पश्चात् सञ्चार माध्यममा अदालतको अवहेलनाको सम्वन्धमा मुद्दा परी सजाय पाइएकाृ तथा चर्चामा आएको विषय भएकोले *विर्मश* साप्ताहिकमा प्रकाशित कार्टुनलाई नै आधार मानेर अध्ययन गरीएको छ ।


# भाग -४

## १०. तथ्याङ्कको प्रस्तुतिकरण एवम् विश्लेषण


यस शोधपत्रका लागि तथ्याङ्क संकलन गर्ने क्रममा अदालतको अवहेलनाका विषयलाई लिएर के के गर्दा अदालतको अवहेलना हुने साथै कस्तो विषय तथा कस्ता अखवारले त्यस्ता मुद्दाहरू खेप्नु परेको छ र सञ्चार माध्यमबाट गल्ती जानी जानी भएको वा के कस्ता प्रकारले विषयहरु समावेश छन् यस सम्बन्धमा विश्लेषण गरिन्छ । कानुनी पक्ष र सञ्चारकर्मीहरूको आफ्नो जिम्मेवारी कस्तो हुनुपर्दछ भन्ने जस्ता प्रश्नहरू समावेश गरी प्रश्नावली निर्माण गरिएको छ । यसमा १०० जना व्यक्तिहरूलाई यो प्रश्नावली भराई तथ्याङ्क संकलन गरिएको छ । कानुन व्यवसायी, कानुन विद्यार्थी, सञ्चारकर्मी र पत्रकारिता अध्ययनरत विद्यार्थीहरूलाई मात्र प्रश्नावली भर्न लगाई समावेश गरिएको छ । यस अर्न्तगत कानुन व्यवसायी १० प्रतिशत, सञ्चारकर्मी ३४ प्रतिशत, कानून अध्ययनरत विद्यार्थी २० प्रतिशत र पत्रकारिता विषय अध्ययरत विद्यार्थी ३६ प्रतिशत रहेको छ ।

## १०.१ तथ्याङ्क प्रस्तुतीकरण


(१) अदालतको अवहेलना भनेको के हो भन्ने प्रश्नमा प्राथमिकताको आधारमा अदालतका अवहेलना सम्वन्धमा न्यायाधिशको अपमान गर्नुमा ८ प्रतिशत अदालतको विचाराधिन मुद्दामा असर वा प्रभाव पार्नुमा १० प्रतिशत अदालतको काम कारवाहीमा अवरोध पुऱ्याउनुमा ८ प्रतिशत, अदालतको आदेश फैसलाको अवज्ञा गर्नुमा २२ प्रतिशत र यी सबै गर्नु अदालतको अवहेलना हो भन्ने पक्षमा ५२ प्रतिशत मत रहेको पाइएको छ ।





(२) सञ्चार माध्यमहरूले जानी जानी अदालतको अवहेलना गरेका छन् वा छैनन भन्ने प्रश्नमा जानी जानी अदालतको अवहेलना गरेको भन्नेमा ३१ प्रतिशत, सञ्चार माध्यमहरूले जानी जानी अवहेलना गरेको छैन भन्ने सन्दर्भमा ४७ प्रतिशत, अदालतको अवहेलना सञ्चार माध्यमहरूले गरेको थाहा नभएको बारे २२ प्रतिशत मत रहेको पाइयो ।




(३)    सञ्चार माध्यमहरूले अदालतको अवहेलना किन गर्नु हुँदैन भन्ने प्रश्नमा स्वच्छ न्याय सम्पादन हुन वाधा पर्छ भन्नेमा २६ प्रतिशत, न्यायालयप्रति अनास्था सिर्जना हुनेमा २३ प्रतिशत र यी दुबैमा मत व्यक्त गर्नेहरू ५१ प्रतिशत रहेको पाइयो ।





(४)    अदालतको अवहेलना सम्वन्धि मुद्दा वढी कुन छापा माध्यमले खेप्नु परेको छ भन्ने प्रश्नमा दैनिक अखवारले २३ प्रतिशत, साप्ताहिक पत्रपत्रिकाले ४७ प्रतिशत, पाक्षिक पत्रिका ११% मासिक पत्रिका ८ प्रतिशत र अन्य विभिन्न पत्रपत्रिका ११ प्रतिशत मत रहेको पाइयो ।





(५) सञ्चार माध्यमहरूले अदालत सम्बन्धी मुद्दाहरू खेप्नु पर्ने कारण के होला भन्ने प्रश्नमा सञ्चारकर्मीहरूमा कानूनी ज्ञान नहुनु ४२ प्रतिशत, सञ्चार माध्यम सम्बन्धी ठोस कानूनी व्यवस्थाको अभाव ३९ प्रतिशत तथा अन्य कारणमा १९ प्रतिशत मत रहेको पाइयो ।




( स्तुत गरिन्छन् भन्ने प्रश्नमा सञ्चार माध्यमहरूमा अदालतको अवहेलना हुनेगरी प्रस्तुत विषयहरू मध्ये राजनीतिक विषयमा ५२ प्रतिशत, अपराध सम्बन्धी ३९ प्रतिशत र कुनै पनि मत व्यक्त नगर्नेहरूमा ९ प्रतिशत रहेको पाइयो ।





(७) अदालतको अवहेलनाको जिम्मेवार पक्ष कुन हो भन्ने प्रश्नमा सम्पादक भनी मत जाहेर गर्नेमा २७.२७ प्रतिशत, पत्रकार २०.२० प्रतिशत, प्रकाशक १२.१२ प्रतिशत यी सबै हुन् भन्नेमा ३७.३८ प्रतिशत र कुनै पनि मत जाहेर नगर्नेमा ३.३ प्रतिशत रहेको पाइयो ।





(८) सञ्चार माध्यमबाट अदालतको अवहेलना हुन नदिन के हुनु पर्छ भन्ने प्रश्नबाट अदालतको अवहेलना हुन नदिन प्रभावकारी कानूनको निर्माण हुनु पर्छ


भन्नेमा २० प्रतिशत, सञ्चारकर्मीमा कानूनी व्यवस्थाको बारेमा चेतना हुनु पर्छ भनी मत जाहेर गर्नेमा ५२ प्रतिशत, कार्यान्वयन हुनु सक्ने सजायको व्यवस्था गरिनु पर्नेमा १८ प्रतिशत र अन्य १० प्रतिशत मत रहेको पाइयो ।





(९) अदालती समाचार संकलन तथा सम्पादन गर्न सञ्चारकर्मीहरूमा कानूनी ज्ञान कतिको आवश्यक छ भन्ने प्रश्नमा कानूनी ज्ञान अत्यावश्यक छ भन्नेमा ७१ प्रतिशत कानूनको सामान्य ज्ञान हुनु पर्नेमा २९ प्रतिशत र कानूनी ज्ञान आवश्यक छैन भन्ने सन्दर्भमा कुनै पनि मत व्यक्त नगरिएको पाइयो ।




(१०) अदालतको अवहेलना सम्बन्धी मुद्दाका फैसलाले मर्यादित पत्रकारिताको विकास गरेको पाउनु भएको छ भन्ने प्रश्नमा अदालतको अवहेलना सम्बन्धी मुद्दाका फैसलाले मर्यादित पत्रकारिताको विकास गरेको छैन भनी मत व्यक्त गर्नेमा ३७ प्रतिशत, अवहेलना सम्बन्धी मुद्दाका फैसलाले मर्यादित पत्रकारिताको विकास गरेको सम्बन्ध थाहा नभएको मत व्यक्त गर्नेमा ५५ प्रतिशत तथा यस सम्बन्धमा कुनै पनि मत व्यक्त नगर्नेमा ८ प्रतिशत रहेको पाइएको छ ।





(११) तपाइको सञ्चार माध्यमले अदालती समाचार संकलनका लागि कस्तो संवाददाता खटाएको छ भन्ने प्रश्नमा कानुन पढेको वा कानूनको बारेमा ज्ञान भएकोमा ३० प्रतिशत, कानूनको बारेमा ज्ञान नभएको २१ प्रतिशत कुनै निश्चित व्यक्ति खटाइएको हुँदैन जसले पनि रिर्पोटिङ्ग गर्छ भन्नेमा ३७ प्रतिशत र यस सम्वन्धमा कुनै पनि चिज व्यक्त गर्नेमा १२ प्रतिशत रहेको पाइयो ।





(१२) कस्ता अदालती रिर्पोटर चाहिन्छ भन्ने प्रश्नमा अदालती वा रिर्पोट कानूनको विद्यार्थी चाहिन्छ भन्नेमा २९ प्रतिशत, कानुन व्यवसायमा संलग्न १७ प्रतिशत, पत्रकारिता पढेको ३८ प्रतिशत प्रशिक्षण लिएकोमा १६ प्रतिशत र अन्य विषय पढेकामा कुनै पनि मत नरहेको पाइयो भने सबैभन्दा वढी मत पत्रकारिता विषय लिई पढेको नै अदालती विट रिर्पोटर हुनुपर्ने कारण पाइयो ।



(१३) सञ्चार माध्यममा अदालतको अवहेलना हुने सामग्री कसरी प्रस्तुत गरिएका हुन्छन् भन्ने प्रश्नमा सञ्चार माध्यममा अदालतको अवहेलना हुने सामग्री प्रस्तुत गरिएकोमा समाचार (News) मार्फत २२ प्रतिशत, लेख (Article) मार्फत १८ प्रतिशत, कार्टुन (cartoon) मार्फत १४ प्रतिशत, यी सबै मार्फतमा ४४ प्रतिशत मत रहेको पाइयो भने कुनै पनि मत जाहेर नगर्नेमा २ प्रतिशत पाइयो ।





(१४) के सञ्चारकर्मीहरूले आफ्नो कार्यक्षेत्रसंग सम्बन्धित विषयमा प्रशिक्षण लिन जरुरी छ भन्ने प्रश्नमा सञ्चारकर्मीहरूले आफ्नो कार्य क्षेत्रसंग सम्बन्धित विषयमा प्रशिक्षण लिन जरुरी रहेकोमा ६१ प्रतिशत मत रहेको पाइयो भने त्यस्ता सम्बन्धित विषयमा लिन नपर्नेमा ३९ प्रतिशत मत र समग्रमा आफ्नो विषयसँग सम्बन्धित प्रशिक्षण लिनु पर्दछ भन्नेमा नै वढी प्रतिशत मत रहेको पाइयो ।




61%


(१५) अदालतको अवहेलना सम्बन्धी मुद्दाहरूको टुंगो समयमा नै लागेको पाउनु भएको छ वा छैन भन्ने प्रश्नमा अदालतको अवहेलना सम्बन्धी मुद्दाहरूको टुंगो समयमा नै लागेको छ भन्ने पक्षमा ३९ प्रतिशत, छैन भन्नेमा ४५ प्रतिशत र कुनै पनि मत जाहेर नगर्नेमा १६ प्रतिशत रहेको पाइयो ।





(१६) अदालतको अवहेलना सम्बन्धी मुद्दा वढ्न नदिन सञ्चार माध्यम र यस्मा काम गर्ने सञ्चारकर्मीले कस्तो किसिमले समाचार सम्प्रेषण गर्नु पर्दछ भन्ने प्रश्नमा अदालतको अवहेलना सम्बन्धि मुद्दा बढ्न नदिन सन्चार माध्यम र यसमा काम गर्ने सञ्चारकर्मीले समाचार सम्प्रेषण गर्दा अदालतको काम कारवाहीलाई असर नपार्ने गरी गर्नु पर्नेमा २४.२४ प्रतिशत, अदालतको मुद्दालाई असर नपार्ने गरी समाचार सम्प्रेषण गर्नु पर्दछ भनी मत व्यक्त गर्नेमा १२.१२ प्रतिशत, अदालतको काम कारवाही सार्वजनिक गर्दा समाजलाई फाइदा पुग्ने गरी २१.२१ प्रतिशत, अदालतको अनियमितता सम्बन्धि ८.८ प्रतिशत र यी सबैमा ध्यान पुऱ्याएर समाचार सम्प्रेषण गर्न पर्दछ भन्ने पक्षमा ३४.३५ प्रतिशत मत रहेको पाइयो ।





(१७) अदालतको अवहेलना सम्बन्धी समाचार लेखनमा कस्तो किसिमको अप्ठयारो महशुस गरेको अनुभव गर्नु भएको छ भन्ने प्रश्नमा सूचना नदिने प्रवृति रहेकोमा २१.२१ प्रतिशत, गलत काम कारवाहीलाई ढाँक्नेमा १७.१७ प्रतिशत, कतिपय सार्वजनिक सरोकारका विषयमा सूचना लुकाउने प्रवृतिमा ३३.३४ प्रतिशत र सञ्चार माध्यम र सञ्चारकर्मी देखि टाढा रहन चाहने प्रवृतिमा २८.२८ प्रतिशत मत व्यक्त गरेको पाइयो ।





(१८) सञ्चारकर्मीले अदालतको अवहेलना सम्बन्धि समाचार सम्प्रेषण गर्दा के कस्तो प्रभाव पार्दछ भन्ने प्रश्नमा सञ्चारकर्मीले अदालतको अवहेलना हुने समाचार सम्प्रेषण गर्दा त्यस्ता समाचारबाट सञ्चारकर्मीको कामकारवाहीले अदालतलाई प्रभाव पार्छ भन्नेमा १८ प्रतिशत, अनियमितता घटाउछ भन्नेमा २३ प्रतिशत सञ्चारकर्मीको काम कारवाहीले मुद्दामा नकरात्मक असर पार्छ भनि मत व्यक्त गर्नेमा १९ प्रतिशत, वन्द इजलासका मुद्दा सार्वजनिक गर्न हुँदैन भन्नेमा ११ प्रतिशत यी माथिका सबै काम कारवाही गर्दा प्रभाव पार्नेमा २४ प्रतिशत र यस प्रश्नमा कुनै पनि मत व्यक्त नगर्नेमा ५ प्रतिशत रहेको पाइयो ।





(१९) अदालतको अवहेलना सम्बन्धमा कस्तो कानूनको निर्माण तथा तर्जुमा हुनुपर्दछ भन्ने प्रश्नमा अदालतको सम्बन्धमा निर्माण तथा तर्जुमा हुनुपर्ने कानून दण्डात्मक हुनुपर्नेमा ११ प्रतिशत, सुधारमुलकमा २४ प्रतिशत, पारदर्शितामा २२ प्रतिशत, अदालतको काम कारवाही र मुद्दा सुनुवाईको सार्वजनिक प्रसारण हुनेगरी २० प्रतिशत तथा ती सबै चिजहरूको पक्षमा २१ प्रतिशत अदालतको काम कारवाही र मुद्दा सुनुवाईको सार्वजनिक प्रसारण हुनेगरी २० प्रतिशत ती सबै चिजहरूको पक्षमा २१ प्रतिशत र यी सम्वन्धमा कुनै पनि मत व्यक्त नगर्नेमा २ प्रतिशत रहेको पाइयो ।



(२०) अदालतको अवहेलना सम्वन्धी मुद्दाका फैसलाका लागि नेपाली अदालतले अन्तर्राष्ट्रिय कानुनलाई पछ्याएको पाइन्छ कि पाइँदैन भन्ने प्रश्नमा अदालतको अवहेलना सम्बन्धी मुद्दाका फैसलाका लागि नेपाली अदालतले अन्तर्राष्ट्रिय कानुनलाई पछ्याएको पाइन्छ भन्नेहरूमा ३९ प्रतिशत मत रहेको पाइयो भने नेपालको सन्दर्भमा अदालतको अवहेलना सम्बन्धी मुद्दाका फैसलाका लागि नेपाली अदालतले अर्न्तराष्ट्रिय कानुनलाई पछ्याएको पाइएको छैन भन्नेमा ४३ प्रतिशत र यस सम्वन्धमा कुनै पनि मत व्यक्त नगर्नेमा १८ प्रतिशत रहेको पाइयो ।




(२१) अदालत माथिको जनआस्था, विश्वास र मर्यादामा आघात पर्ने सम्बन्धमा सञ्चारकर्मीहरू सचेत रहन जरुरी छ कि छैन भन्ने प्रश्नमा अदालत माथिको जनआस्था, विश्वास र मर्यादामा आघात पर्ने सम्बन्धमा सञ्चारकर्मीहरू सचेत रहन जरुरी छ भन्नेमा ८७ प्रतिशत मत रहेको पाइयो भन्ने यस सम्बन्धमा कुनै पनि मत व्यक्त नगर्नेमा १३ प्रतिशत रहेको पाइयो ।




## १०.२ तथ्याङ्क विश्लेषण Data Analysis

अदालतको अवहलना र सञ्चार माध्यममा केन्द्रीत यस शोधमा अदालतको अवज्ञा हुनुलाई वढि मत प्राप्त भएको देखिन्छ । साथै न्यायाधिशको अपमान गर्न, विचाराधिन मुद्दामा असर वा प्रभाव पार्न, अदालतको काम कारवाहीमा अवरोध पुऱ्याउनुलाई पनि मत प्रदान गरिएको पाइयो । समग्रमा यी सबै कार्य गर्नु अदालतको अवहेलना हो । सञ्चारले आफ्नो निजी स्वार्थको लागि अदालतको अवहलेना मनासिव मान्दैन । सञ्चारले आफ्नो नीजि स्वार्थको लागि अदालतको अवहेलना गरेको पाइँदैन । सञ्चार माध्यमहरूले अदालतमा स्वच्छ न्याय सम्पादन हुनमा वाधा हुने, न्यायालयप्रति अनास्था सिर्जना हुने जस्ता क्रियाकलाप वा समाचार सम्प्रेषण गर्नु हुँदैन साथै विचाराधिन मुद्दाहरू पनि बाहिर ल्याउनु हुँदैन । यसले अदालतको काम कारवाहीमा अवरोध पुऱ्याउन सक्छ ।

सञ्चार माध्यमहरूले अदालत सम्बन्धी मुद्दा खेप्नु पर्ने कारणमा सञ्चारकर्मीहरूमा कानुनी ज्ञानको अभाव देखिन्छ । साथै ठोस कानुन तथा मितिको अवस्था कायम हुनु जरुरी छ । अदालतको अवहेलना सम्बन्धी मुद्दा साप्ताहिक पत्रपत्रिकाले व्यहोर्नु परेको मत प्राप्त भएको छ । दैनिक, पाक्षिक, मासिक तथा अन्य

पत्रपत्रिकाहरूले यस सम्बन्धी खासै मुद्दा खेप्नु परेको देखिदैन । चर्चित कार्टुन काण्डमा साप्ताहिक *विमर्शले* अदालतको अवहेलना सम्बन्धी मुद्दा खेप्नु परेको थियो । अदालतको अवहेलना सम्बन्धी हालसम्मै यो कार्टुन काण्ड चर्चित रहेको छ । अदालतको अवहेलना हुने विषयहरूमा अदालतसंग सम्बन्धित विषय नै रहेको पाइन्छ । यसका अतिरिक्त राजनीतिक, अपराध तथा अन्य विषय वा प्रसङ्गहरूसंग पनि अदालतको विषय जोडि अदालतको अवहलेना भएको पाइन्छ । अदालतको अवहेलनाको जिम्मेवार पक्षको रुपमा पत्रकार, सम्पादक, प्रकाशक सबै पर्दछन् । के के गर्दा अदालतको अवहेलना हुन्छ भन्ने कुराको बोध सबैमा हुनु जरुरी छ । सञ्चार माध्यमबाट अदालतको अवहेलना हुन नदिन प्रभावकारी कानुनको निर्माण गरिनु पर्दछ । सञ्चारकर्मीमा कानूनी व्यवस्थाको बारेमा चेतना हुनु आवश्यक छ । यस्मा मुद्दाहरूको फैसला कार्यान्वयन र सजाँयको व्यवस्था गर्नु पर्दछ ।

अदालत सम्बन्धी समाचार संकलन तथा सम्पादन गर्न पनि यस सम्बन्धी कानुन तथा नीतिको स्पष्ट जानकारी हुनु नितान्त आवश्यक देखिन्छ । पत्रकारिताको मर्यादित विकासको लागि अदालतको अवहेलना सम्बन्धी मुद्दाको फैसला पारदर्शी रुपमा हुनु पदृछ । कानून पढेको वा कानुनको बारेमा ज्ञान भएको व्यक्तिलाई संवाददाताको रुपमा अदालती समाचार संकलनका लागि सञ्चार माध्यमले छनोट गर्नु पर्दछ । तर यहाँ अदालती समाचार संकलनको लागि कुनै निश्चित व्यक्ति खटाइएको पाइँदैन । अदालत सम्बन्धी समाचार संकलनको लागि प्रशिक्षण लिइएको व्यक्तिलाई संवाददाताको रुपमा छनौट गर्नु पर्दछ । कानुन तथा पत्रकारिता दुबै विषयमा पोख्त व्यक्ति अदालती समाचार संकलनका लागि उपयुक्त हुन्छ । अदालतको अवहेलना हुने सामग्री, समाचार, लेख, कार्टुन, मार्फत गरिएको देखिन्छ ।

अदालती समाचार संकलन गर्ने सम्वाददाताहरूले आफ्नो कार्यक्षेत्रसंग सम्बन्धित विषयको प्रशिक्षण लिएर मात्र यस्ता समाचार संकलन गर्नु उचित देखिन्छ । यस्ता मुद्दाहरू समयमै टुंगो लाग्न जरुरी छ । अदालतको अवहेलना सम्बन्धी मुद्दाहरू बढ्न नदिन सञ्चार माध्यम र यस्मा काम गर्ने सञ्चारकर्मीहरूले

अदालतको काम कारवाहीमा असर नपर्ने तथा विचाराधिन मुद्दामा असर नपार्ने गरी समाचार सम्प्रेषण गर्नु पर्दछ ।

अदालतको कामकारवाही सार्वजनिक गर्दा समाजलाई फाइदा पुग्नेगरी अदालतको अनियमितता सम्बन्धि कार्यमा सवैमा ध्यान पुऱ्याएर समाचार सम्प्रेषण गर्नुपर्दछ । सूचना नदिने प्रवृती, गलत कामकारवाहीलाई ढाक छोप गर्ने र कतिपय सार्वजनिक सरोकारका विषयमा सूचना लुकाउने प्रवृति तथा सञ्चारमाध्यम र सञ्चारकर्मीदेखि टाढा रहन चाहने प्रवृतिले अदालतको अवहेलना सम्वन्धी समाचार लेखनमा अप्ठ्यारो परेको देखिन्छ । सञ्चारकर्मीले अदालतको अवहेलना हुने समाचार सम्प्रेषण गर्दा त्यस्ता समाचारबाट वा सञ्चारकर्मीको कामकारवाहीले अदालतलाई प्रभाव पार्दछ । साथै अदालत सम्बन्धी अनियमितता घटाउँदछ । मुद्दामा नकारात्मक असर पर्ने गरी बन्द इजलासका मुद्दा सार्वजनिक गर्नु हुँदैन ।

अदालतको अवहेलना सम्बन्धमा कानुनको निर्माण तथा तर्जुमा गर्दा दण्डात्मक, सुधारमूलक र पारदर्शी हुनु पर्दछ । साथै अदलती काम कारवाही  र मुद्दा सुनवाईको सार्वजनिक प्रशारण हुने गरी गर्नु पर्दछ । अदालतको अवहेलना सम्वन्धी मुद्दाका फैसलाका लागि नेपाली अदालतले अर्न्तराष्ट्रिय कानुनलाई नै पछ्याएको पाइन्छ । अदालत माथिको जनआस्था, विश्वास र मर्यादामा आघात पर्ने सम्वन्धमा सञ्चारकर्मीहरू सचेत रहन जरुरी छ ।

अदालतको अवहेलना हुन नदिन अदालतले  सहि र न्यायोचित रुपमा फैसला गर्नु पर्दछ । अदालतको अवहेलनाबाट मुद्दामा प्रत्यक्ष असर समेत पर्न सक्छ । यसबाट मुद्दामा प्रमाण बलियो हुने पक्षले समेत मुद्दा हार्ने सम्भावना नकार्न सकिदैन । त्यसैले यसतर्फ बढि संवेदनशील भई संचारकर्मीले सोच्नु पर्दछ । न्यायक्षेत्र संवेदनशील क्षेत्र हो । जसको विषयमा समाचार संकलन, लेखन तथा सम्पादन गर्ने क्रममा सम्वन्धित पक्षलाई पर्याप्त कानुनी ज्ञान, नीतिसंहिता आचारसंहिता लगायतको विषयमा ज्ञान हुनुपर्दछ । माध्यममा सम्वन्धीत विषयमा जानकारीयुक्त जनशक्ति नभएको अवस्थामा अदालती न्याय समाचार संकलनको

लागि संवेदनशील हुनुपर्दछ । कतिपय अवस्थामा आग्रह वा पूर्वाग्रहवश कुनै कुनै सञ्चारमाध्यमलाई अवहेलना सम्बन्धी मुद्दा सोधपुछ गरिएको पाइन्छ । सञ्चारकर्मीहरूमा कानुनी सचेतना अत्यावश्यक छ । सञ्चार माध्यमले प्रक्षेपण गर्ने अदालती विषयहरूको पनि पारदर्शिता आवश्यक छ । यी माथिका समाचार टिप्पणी समेत गर्न पाउनुपर्छ । अदालतका सम्पूर्ण काम कारवाही जनताका लागि खुल्ला हुनुपर्दछ । तदनुसार कानुनलाई सुधारोन्मुख बनाउनु पर्दछ । १६ औ शताव्दीको कानुनी भाषाको अन्त्य हुनुपर्दछ ।

पत्रकारिताको आचार संहितालाई पालना गर्दै आफ्नो कार्यक्षेत्रमा अडिक रहि कानुन र कानुनी अवधारणालाई आत्मसाथ गर्नुपर्छ । व्यक्तिगत स्वार्थ नराखी स्वतन्त्र तथा निष्पक्ष ढंगबाट समाचार सम्प्रेषण गर्नुपर्दछ । अदालती समाचार संकलन आफैमा जटिल विषय भएता पनि यो जनसरोकारको विषय हो । सञ्चारकर्मीहरूलाई अदालत मातहतका कर्मचारीले न्याय सम्पादनमा असर नपर्ने गरी पारदर्शी रुपमा समाचारको विषयवस्तु उपलव्ध गराउनु पर्दछ ।

# ११. निष्कर्ष (Conclusion)

पूर्ण स्वतन्त्रताको प्रतिक भनेको नै प्रजातन्त्र हो । भनिन्छ जहाँ प्रजातन्त्र छ त्यहाँ नै प्रेस स्वतन्त्रताको कल्पना गर्न सक्छौं । प्रेसलाई संकुचित पार्ने तथा सेन्सर गर्ने हो भने त्यसले राष्ट्र र जनताको लागि निष्कृय भएर सोच्ने तथा त्यसप्रति वफादार हुन निकै कठिन पर्दछ । अन्यथा पारदर्शी पत्रकारिता जम्न सक्दैन । राज्यको चौथो अंग (Fourth estate) को रुपमा लिइएको पत्रकारिताले मुलुक र जनताको परिवर्तनको धारलाई विकास गर्ने तिर सोच्नु नै पत्रकारिताको धर्म हो । निष्पक्ष तवरबाट सत्य तथ्य समाचार प्रकाशन तथा प्रसारण गर्ने कुरामा सधै सचेत हुनु पर्दछ । जुन राष्ट्रले प्रेस स्वतन्त्रता पाएको हुन्छ, त्यस मुलुकमा विकास कार्यहरू निरन्तर रुपमा अघि वढि रहेको हुन्छ । यसले निकै प्रभावकारी भूमिका खेलेकै हुन्छ ।

प्रेस सार्वजनिक मत अभिव्यक्तिको सूचक तथा समाजको पहेरदार (Watchdog) हो । सार्वजनिक विचारलाई अभिव्यक्त गर्ने प्रखर क्षमता सञ्चार माध्यममा नै हुने भएकोले प्रजातन्त्रको संरक्षणको निमित्त प्रेस स्वतन्त्रता आवश्यक पर्दछ । प्रेस स्वतन्त्रतालाई कुण्ठित पार्ने कुनै पनि किसिमको कानून निर्माण गर्न नपाइने व्यवस्था नेपालको प्रेस कानूनमा विद्यमान रहेको छ । २०४७ सालमा निर्माण गरिएको संविधानमा प्रेस स्वतन्त्रता र सूचनाको हक सम्बन्धी स्पष्ट रुपमा छुट्टै व्यवस्था जारी गरियो । यहि व्यवस्थाको कारणले नै प्रेसप्रति उदार राष्ट्रिय दस्तावेज निर्माण गर्ने राष्ट्रहरूमा नेपाल दक्षिण एसियाली राष्ट्रहरूमा पहिलो राष्ट्रको रुपमा अवस्थित भयो । उदार र खुकुलो संवैधानिक प्रावधानकै कारणस्वरुप भएतापनि यदि प्रेस माथि कुनै किमिसको हस्तक्षेप वा रोकथाम हुँदा सञ्चार माध्यम अन्तत: त्यति सफल मात्रमा फस्टाउन सक्दैन ।

पत्रकारिता पेशा यस्तो व्यवसाय हो, जसको उपयोगिता चुनौती र सम्भावना कहिल्यै समाप्त हुँदैन । आज यो एउटा सामान्य व्यवसाय वा सञ्चार प्रणालीमात्र नरहेर गहन जिम्मेवारी र क्षमता बोकेको असाधारण शक्तिको रुपमा उभिएको छ । व्यक्ति, समाज र राष्ट्रको उत्थान, पतन, आरोह अवरोह एवं सिर्जना र विध्वंशमा

महत्वपूर्ण भूमिका निर्वाह गर्न सामर्थ्य भएको यस प्रेसको प्रभाव र पहुंच नभएको कुनै ठाउं विशेष स्थान छैन । आज सञ्चार माध्यमहरुको अभावमा व्यक्ति, समाज र राष्ट्रको अस्तित्व एवं विकासको कल्पनासम्म गर्न सकिदैन । यो क्षेत्रले सूचना प्रवाह, जनमत निर्माण तथा वहुपक्षीय परिवर्तन तथा विकासमा पुऱ्याएको योगदान अविस्मरणिय छ । नेपालको पत्रकारिता क्षेत्र यसको अपवादमा पर्दैन ।

नेपाली पत्रकारिताले अनेक प्रकारका चुनौतिहरू झेलेर आफ्नो भूमिका निर्वाह गर्दैआएको छ । नेपालको पत्रकारिता सजिलै र स्वतः यत्तिको स्थानमा आइपुगेको होइन । एक शताव्दीको यो यात्रामा यसले अनेकौ आँधीहुरी र कालरात्रिहरूको सामना गर्नुपऱ्यो । नेपाली सञ्चार जगतले आफूलाई राष्ट्रको एउटा जिम्मेवार र संवेदनशील अंगको रुपमा प्रस्तुत गरिआएको छ । यसले जनता र राष्ट्रको हितलाई सर्वोपरी महत्व दिइ आएको छ । सञ्चारमाध्यमहरूले जनता र राष्ट्र सामु चुनौती र संकट उत्पन्न भएको वेला साहस, संयम र समझदारीपूर्ण भूमिका निर्वाह गरेरे मुलुकप्रतिको निष्ठालाई मूर्तरुप दिएका छन् । विविध रुप र चरित्रका संकटको सामना गर्दै नेपाली सञ्चार माध्यम र सञ्चारकर्मीहरूले आफ्नो स्वतन्त्रता एवं नागरिकहरूको हक, हितको निर्वाह गरेको साहसिक भूमिका अभिनन्दनीय छ ।

पत्रकारिताको विकासको लागि प्रेस स्वतन्त्रता र प्रजातान्त्रिक पद्धति अनिवार्य पूर्वाधार हो । २०४६ सालमा प्राप्त भएको प्रजातन्त्रको पुर्नस्थापना र नेपाल अधिराज्यको संविधान २०४७ को घोषणापश्चात् नेपाली पत्रकारिता नयां युगमा प्रवेश गरेको छ । आजसम्मका क्रान्ति र आन्दोलनवाट प्राप्त उपलब्धिहरुलाई संस्थागत गर्न संविधान सभावाट नयाँ संविधान नबनेसम्मको लागि राजनीतिक सहमतिमा अन्तरिम संविधान २०६३ जारी भएको छ । देशको विद्यमान वर्गीय, जातीय, क्षेत्रीय, लैगिंक समस्याहरुलाई समाधान गर्न तथा राज्यको अग्रगामी पुर्नसंरचना गर्ने संकल्प गर्दै प्रतिस्पर्धात्मक वहुदलीय लोकतान्त्रिक शासन व्यवस्था, नागरिक स्वतन्त्रता, मौलिक अधिकार, मानव अधिकार, वालिक मताधिकार, आवधिक

निर्वाचन पूर्ण प्रेस स्वतन्त्रता, स्वतन्त्र न्यायपालिका तथा कानुनी राज्यको अवधारणा लगायत लोकतान्त्रिक मूल्य र मान्यताप्रतिको पूर्ण प्रतिवद्धता नेपाली जनताको आफ्नो लागि आफै संविधान बनाउन पाउने र भयमुक्त वातावरणमा संविधान सभाको स्वतन्त्र र निष्पक्ष निर्वाचनमा सहभागी हुन पाउने अधिकारको प्रत्याभूति गर्दै अन्तरिम संविधानको मौलिक हक अर्न्तगत स्वतन्त्रताको हक १२, समानताको हक १३, छुवाछुत तथा जातिय भेदभाव विरुद्धको हक १४, प्रकाशन, प्रसारण तथा छापाखाना सम्बन्धी हक १५, वातावरण तथा स्वास्थ्य सम्बन्धी हक १६ , शिक्षा तथा संस्कृति सम्बन्धी हक १७, रोजगारी तथा सामाजिक सुरक्षा सम्बन्धी हक १८, सम्पतिको हक १९, महिलाको हक २०, सामाजिक न्याय सम्बन्धी हक २१, वालवालिकाको हक २२, धर्म सम्बन्धी हक २३, न्यायसम्बन्धी हक २४, निवारक नजरवन्द विरुद्धको हक २५, यातना विरुद्धको हक २६, सूचनाको हक २७, गोपनियताको हक २८ शोषण विरुद्धको हक २९, श्रम सम्बन्धी हक ३०, देशनिकाला विरुद्धकोहक ३१, र संवैधानिक उपचारको हक ३२ प्रदान गरिएको छ । नेपाल अधिराज्यको संविधानले प्रदान गरेको प्रेस स्वतन्त्रता प्रेस जगतको लागि वरदान सावित भएको छ ।

प्रेस स्वतन्त्रताको प्रत्याभूतिले पत्रकारहरूको मनोवल उच्च वनायो भने संविधानले निर्दिष्ट गरेको शिक्षा एवं तदनुरुप निर्माण भएको ऐन, नियम एवं कतिपय नीतिहरूले पत्रकारिता क्षेत्रको व्यापक विकास र विस्तार गरायो । अहिलेको जटिल परिवेशमा पनि पत्रकारिता क्षेत्र प्रगतिको दिशामा ठूल्ठूला फड्को मार्दै अगाडि वढिरहेको छ । पत्रकारिता क्षेत्रको विकास राष्ट्रिय विकासको एउटा अभिन्न अंग हो, यद्यपि यसका योगदान र प्रभाव एउटा मुलुकको परिधिमा मात्र सीमित रहँदैन । त्यसमाध्यमले यसको संरक्षण, सम्वर्द्धन र उपयुक्त परिचालनप्रति सबैको चासो, चिन्ता र प्रतिवद्धता हुनु पर्दछ ।

प्रजातन्त्रको पुर्नस्थापना पश्चात पत्रकारिता क्षेत्र व्यवसायिक मूल्य मान्यतालाई आत्मसात गर्दै उत्साह र आत्मविश्वासकासाथ अगाडि वढिरहेको

देखिएता पनि आज यस क्षेत्रको विकासको बाटोमा तेर्सिएका अवरोधहरूलाई उपेक्षा गर्न सकिदैन । प्रजातान्त्रिक र जनउत्तरदायित्वपूर्ण पद्धति भएको मुलुकमा राज्यले यस क्षेत्रप्रति  सहयोगात्मक, संवेदनशील र जवाफदेहीपूर्ण भूमिका निर्वाह गर्नुपर्ने हो । राज्यले कतिपय क्षेत्रमा आफ्नो दायित्व कम गर्दै प्रतिस्पर्धात्मक पद्धति अंगीकार गरे ता पनि आजको नेपाली पत्रकारितालाई राज्यको संरक्षण आवश्यक छ । प्रेस जगत आत्मनिर्भर हुन नसकेसम्म यसको भविष्यप्रति निश्चिन्त हुन सकिन्दैन । सञ्चार जगतको समग्र विना राष्ट्रले विकास एकीकृत रुपमा सम्पूर्णता विकास हासिल गर्न सक्दैन । त्यसकारण सरकार प्रेसप्रतिको जिम्मेदारीबाट मुक्त हुन सक्दैन । कुनै पनि राष्ट्रको सञ्चालन सो मुलुकको राज्य व्यवस्था अनुरुप नै कायम हुन्छ । जुनसुकै राष्ट्रको सञ्चालनको लागि पनि संविधान अभिन्न अंग हो ।

संविधानको अभिप्राय सरकारको वनावट, ढाँचा राज्य तथा समाजका संगठनात्मक विषयवस्तुसंग सम्बन्धित रहन्छ । कुनै पनि राष्ट्रमा संवैधानिक शासन व्यवस्था कायम नभएको खण्डमा अशान्ति, असुविधा एवं अराजकताको स्थिति प्रार्दुभाव हुन्छ । राज्यमा शान्ति, सुरक्षा र सुव्यवस्था कायम गर्नको निमित्त संविधानको आवश्यकता पर्दछ । प्रजातान्त्रिक शासन प्रणालीमा संविधानको महत्वपूर्ण भूमिका हुन्छ ।

नेपाल अधिराज्यको संविधान २०४७ ले राज्यको न्याय सम्वन्धी सम्पूर्ण अधिकार अदालत र न्यायिक निकायलाई सुम्पेको छ । नेपाल अधिराज्यको न्यायिक सम्बन्धी अधिकार यो संविधान र अन्य न्यायिक निकायहरूबाट प्रयोग गरिन्छ । वर्तमान संविधानले न्यायपालिकालाई तीन तहको संगठनको रुपमा राखेको छ । सबै भन्दा माथि सर्वोच्च अदालत, त्यसपछि पुनरावेदन अदालत र तल्लो तहमा जिल्ला अदालतको व्यवस्था गरेको छ ।

यी तीन तहका अदालतहरूका अतिरिक्त कुनै खास किसिमका मुद्दाहरू निरुपण गर्न कानुनद्वारा विशेष अदालतको न्यायाधिकरणको स्थापना गर्न सक्ने व्यवस्था पनि छ । अदालतको आदेशको निर्णय उल्लंघन गरेमा वा न्याय सम्पादनमा

वाधा पुऱ्याएमा अदालतको अवहेलना हुनेछ । अवहेलना सम्बन्धी मुद्दा अदालतको इज्जत मर्यादामा खतरा परेबाट हुने खरावी वचाउनका लागि हुन्छ । कानूनी प्रक्रियामा वाधा अड्चन खडा गर्नु पनि अवहेलना हो कदापि न्यायपालिकाको स्वतन्त्रतामा आघात पुऱ्याउने किसिमले सूचना संप्रेषण गर्न पाइदैन । न्यायपालिका जनताको न्याय पाउने अन्तिम आश्रयस्थल हो । अदालतबाट न्याय पाइन्छ भन्ने विश्वासमा अदालतप्रति जनताको आस्था रहेको हुन्छ । अदालतको काम कारवाहीमा अवरोध पुऱ्याउने, विचाराधिन विषयलाई प्रभाव पार्ने र अदालतको गरिमा र प्रतिष्ठामा आंच पुऱ्याउने सूचनाको सम्प्रेषण गर्न पाइदैन । यदि गरिन्छ भने त्यो अदालतको अवहेलना मानिन्छ । दुराशय र वदनियतबाट अदालतको सूचना संप्रेषण गर्न पाइदैन । तर असल नियतले स्वच्छ टिप्पणी (Fair Comment) भने गर्न पाइन्छ ।

नेपालको सन्दर्भमा भन्नुपर्दा अदालतको अवहेलना ऐन (Contempt of Court Act) सम्बन्धी विश्लेषण गर्दा अदालतको अवहेलना गर्नु हुँदैन गरेमा सजाँय हुन्छ र यस विषयमा के कति सजाय वा दण्ड दिने भन्ने सम्वन्धमा जिल्ला तथा सर्वोच्चमा कुनै ठोस कानुन निर्माण भएको पाँइदैन । अदालतको अवहेलना भयो भएन भनेर व्याख्या गर्न अर्न्तराष्ट्रिय कानुनको अभ्यास गरेको पाइन्छ ।

नेपाल अधिराज्यको संविधान २०४७ को धारा १३ मा छापाखाना र पत्रपत्रिका सम्बन्धी हकको व्यवस्था गरिएको छ । यहि धाराको भाग १ मा कुनै समाचार, लेख वा अन्य कुनै पाठ्य सामग्री प्रकाशित गर्नु पूर्व प्रतिवन्द लगाइने छैन । तर सार्वमौम सत्ता अखण्डता वा विभिन्न जातजाति वा सम्प्रदायहरू बीचको सुसम्वन्धमा खलल पर्ने वा राजद्रोह, गाली, वेइज्जती वा अदालतको अवहेलना हुने वा अपराध गर्न दुरुत्साहन गर्ने वा सार्वजनिक शिष्टाचार वा नैतिकताको प्रतिकूल हुने कार्यमा मनासिव प्रतिवन्ध लगाउने गरी कानून वनाउन रोक लगाएको मानिने छैन ।

सोही संविधानको धारा १२ मा स्वतन्त्रताको हक अन्तर्गत कानुन बमोजिम वाहेक कुनै पनि व्यक्तिको वैयक्तिक स्वतन्त्रताको अपहरण हुने छैन र मृत्यु दण्डको सजाँय हुने गरी कुनै पनि कानुन वनाइने छैन । सबै नागरिकहरूलाई विचार र अभिव्यक्तिको स्वतन्त्रता प्रदान गरिएको छ । तर कुनै कुराले नेपाल अधिराज्यको सार्वभौमसत्ता, अखण्डता वा विभिन्न जातजाति वा सम्प्रदायहरूका बीचका सुसम्वन्धहरूमा खल्लल गर्ने वा राजद्रोह, गाली वेइज्जती वा अदालतको अवहेलना हुने वा अपराध गर्न दृढतासाथ दिने वा सार्वजनिक शिष्टाचार वा नैतिकताको प्रतिकूल हुने कार्यमा मनासिव प्रतिवन्द लगाउने गरी कानुनी बनाउन रोक लगाएको मानिने छैन । यसरी संविधानले एकातिर छापाखाना तथा प्रकाशनको स्वतन्त्रतालाई निकै उदारतासंग प्रत्याभूति प्रदान गरिएको छ भने अर्कोतर्फ त्यसमा मनासिव प्रतिवन्ध लगाइएको पनि छ । यसअन्तर्गत अदालतको अवहेलनालाई पनि समावेश गरिएको छ ।

कुनै पनि देशको संविधानले हक विना नियन्त्रण निरपेक्ष रुपमा उपभोग गराउन आजसम्म सम्भव भएको छैन । हक माथि मनासिव प्रतिवन्ध लगाउन कानुन निर्माण गर्न पाउने व्यवस्था गरिएको छ । त्यस्तो कानुन संसदले मात्र बनाउन पाउँछ । न्यायपालिकाले त्यस्तो कानुनद्वारा प्राप्त अधिकारको प्रयोग गरेर मात्र कारवाही गर्न पाउँदछ । मनासिव प्रतिवन्द लगाउन पाउने प्रावधान संविधानमा नै राखिएको छ । कुनै प्रतिवन्ध मनासिव हो वा होइन त्यस्तो प्रतिवन्ध लगाउने गरी वनाइएको कानुन आफै पनि मनासिव कस्तो प्रतिवन्ध हो भन्ने हेर्न सामान्यतया प्रतिवन्धको प्रकृति परिधि र परिणामलाई आधार बनाएर मूल्यांकन गरिन्छ ।

न्यायपालिका, व्यवस्थापिका र कार्यपालिका पछिको राज्यको चौथो अंग (Fourth Estate) को रुपमा लिएको सञ्चार माध्यम जहिले पनि राज्यप्रति पनि यसको स्वतन्त्रतामा अंकुश लगाउनु हुँदैन । तर सञ्चार माध्यमले स्वतन्त्रताको उपभोग गर्ने सवालमा न्यायपालिकालाई आघात पार्ने तथा अदालतको अवहेलना गर्ने जस्ता कृयाकलापप्रति सधै सचेत रहनु पर्ने हुन्छ । जिम्मेवार सञ्चार माध्यमले सवै

क्षेत्रमा त्यतिकै सतर्क भई कार्य गर्नु पर्दछ । अन्यथा त्यस्ता सञ्चार माध्यम अपराधको भागिदार वन्नु पर्दछ ।

न्यायाधिसको अपमान गर्नु, अदालतको विचारधिन मुद्दामा असर वा प्रभाव पार्नु, अदालतको काम कारवाहिमा, अवरोध पुऱ्याउनु, अदालतको आदेश वा फैसलाको अवज्ञा गर्नु अदालतको अवहेलना हो । तर सञ्चार माध्यमहरूले जानी जानी अदालतको अवहेलना गरेको भने पाइएको छैन । स्वच्छ न्याय सम्पादन हुन वाधा पर्ने तथा न्यायालयप्रति अनास्था सिर्जना हुने भएकोले सञ्चार माध्यमहरूले अदालतको अवहेलना गर्नु हुँदैन । तर नेपालको सन्दर्भमा नेपाली सञ्चार माध्यममा अदालतको अवहेलना सम्बन्धी विषयमा साप्ताहिक पत्रिकाले खेपेको कार्यबाट पाइएको छ । जुन साप्ताहिक *विमर्श*मा प्रकाशित कार्टुन काण्ड नै विशेष चर्चाको विषय वन्न पुग्यो ।

वर्तमान परिप्रेक्षलाई नियाल्ने हो भने अदालतको अवहेलना सम्वन्धमा खासै मुद्दा उजुरी भएको पाइएको छैन । सञ्चार माध्यम सम्बन्धी ठोस कानूनी व्यवस्थाको अभाव वा सञ्चारकर्मीले  अवहेलना सम्वन्धी यस्ता मुद्दा खेप्नु पर्ने कारण रहेको छ भने सञ्चार माध्यममा राजनीतिक, अपराध र अदालतसंग सम्वन्धीत विषयहरू अदालतको अवहेलना हुने गरी प्रस्तुत गरिन्छन् । अदालतको अवहेलनाको जिम्मेवार पक्ष सम्पादक, पत्रकार र प्रकाशक रहेको देखिन्छन् । सञ्चार माध्यमबाट अदालतको अवहेलना हुन नदिन सञ्चारकर्मीमा कानूनी व्यवस्थाको बारेमा चेतना हुनु पर्दछ । अदालती समाचार संकलन तथा सम्पादन गर्न सञ्चारकर्मीहरुमा कानूनी ज्ञान अख्तियार गर्न अति आवश्यक हुन्छ ।

सञ्चार माध्यमले अदालती समाचार संकलनका लागि कुनै निश्चित व्यक्ति विशेष मात्रलाई नखटाएको कारण समेत  पनि कहिले काही जानीनजानी त्यस्ता अदालतको अवहेलना सम्वन्धी मुद्दा खेप्नु पर्ने परिस्थिति आउन सक्दछ । त्यसैले पत्रकारिता पढेको र कानूनको राम्रो ज्ञान भएको व्यक्ति नै अदालती रिर्पोटर हुनु पर्दछ । सञ्चार माध्यममा अदालतको अवहेलना हुने सामग्री समाचार मार्फत, लेख

मार्फत वा कार्टुन मार्फत नै प्राय प्रस्तुत गरिएको हुन्छ । कुनै पनि सञ्चारकर्मीले आफ्नो कार्य क्षेत्रसंग सम्बन्धीत विषयमा प्रशिक्षण लिन जरुरी छ ।

अदालतको अवहेलना सम्बन्धी मुद्दा वढ्न नदिन सञ्चार माध्यम र यसमा काम गर्ने सञ्चारकर्मीले अदालतको काम कारवाहीलाई असर नपार्ने गरी अदालतको काम कारवाही सार्वजनिक गर्दछन् । यसरी अन्तत: समाजलाई फाइदा पुग्ने गरी तथा अदालतको अनियमितता सम्वन्धी  समाचार सम्प्रेषण गर्नु पर्दछ । तर कतिपय अवस्थामा अदालतको अवहेलना सम्वन्धी समाचार लेखनमा सूचना नदिने प्रवृति, गलत काम कारवाहीलाई ढाक्ने, कतिपय सार्वजनिक सरोकारका विषयमा सूचना लुकाउने प्रवृति र सञ्चारमाध्यम वा सञ्चारकर्मीदेखि टाढा रहन चाहने प्रवृतिले अप्ठ्यारो समेत पर्न सक्दछ ।

कुनै पनि वन्द इजलासका मुद्दा सार्वजनिक गर्नु हुँदैन । सञ्चारकर्मीले अदालतको अवहेलना सम्बन्धी समाचार सम्प्रेषण गर्दा सञ्चारकर्मीको काम कारवाहीले अदालतलाई प्रभाव पार्दछ । यसले अनियमितता घटाउँछ । यसरी सञ्चारकर्मीको काम कारवाहीले मुद्दामा नकरात्मक असर पार्दछ ।

त्यसैले अदालतको अवहेलना सम्वन्धमा दण्डात्मक, सुधारमूलक, पारदर्शीता तथा अदालतको काम कारवाही र मुद्दा सुनुवाइको सार्वजनिक प्रसारण हुनेगरी कानुनको निर्माण तथा तर्जुमा हुनु पर्दछ । अदालतको अवहेलना सम्बन्धी  मुद्दाका फैसलाका लागि नेपाली अदालतले अर्न्तराष्ट्रिय कानुनलाई पछ्याएको पाइन्छ । अदालत माथिको जनआस्था, विश्वास र मर्यादामा आघात पर्ने सम्वन्धमा सञ्चारकर्मीहरू सचेत रहन जरुरी छ । साथै अदालत सम्बन्धी मुद्दाहरुको उजुरी परेमा समेत त्यस्ता मुद्दाहरू समयमा नै टुंगो लगाउनु पर्दछ । यसबाट त्यस्ता फैसलाहरूले मर्यादित पत्रकारिताको विकास गर्नमा सघाउ पुऱ्याउँदछ ।

एक्काइसौं शताब्दीको आवश्यकतालाई परिपुर्ति गर्न र परिवर्तित विश्वको चुनैतिको सामना गर्न तथा शिक्षामा आएको विश्वव्यापीकरणलाई समेत मध्यनजर गरी पत्रकारिता शिक्षालाई विश्वविद्यालय स्तरमा पनि कायम राख्ने उद्देश्यले

विश्वविद्यालय अन्तर्गत रत्नराज्यलक्ष्मी क्याम्पस, पिपल्स  क्याम्पस लगायत निजी तथा सरकारी विश्वविद्यालयहरुमा प्रविणता प्रमाणपत्र (१०+२) को अध्यापन शुरुवात गरियो । यसरी आमसञ्चारप्रति दिनानुदिन वढ्दो आकर्षणका कारण नेपालमा नै अहिले पत्रकारिता विषय लिई उच्च शिक्षा हासिल गर्न सकिन्छ । तर पत्रकारिता विषय लिई अध्ययन गर्ने विद्यार्थीहरुका लागि पाठ्यक्रममा कानुनी ज्ञान समावेश गरिनु पर्ने आजको आवश्यकता देखिन्छ । हुन त पत्रकारिता तथा आमसञ्चार विषय लिई अध्ययन गर्ने सम्वन्धमा अदालतको अवहेलना (Contempt of Court) विषय समेत (१०+२) का विद्यार्थीहरुलाई पनि अध्ययन गर्नुपर्ने पाठ्क्रममा समेत समावेश गरिएको छ । अदालतको अवहेलना सम्बन्धी अल्पकालिन, मध्यकालिन तथा दीर्घकालिन तालिम तथा कार्यक्रम प्रक्षेपण गर्न जरुरी छ ।

कुनै पनि सञ्चार माध्यममा लाग्ने सञ्चारकर्मीहरुले समाचार सम्प्रेषण गर्दा कानुनको गहन अध्ययन र ज्ञानवाट मात्र समाचार सम्प्रेषण गर्नु पर्दछ । प्रेस कानुनको गहिरो अध्ययनवाट नै सञ्चार माध्यममा गलत कार्य सम्पन्न हुनवाट जोगाउदछ । जस्तै सुचना प्राप्त गर्ने अधिकारी सूचनाको गोपनियता अपनाउनु पर्ने तथा कुनै पनि सूचना प्रकाशन वा प्रसारण गर्नु पर्दा भविष्यमा त्यसले असर पार्छ पार्दन वा राज्यको कानुन सम्मत दृष्टिकोण रहेनरहेकोप्रति समेत विशेष ध्यान दिनु पर्दछ ।

सञ्चार माध्यममा कार्यरत सञ्चारकर्मीको  यदि प्रेस कानुन सम्बन्धी ज्ञान छ भने त्यस्ता सञ्चारकर्मीले अवश्य पनि समाजमा नकारात्मक प्रभाव पार्ने चिजलाई निरुत्साहित गर्दै समाजलाई सुसूचित गरी पत्रकारिताले सूचना मात्र नभई यसले जवाफदेहिताको समेत कार्य गरेको हुन्छ । राष्ट्रको चौथो अंगको रुपमा मान्यता प्राप्त भएको  सञ्चारमाध्यमलाई सदासर्वदा समाजमा पहरेदारको रुपमा भूमिका खेलेको हुन्छ ।

यसरी सञ्चार माध्यमहरुले के कस्ता कार्य गरिरहेको छ भन्ने प्रश्नमा सम्बन्धित निकायले (प्रेस काउन्सिल)  पनि सजग रही ती माध्यमहरुको गतिविधिमा

निगरानी गर्नु पर्दछ । साथै समय समयमा सञ्चारकर्मीहरुलाई आवश्यकता अनुरुप तालिमको पनि ब्यवस्था गर्नु पर्दछ । यस्तो तालिम विशेष गरी कानुनमा के कस्ता प्रावधान रहेको छ र त्यस्तो प्रावधानलाई व्यवहारमा कसरी प्रयोग गर्ने भन्ने चिज समय समयमा प्रशिक्षण दिनु आवश्यक हुन्छ । कानुन समाजको विकासक्रम सँगै परिर्वतन हुने भएकोले विगतमा जे जस्तो कानुनी प्रावधान रहेको छ वर्तमान अवस्थामा त्यसमा संसोधन तथा परिमार्जन हुनसक्छ । त्यसैले सञ्चारकर्मीमा अदालतको मानहानी सम्बन्धमा कानुनको गतिशील ज्ञान हुन अत्यावश्यक छ ।

# १२. सुझावहरू (Suggestion)

प्रेस स्वतन्त्रताको प्रत्याभूतिले पत्रकारहरूको मनोवल उच्च बनायो भने संविधानले निर्दिष्ट गरेको शिक्षा एवं तदनुरुप निर्माण भएको ऐन, नियम एवं कतिपय नीतिहरूले पत्रकारिता क्षेत्रको व्यापक विकास र विस्तार गरायो । अहिलेको जटिल परिवेशमा पनि पत्रकारिता क्षेत्र प्रगतिको दिशामा ठूल्ठूला फड्को मार्दै अगाडि वढिरहेको छ । पत्रकारिता क्षेत्रको विकास राष्ट्रिय विकासको एउटा अभिन्न अंग हो, यद्यपि यसका योगदान र प्रभाव एउटा मुलुकको परिधिमा मात्र सीमित रहँदैन । तसर्थ सञ्चारमाध्यमको संरक्षण, सम्वर्द्धन र उपयुक्त परिचालनप्रति सबैको चासो, चिन्ता र प्रतिवद्धता हुनु पर्दछ ।

प्रजातन्त्रको पुर्नस्थापना पश्चात पत्रकारिता क्षेत्र व्यवसायिक मूल्य मान्यतालाई आत्मसात गर्दै उत्साह र आत्मविश्वासकासाथ अगाडि वढिरहेको देखिएको छ । आज यस क्षेत्रको विकासको बाटोमा तेर्सिएका अवरोधहरूलाई उपेक्षा गर्न सकिदैन । प्रजातान्त्रिक र जनउत्तरदायित्वपूर्ण पद्धति भएको मुलुकमा राज्यले यस क्षेत्रप्रति  सहयोगात्मक, संवेदनशील र जवाफदेहीपूर्ण भूमिका निर्वाह गर्नुपर्ने हुन्छ । राज्यले कतिपय क्षेत्रमा आफ्नो दायित्व कम गर्दै प्रतिस्पर्धात्मक पद्धति अंगीकार गरे ता पनि आजको नेपाली पत्रकारितालाई राज्यको संरक्षण आवश्यक छ । प्रेस जगत आत्मनिर्भर हुन नसकेसम्म यसको भविष्यप्रति निश्चिन्त हुन सकिदैन । सञ्चार जगतको समग्र विकास राष्ट्रले विकास एकीकृत रुपमा सम्पूर्णता विकास हासिल गर्न सक्दैन । त्यसकारण सरकार प्रेसप्रतिको जिम्मेदारीबाट मुक्त हुन सक्दैन

न्यायपालिका, व्यवस्थापिका र कार्यपालिका पछिको राज्यको चौथो अंग (Fourth Estate) को रुपमा लिएको सञ्चार माध्यम जहिले पनि राज्यप्रति पनि यसको स्वतन्त्रतामा अंकुश लगाउन हुँदैन । तर सञ्चार माध्यमले स्वतन्त्रताको उपभोग गर्ने सवालमा न्यायपालिकालाई आघात पार्ने तथा अदालतको अवहेलना गर्ने जस्ता कृयाकलापप्रति सधै सचेत रहनु पर्ने हुन्छ । जिम्मेवार सञ्चार माध्यमले सवै क्षेत्रमा त्यत्तिकै सतर्क भई कार्य गर्नु पर्दछ । अन्यथा त्यस्ता सञ्चार माध्यम

अपराधको भागिदार वन्नु पदर्छ । तसर्थ सञ्चारमाध्यम र यसमा कार्यरत सञ्चारकर्मीहरुले निम्न लिखित वुँदाहरुमा ध्यान दिनु आवश्यक देखिन्छ ।

## १२.१ सञ्चारमाध्यमका लागि

(१) अदालत सम्बन्धी समाचार सम्प्रेषण गर्ने संवाददाताहरूलाई सम्बन्धीत जिम्मेवार निकायले कानुनी ज्ञान दिनु पर्दछ ।

(२) अदालती समाचार सम्प्रेषण गर्दा न्यायपालिकाप्रति आँच आउने किसिमको समाचार प्रकाशन गर्नु हुँदैन ।

(३) अदालती समाचार संकलनका लागि मुलतया कानून तथा पत्रकारिता सम्बन्धी ज्ञान भएको कुनै निश्चित व्यक्ति खटाउनु उपयुक्त हुन्छ । कानुनको ज्ञान नभएको व्यक्तिलाई अदालती समाचार संकलन गर्न लगाउनु उचित ठहर्दैन ।

(४) समाचार माध्यममा कार्यरत सञ्चारकर्मीहरुलाई अदालतको अवहेलना सम्वन्धमा के कस्ता कानुनी व्यवस्था कायम रहेको छ सो सम्वन्धी ज्ञान हुनु आवश्यक देखिन्छ ।

(५) पत्रकारिता क्षेत्रलाई व्यवसायिक र मर्यादित गर्ने उद्देश्यले पत्रकार महासंघ र प्रेस काउन्सिलले लागु गरेको जुन आचार संहिता छ सो भित्र रही सञ्चार माध्यमले आफ्नो काम तथा कर्तव्य कायम गर्नुपर्दछ । ती संस्थाले पनि त्यस्ता सञ्चार माध्यमहरूको समय समयमा निरीक्षण तथा अनुगमन गरी अनैतिक कार्य गर्न रोक्न लगाउनु पर्दछ ।

(६) राज्यको चौथो अंग (Fourth Estate) को रुपमा लिइएको सञ्चारमाध्यमले मुलुक र जनताको भारलाई  विकास गर्नेतिर सोच्नु नै पत्रकारिता अर्थात सञ्चार माध्यमको धर्म हो ।

(७) जो पत्रकारिता तथा आमसञ्चार विषय नलिई अभ्यासका आधारमा सञ्चार माध्यममा कार्यरत छन्, त्यस्ता सञ्चारकर्मीहरूलाई अदालतको अवहेलना

सम्बन्धमा छुट्टै किसिमले तालिम दिनु पर्दछ तत्पश्चात मात्र सो सम्बन्धमा कार्य गराउनु पर्दछ ।

(८) न्यायपालिका गरिमामय् पदमा आसिन व्यक्तित्वको बारेमा समाचार प्रकाशित गर्दा वास्तविकता छानविन गर्नु जरुरी हुन्छ ।

## १२.२ सञ्चारकर्मीका लागि

(१) अदालतको अवहेलना हुन नदिन प्रभावकारी कानुनको निर्माण हुनु पर्छ । यसको लागि सञ्चारकर्मीहरूमा कानुनी व्यवस्था सम्बन्धि चेतना हुनु जरुरी देखिन्छ ।

(२) संवाददाताहरुले के कस्ता विषयवस्तुहरुले अदालतको अवहेलना हुन्छ भन्ने विषय वस्तुप्रति हेक्का राख्नु जरुरी छ ।

(४) अदालती समाचार सम्प्रेषण गर्दा अदालती काम कारवाहीमा पर्ने असरहरू प्रति सञ्चारकर्मी सदासर्वदा सचेत हुनु पर्दछ ।

(५) अदालतमाथिको जनआस्था, विश्वास र मर्यादामा आघात पर्ने विषयवस्तु सम्प्रेषण गर्ने चिजप्रति सञ्चारकर्मी सचेत रहनु पर्दछ ।

(६) कुनै पनि सञ्चारकर्मीहरूले आफूले दक्षता आर्जन गर्न सक्ने सम्बन्धीत कार्यक्षेत्र अनुसार  विषयमा प्रशिक्षण लिन जरुरी देखिन्छ । त्यसैले जति पनि प्रकाशन वा प्रसारण माध्यमहरू छन् । ती माध्यमहरूले सो सम्बन्धमा उचित नीति, नियम तर्जूमा गर्न पर्ने देखिन्छ ।

(७) एउटा सम्वाददाताले सधैं आफ्नो पेशालाई मर्यादित तुल्याउन आवश्यक छ । तसर्थ यस पेशाप्रति कार्यरत सम्पूर्ण सञ्चारकर्मीहरूले के गर्दा अदालतको अवहेलना हुन्छ वा के गर्दा अदालतको अवहेलना हुँदैन भन्ने विषयमा स्पष्ट रुपमा बुझेर मात्र समाचार सम्प्रेषण गर्न जरुरी देखिन्छ । अन्यथा त्यस्ता समाचारहरूले कुनै पनि सञ्चार माध्यमलाई नकारात्मक प्रभाव पर्दछ ।

(८) अदालत सम्वन्धी कुनै पनि मुद्दामा नकारात्मक असर पर्ने  गरी वन्द इजलासका मुद्दा सार्वजनिक गर्नु हुँदैन ।

(९) व्यक्तिगत स्वार्थ नराखी स्वतन्त्र तथा निष्पक्ष ढंगबाट समाचार सम्प्रेषण गर्नु पर्दछ ।

(१०) कुनै पनि समाचारको प्रकाशन पूर्व, आचारसंहिताप्रति पत्रकार स्वयम् विश्वस्त हुन आवश्यक हुन्छ ।

(११) कुनैपनि सञ्चार माध्यममा समाचार सम्प्रेषण गर्दा कानुन सम्मत वा कानुन विरोध भएको छ भन्ने कुरामा सञ्चारकर्मीहरुको ध्यान आकृष्ट हुन जरुरी देखिन्छ ।

(१२) कानुनले मानिसको अनियन्त्रित क्रियाकलापलाई नियन्त्रण गरी समाजमा अनुशासन कायम गर्न मद्दत पुग्ने भएकोले सञ्चारकर्मीहरुले कानुनको गहन रुपमा अध्ययन गर्नु पर्दछ ।

## १२.३ उपचारका लागि

(१) अर्न्तराष्ट्रिय कानुनलाई पछ्याउनु भन्दा पनि ठोस नीति तथा कानुनहरु नै निर्माण गर्नु पर्दछ ।

(२) पत्रकारिताको मर्यादित विकासको लागि अदालतको अवहेलना सम्वन्धी मुद्दाको फैसला निष्पक्ष, पारदर्शी एवम् प्रजातान्त्रिक तवरबाट हल गर्नु पर्दछ । तसर्थ पत्रकारिता तथा कानुनको बारेमा ज्ञान भएको व्यक्तिलाई अदालती रिर्पोटिङ्गमा नै खटाउन बढी प्रभावकारी हुन्छ ।

(३) सञ्चार माध्यमहरूबाट अदालतको अवहेलना सम्बधमा परिणात्मक कमै मात्रामा मुद्दाको उजुरी भएता पनि यस्ता मुद्दा फेरी पनि दोहोरिन नदिन उचित नियम कानुनको व्यवस्था तथा कार्यान्वयन हुन आवश्यक देखिन्छ ।

(४) पत्रकारिता क्षेत्रमा संलग्न हुने सम्पूर्ण सञ्चारकर्मीहरूले पत्रकारिता आचार संहितलाई पालना गर्दै आफ्नो कार्यक्षेत्रमा अडिग रहि कानुन र कानुनी अवधारणालाई आत्मसाथ गर्न पर्दछ ।

(५) न्याय क्षेत्र संवेदनशील क्षेत्र हो । यससंग सरोकारका विषयमा समाचार संकलन, लेखन तथा सम्पादन गर्ने क्रममा सम्बन्धीत पक्षलाई पर्याप्त कानुनी ज्ञान, नीतिसंहिता, आचारसंहिता लगायतको विषय वहुआयमिक ज्ञान हुनु अत्यावश्यक पर्दछ ।

(६) अदालतले पनि अदालतको गरिमा कायम अवहेलना हुन नदिन सही यथार्थपरक र न्यायोचित रुपमा दुधको दुध पानीको पानी फैसला गर्नु पर्दछ ।

(७) सञ्चार माध्यममा देखा परेका अदालतको अवहेलना सम्बन्धी मुद्दा तथा उजुरीप्रति सदासर्वदा सिधै अदालत जाने परिपाटीको अन्त्य गरी त्यसलाई प्रेस काउन्सिलले वा अन्य जिम्मेवार निकाय वा विवादित व्यक्ति वा सम्बन्धित संस्थावाट नै परामर्श तथा नियन्त्रण गर्नु पर्दछ ।

(८) कुनै पनि विषयमा छानविन नगरी न्यायपालिका माथि अनास्था फैलाउने सामग्री प्रकाशन वा प्रसारण गर्नु हुँदैन । यसमा सञ्चारकर्मीहरु समेत सचेत रहन जरुरी छ ।

(९) अदालतका अवहेलना सम्बन्धी मुद्दा सम्वन्धी यर्थाथ तथा यथेस्ट रुपमा कानुनी उपचार स्पष्ट रुपमा उल्लेख गरिनु पर्दछ ।

(१०) अदालतको अवहेलना हुन गएमा के कस्ता दण्ड सजाय वा क्षतिपूर्ति गरिने हो सो सम्बन्धमा स्पष्ट रुपमा कानुनले तोक्नु पर्दछ ।

(११) अदालतको अवहेलना सम्बन्धमा दण्डात्मक, सुधारमूलक ,पारदर्शीता तथा अदालतको काम कारवाही र मुद्दाको सुनवाई सार्वजनिक प्रसारण हुने गरी कानुनको निमार्ण तथा तर्जुमा हुनुपर्दछ ।

## १२.४ शिक्षाका लागि

(१) सञ्चारकर्मीले समाचार सम्प्रेषण गर्दा अदालत मात्र होइन कुनै पनि व्यक्तिको मान प्रतिष्ठा र इज्जत माथि आघात पुऱ्याउने तथा हक अधिकार हनन गर्ने किसिमले समाचार सम्प्रेषण गर्नु हुँदैन । यसरी गाली वेइज्जती तथा अदालती

मानहानी सम्बन्धी विषयवस्तुप्रति अत्यन्त सम्वेदनशील भई विचार विमर्शको संवाहन गर्न अत्यावश्यक छ ।

(२) पत्रकारिता तथा आमसञ्चार विषय लिई अध्ययन गर्ने विद्यार्थीहरुको लागि अदालतको अवहेलना विषयक पाठ्यक्रममा समाहित गरी आवश्यक शिक्षामुलक कानुनी ज्ञान दिनु पर्दछ ।

(३) अदालती समाचार संकलन आफैमा जटिल विषय भएता पनि यो जनसरोकारको विषय हो । तसर्थ अदालत मातहतका कर्मचारीले न्याय सम्पादनमा असर नपर्ने गरी पारदर्शी रुपमा समाचारको विषयवस्तु सम्पादक तथा सञ्चारकर्मीहरूमा उपलब्ध गराउनु पर्दछ ।

(४) अदालतको काम कारवाही सार्वजनिक गर्दा समाजलाई फाइदा पुग्नेगरी अदालतको अनियमितता सम्बन्धी सबै क्षेत्रमा ध्यान पुऱ्याएर समाचार सम्प्रेषण गर्नु पर्दछ ।

(५) अदालतको मानहानि सम्बन्धमा सम्पूर्ण सञ्चार माध्यममा कार्यरत सञ्चारकर्मी एवं पत्रकारिता विषय लिई अध्ययनरत विद्यार्थीहरूले समेत यसतर्फ विशेष ध्यान पुऱ्याउनुका साथै सो सम्बन्धमा सजग रहनु पर्ने देखिन्छ ।

(६) पत्रकारिता तथा आमसञ्चार विषय लिई अध्ययन गर्ने विद्यार्थीहरूमा अदालतको अवहेलनाको विषयवस्तुतर्फ गहिरो अध्ययन गर्ने वातावरणको व्यवस्था गराउनु पर्दछ ।

(७) सञ्चार माध्यममा देखा परेका मुद्दाहरु सिधै अदालत जाने परिपाटी भएको कारण यस तर्फ सम्वन्धीत निकायका प्रेस काउन्सिलको समुचित रुपमा ध्यान जानु जरुरी देखिन्छ ।

# १३. विवादित विमर्श कार्टुन




प्रकाशित मिति २०४९कार्तिक २२

## १४. सर्वेक्षण प्रश्नावली

### त्रिभुवन विश्वविद्यालय, पत्रकारिता तथा आमसंचार केन्द्रीय विभाग
### स्नाकोत्तर तहको शोधपत्र पूरा गर्न तयार पारिएको प्रश्नावलीहरु

उत्तरदाताको

नाम................................

संस्था...............................

पद..................................

(कृपया चाहेको उत्तरमा ठीक चिन्ह दिनुहोस)

१.अदालतको अवहेलना भनेको के हो ?

(क) न्यायधिसको अपमान गर्नु

(ख) न्यायपालिकाका विचाराधिन मुद्दामा दख्खल दिनु

(ग) अदालतको काम कारवाहीमा अवरोध  पुऱ्याउनु

(घ) माथिका सबै

२.सञ्चार माध्यमहरुले जानी जानी अदालतको अवहेलना गरेको  पाउनु भएको छ ?

| | | |
|---|---|---|
| (क) छ | (ख) छैन | (ग) थाहा छैन |

३.अदालतको अवहेलना किन गर्नु हुदैन?

| | | |
|---|---|---|
| (क)स्वच्छ न्याय सम्पादन हुन बाधा पर्छ | (ख)न्यायलय प्रति अनास्था सिर्जना हुन्छ | व दुवै |

४.अदालतको अवहेलना सम्बन्धि मुद्दा बढी कुन छापा माध्यमले खेप्नु परेको छ ?

| | | | | |
|---|---|---|---|---|
| (क) दैनिक | (खसाप्तिाहिक ) | (ग) पाक्षिक | (घ) मासिक | (ङ)अन्य............. |

५.सञ्चार माध्यमले यस्ता मुद्दा खेप्नुको कारण?

| | | |
|---|---|---|
| (क)सञ्चारकर्मीहरुमा कानुनी ज्ञान नहुनु | (ख)सञ्चार माध्यम सम्वन्धि ठोस कानुनको कमि वा | (ग) अन्य |

६सञ्चार माध्यममा कस्ता विषयलाई अदालतको अवहेलना हुनेगरी प्रस्तुत गरिन्छन?

| | | | |
|---|---|---|---|
| (क) राजनीति | (ख) अपराध | (ग) अदालत संग सम्वन्धित विषयहरु | (घं)वा अन्य............................... |

७.अदालतको अवहेलनाको जिम्मेवार पक्ष कुन हो ?

| | | | |
|---|---|---|---|
| (क) सम्पादक | (ख) पत्रकार | (ग) प्रकाशक | (घं) वा सबै |

८.सञ्चार माध्यमबाट अदालतको अवहेलना हुन नदिन के हुनु पर्छ?

| | |
|---|---|
| (क) ठोस कानुनको निर्माण | (ख) सञ्चारकर्मीमा कानुनको दख्खल |

९.अदालती समाचार संकलन तथा सम्पादन गर्न सञ्चारकर्मीहरुमा कानुनी ज्ञान कतिको आवश्यक छ?

| | | | |
|---|---|---|---|
| (क) अत्यावश्यक | (ख) सामान्य ज्ञान | (ग) आवश्यक छैन | (घं) थाहा छैन |

१०.अदालतको अवहेलना सम्वन्धि मुद्दाका फैसलाले मर्यादित पत्रकारिताको विकास गरेको पाउनु भएको छ ?

| | | |
|---|---|---|
| (क) छ | (ख) छैन | (ग) थाहा छैन |

११.तपाईको सञ्चार माध्यमले अदालती समाचार संकलनका लागि कस्तो ब्यक्ति खटाएको छ?

| | | |
|---|---|---|
| (क)कानुन पढेको वा कानुनको बारेमा ज्ञान भएको | (ख)कानुनको बारेमा ज्ञान नभएको | (ग)कुनै निश्चित ब्यक्ति खटाइएको हुदैन,जसले पनि रिर्पोटिङ गर्छ |

१२.कस्ता अदालती वीट रिर्पोटर चाहिन्छ ?

| | | | | |
|---|---|---|---|---|
| (क) कानुनको विद्यार्थी | (ख) कानुन ब्यवसायमा संम्लग्न | (ग) पत्रकारिता पढेको | (घ) अन्य विषय पढेको | (ङ) प्रशिक्षण लिएको |

१३.सञ्चार माध्यममा अदालतको अवहेलना हुने सामाग्री कसरी प्रस्तुत गरिएका हुन्छन्?

| | | | | |
|---|---|---|---|---|
| (क) समाचार मार्फत | (ख) लेख मार्फत | (ग) कार्टुन मार्फत | (घ) सबै | (ङ) अन्य.................. |

१४.सञ्चारकर्मीहरुले आफ्नो कार्यक्षेत्र संग सम्वन्धित विषयमा प्रशिक्षण लिनु जरुरी छ?

| | |
|---|---|
| (क) छ | (ख) छैन |

लिएको भए

१)..........................................................................................................
..............................................................................................................
..............................................................................................................
..............................................................................................................
..............................................................................................................
..............................................................................................................
..............................................................................................................

२)..........................................................................................................
..............................................................................................................
..............................................................................................................
..............................................................................................................
..............................................................................................................
..............................................................................................................

३)..........................................................................................................
..............................................................................................................
..............................................................................................................
.......................................................................................

१५.अदालतको अवहेलना सम्वन्धी मुद्दाहरुको टुंगो समयमा नै लागेको पाउनु भएको छ वा छैन?

| | |
|---|---|
| (क ) छ | (ख)छैन |

१६.अदालतको अवहेलना सम्वन्धी मुद्दा बढ्न नदिन सञ्चार माध्यम र यसमा काम गर्ने सञ्चारकर्मीले कस्तो किसिमले समाचार सम्प्रेषण गर्नु पर्दछ?

| | | | | |
|---|---|---|---|---|
| (क) अदालतको काम कारवहीलाइ असर नपार्ने गरी | (ख)अदालतको मुद्दालाई असर नपार्ने गरी | (ग)अदालतको कामकारवाही सार्वजनिक गर्दा समाजलाई फाइदा पुग्ने गरी | (घ)अदालतको अनियमितता सम्वन्धी | (ङ)माथिका सबै |

१७. अदालतको अवहेलना सम्वन्धि समाचार लेखनमा कस्तो किसिमको अप्ठ्यारो परेको अनुभव गर्नु भएको छ ?

| | | | |
|---|---|---|---|
| (क) सूचना नलिने प्रवृति | (ख) गलत काम कारवाहीलाई ढाँक्ने | (ग)कतिपय सार्वजनिक सरोकारका विषयमा सूचना लुकाउने प्रवृति | (घ)सञ्चारमाध्यम र सञ्चारकर्मी देखि टाढा रहन चाहाने प्रवृति |

१८. सञ्चारकर्मीले अवहेलना सम्वन्धी समाचार लेखनमा कस्तो किसिमको अप्ठ्यारो परेको अनुभव गर्नु भएको छ ?

| | | | | |
|---|---|---|---|---|
| (क)सञ्चारकर्मीको काम कारवाहीले अदालतलाई प्रभाव पार्छ | (ख)अनियमितता घटाउँछ | (ग)सञ्चारकर्मीको काम कारवाहीले मुद्दामा नकरात्मक असर पार्छ | घ) वन्द इजलासका मुद्दा सार्वजनिक गर्न हुँदैन | (ङ)वा माथिका सब |

१९.अदालतको अवहेलना सम्बन्धमा कस्तो कानुनको निर्माण तथा तर्जुमा हुनुपर्दछ?

| | | | | |
|---|---|---|---|---|
| (क) दण्डनात्मक | (ख) सुधारमूलक | (ग)पारदर्शित | (घ)अदालतको काम कारवाही र मुद्दा सुनुवाईको सार्वजनिक प्रसारण हुने गरी | (ङ)वा माथिका सबै |

२०.अदालतको अवहेलना सम्वन्धि मुद्दाका फैसलाका लागि नेपाली अदालतले अन्तराष्ट्रिय कानुनलाई पछ्याएको पाइन्छ किन?

| | |
|---|---|
| (क ) पाइन्छ | (ख ) पाइन्दैन |

२१ अदालतमाथिको जनआस्था, विश्वास र मर्यादामा आघात पर्ने सम्वन्धमा सञ्चारकर्मीहरु सचेत रहन  जरुरी छ, किन?

| | |
|---|---|
| (क) छ | (ख) छैन |

यस सम्वन्धमा अन्य कुनै सरसल्लाह र सझाव

............................................................................................................................
............................................................................................................................
............................................................................................................................
............................................................................................................................
............................................................................................................................
............................................................................................................................
............................................................................................................................
............................................................................................................................
............................................................................................................................
............................................................................................................................
............................................................................................................................
............................................................................................................................
............................................................................................................................
............................................................................................................................
............................................................................................................................
............................................................................................................................
............................................................................................................................

(प्रश्नावलीहरु भरी सहयोग गरीदिनु भएकोमा धन्यवाद)

# १५. References

## सन्दर्भ सामग्री


१. *प्रेस विधि शास्त्र* - काशीराज दाहाल

२. *नेपालको छापाखाना र पत्रपत्रिकाको इतिहास* - ग्रीष्म वहादुर देवकोटा

३. *आमसंचार र कानून* - काशीराज दाहाल

४. *विश्वका प्रमुख संविधान* - डा. रत्न कमल

५. *संवैधानिक कानून* - राजेश हमाल, टंक प्रसाद दुलाल

६. *नेपालको संवैधानिक कानून* - दोश्रो जन्म २०५४

७. *न्यायिक आवाज* - स्ववियु नेपाल ल क्याम्पस

८. *तीसौं वार्षिक प्रतिवेदन* - प्रेस काउन्सिल नेपाल

९. *पत्रकारिता हाते किताव* - नेपाल प्रेस इन्ष्टिच्यूट

१०. *जिल्ला अदालत सन्दर्भ पुस्तिका* - सेर्लड

११. *Law Manual* - झा, यादव, गुप्ता

१२. *पत्रकारिताको सामान्य परिचय* - प्रबलराज पोखरेल

१३. *आम संचार र पत्रकारिता* - निर्मलमणि अधिकारी

१४. *आमसंचारको परिचय* - श्री राम खनाल

१५. *प्रयोगात्मक पत्रकारिता* - श्री राम खानाल

१६. *पत्रकारिता र कानून* - सुरेश आचार्य, शुभ शंकर कंडेल

१७. *विश्व इतिहास* - अच्यूत वावु कोइराला

१८. *न्यायदुत द्वैमासिक* वर्ष ३६ पूर्णाक १३६

१९. *न्यायदुत द्वैमासिक* वर्ष ३१ पूर्णाक १२०

२०. *न्यायदुत द्वैमासिक* वर्ष ३१ पूर्णाक ११८

२१. *साप्ताहिक विमर्श* २०४९ कार्तिक २१

२२. *साप्ताहिक विमर्श* २०४९ मंसीर ५

२३. *साप्ताहिक विमर्श* २०४९ मंसीर १२

२४. *साप्ताहिक विमर्श* २०४९ मंसीर १९

२५. *साप्ताहिक विमर्श* २०४९ मंसीर २६

२६. *साप्ताहिक विमर्श* २०४९ मंसीर २०

२७. *कान्तिपुर राष्ट्रिय दैनिक* २०६२ पुष १४

२८. *पत्रकारिता डटखोज* - कपिल काफ्ले

२९. *कार्यविधि कानून* - गुणनिधि न्यौपाने

३०. *प्रेस काउन्सील बुलेटिन* - नेपाल प्रेस काउन्सील

३१. www.hinduonnet.com

३२. www.lectlaw.com

३३. www.answer.com

३४. www.nolo.com

३५. www.yourright.org.com

३६. www.oscan.net

३७. www.thefreedictionary.com

३९. *अन्तरिम संविधान २०६३*

४०. *राजधानी दैनिक,* २०६३ असार २ गते

४१. *राजधानी दैनिक,* २०६३ वैशाख ६ गते

४२. *राजधानी दैनिक,* २०६३ ज्येष्ठ २६ गते